
# अनुभवहरु

• वर्ष २ • अङ्क १ • पूर्णाङ्क २






**२०५९ मंसिर ४ गते १३ औं अन्तरराष्ट्रिय बाल अधिकार दिवसमा गोरखापत्र र कान्तिपुर दैनिकमा प्रकाशित आह्वान**

# बालअधिकार सुशासनको आधार

### केन्द्रिय बाल कल्याण समिति र कन्सोर्टियमको संयुक्त आह्वान...

सन् १९८९ मा संयुक्त राष्ट्र संघले बालअधिकार महासन्धि पारित गऱ्यो । सन् १९९० तदानुसार २०४७ सालमा नेपालले पनि बालअधिकार महासन्धिमा अनुमोदन गरेर प्रतिबद्धता जाहेर गऱ्यो । महासन्धिका ती आधारभूत सिद्धान्तहरू र दिइएका सुविधाहरूले :

- ❖ बालबालिकाका जीवनमा कसरी सुधार ल्याउने त्यसबारे हामीसबैलाई मार्गदर्शन दिएको छ ।
- ❖ बालबालिकाको आफ्नो विचार र उनीहरूको जीवनमा परिवर्तन ल्याउन उनीहरूकै सक्रिय भूमिका र संलग्नतालाई यो महासन्धिले विशेष मान्यता दिएको छ ।

### परिवार र आमाबुबाहरुलाई हाम्रो आग्रह....

जब जब तपाईहरू कुनै निर्णय लिनुहुन्छ, तब तब आफ्ना छोराछोरीलाई उनीहरूका मनका कुरा र विचार पक्कै पनि सोध्न नबिर्सनुहोला र उनीहरूका विचारलाई कदर र मान्यता दिनु होला । किनभने, आफ्नो जीवनसँग सम्बन्धित कुराहरूमा विचार व्यक्त गर्ने र निर्णय लिँदा सहभागी हुने प्रत्येक बालबलिकाको अधिकार छ ।

आमाबाबाट कदर र मान्यता पाएका छोराछोरीहरू विकासको बाटोमा सधैं अगाडि रहन्छन् । के तपाईहरूले यसको महत्वबारे कहिल्यै सोच्नुभएको छ ?

### गाउँ विकास समितिहरु, सामुदायिक संघसंस्थाहरु र विद्यालयहरुलाई हाम्रो आग्रह....

तपाईहरूको समुदायमा पनि बालबालिकाहरू छन्, तिनीहरूका विचार व्यक्त गर्ने अधिकारलाई सम्मान गरौं । समुदायको भलाइ र विकासका लागि जब जब तपाईहरू कुनै निर्णय लिनुहुन्छ, त्यति बेला बालबालिकाको पनि विचार लिने प्रयास गर्नुहोस्, बालबालिकाहरू पनि त त्यही समुदायका अङ्ग हुन् । बालबलिकाको सर्वोत्तम हितबारे जान्नका लागि उनीहरू के भन्न चाहन्छन् त्यो सुनिदिनु पर्दैन र ?

### एकछिन यसबारे चिन्तन गरौं त...

सरकारका सबै निकायहरूसँग हाम्रो आग्रह...

राष्ट्रका बालबालिकाको आफ्नो चिन्तन, आफ्नो इच्छा आकांक्षाहरू, आफ्नो सपना र आफ्नो विचार व्यक्त गर्ने अधिकारको सम्मान गरौं । बालबालिकासँग सम्बन्धित योजना बनाउने बेलामा बालबालिकाको विचारको आह्वान गरौं । योजनामा उनीहरूलाई पनि सहभागी गराऔं ।

### आजका बालबालिका भोलिका

- ❖ मतदाता हुन्
- ❖ आमाबुबाहरू हुन्
- ❖ नेताहरू हुन्
- ❖ अगुवाहरू हुन्

तिनीहरूको हरेक क्षमता र सम्भावनाहरूको विकास गराउने कामना उनीहरूलाई पनि संलग्न गराऔं र यसरी मद्दत गरौं, जसबाट भोलि तिनीहरू आफ्ना सन्तानहरूको भविष्य उज्ज्वल पार्न आफैं सक्षम होऊन् ।

### के त्यसका लागि अब सोच्ने बेला आएन र ?

अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको आज तेह्रौं वार्षिकोत्सवको उपलक्ष्यमा हाम्रा बालबालिकाले पाउनुपर्ने सहभागिताको अधिकारबारे गरिएको यो आह्वान सबै पाठक महानुभावले व्यवहारमा परिणत गर्नुहुनेछ भन्ने हामीले आशा लिएका छौं । बालबालिकाको अधिकार राष्ट्रको हरेक कार्ययोजनामा बालबालिकालाई सर्वोपरि प्राथमिकता दिनु युगको हाँक हो ।

### हाम्रो लक्ष्य तथा आह्वान :

नेपालमा विद्यमान बालबालिकाहरूलाई अब दलितो पार्दै र विभाजन नगर्दै बालबालिकाको सहभागिताको अधिकार र नागरिक अधिकार साकार पार्ने ।

# अनुभवहरू

## नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) को

# प्रकाशन

वर्ष - २ अंक - १ पूर्णाङ्क - २

विषय-सूची


बाल सहभागिताको लागि एक उदाहरण -मेहर सिं थापा १

बाल क्लबका बालबालिका र मेरो उत्साह -प्रेम के.सी. २

बाल सहभागिताः केही उदाहणहरू -माधव लोहनी ३

सहभागितामा दलित बालबालिका -इन्द्रदेव चौधरी ४

अपाङ्गतामा रहेका........ -योगनाथ कँडेल ५

Issues of Bhutanese Refugee children -Yam P. Kharel ५

Taking Child Participation... -Jasmine Rajbhandary ७

बालअधिकार महासन्धिको सन्दर्भमा बालसहभागिता -चन्द्रिका खतिवडा ९

A Reflection on Save the childern's Children's Participation -Claire O'kane १३

राजा र मिनाको कथा १९

दीर्घकालीन विकासका लागि बालसहभागिता -चपला कोइराला २२

बालसहभागिताको सन्दर्भमा लालीगुँरास बालक्लब -शुक बहादुर गुरूङ्ग २४

बाल सहभागीतामा हेल्प नेपालको तेस्रो पाइला -रघु दाहाल २५

सिरहाका बालक्लबः एक चिनारी -नीर बहादुर आले २६

An Introduction to Child Brigade –S.K.Rahamathullah २७

बालबालिका तथा बातावरण सरोकार नेपाल र बाल सहभागिता -जियम बाबु श्रेष्ठ २९

Save the Children Norway-Zimbabwe - Caroline Chikoore ३४

बाल सहभागितको बारेमा केही कुरा -कुमार भट्टराई ३७

Sathsath's Experieces on Participation of street children -Jeremy Southton ३९

बालपत्रिका र बालबालिका - लोकेन्द्र शाक्य ४२

Children's Participation in Sri Lanka's Interactive Media Group -Uditha Gunarathe ४४

Statement of the SATF on Children’s Participation ४५

सन् २००२ का कन्सोर्टियमका मुख्य कार्यक्रमहरू ४७

प्रभावकारी अन्तरवार्ताको लागि ध्यान दिनु पर्ने केही कुराहरू ५०

एफोर्ड अवेरनेश एवार्ड २००२ ५२



**प्रकाशन कार्य समूह**
श्री विजय सैंजु
श्री चन्द्रिका खतिवडा
श्री ज्यास्मिन राजभण्डारी
श्री माधव प्रधान

**सम्पादन सहयोग**
श्री राजीवलोचन अधिकारी
श्री सुशीला अधिकारी

**नेपालीका शुद्धाशुद्धि**
श्री शिव लामिछाने

**फोटो**
कन्सोर्टियम र सदस्य संस्थाहरू

**ले-आउट/डिजाइन**
द मिराकल्स प्रा.लि.
पुतलीसडक
फोन नं. ४३१२६५
E-mail:
miracles@wlink.com.np

**मुद्रण** :
पारू अफसेट प्रेस
फोन नं. ४३०७९९

**प्रकाशक** :
नेपालका बालक्लबहरूसँग कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम)
पो.ब.नं. ६८२, काठमाडौं
फोन नं. : ५४२२०४

Email :
consortiun@mos.com.np

website:
www.childclubsconsortium.org.np

## सञ्चालक समितिको तर्फबाट ...

नेपालका बालक्लबसँग कार्यरत संस्थाहरूको साझा समूह कन्सोर्टियमले आफ्नो स्थापना कालदेखि बालबालिकाको हक, अधिकारलाई व्यवहारमा लागुगर्ने कार्यमा आफ्ना सदस्य संस्थालाई सघाउँदै आइरहेको व्यहोरा जनकारी गराउँदछौं । यस संस्थाले नेपालका बालक्लबहरूसँग सम्बन्धित रहेर प्रकाशन गर्न लागेको **"अनुभवहरू"** को यस दोश्रो अंक **"बालसहभागिता"** अंकको रुपमा यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा हामीले गौरव महसुस गरेका छौ ।

बालअधिकारको संरक्षण र प्रवर्धनका लागि बालसहभागिताको आवश्यकता तथा महत्वलाई आत्मसाथ गर्ने राष्ट्रिय एवं अन्तराष्ट्रिय गैहसरकारी संस्थाहरूको साझा समूह (कन्सोर्टियम)को स्थापना भएको कुरा यहाँहरुमा विदितै छ । यस संस्थाको कार्य व्यवस्थापन गर्न सात सदस्यीय सञ्चालक समिति, १५ सदस्यीय बालसल्लाहकार समिति, ३२ वटा सदस्य संस्थाहरू र एक सचिवालय रहेको छ । संस्थाले आफ्नो कार्ययोजना बमोजिम चरणबद्धरूपमा बालबालिकासँग कार्य गर्ने संस्थाका प्रतिनिधिहरूलाई सहजकर्ता तालिम सञ्चालन गर्दै आएको छ । गत वर्षदेखि बालसल्लाहकार मञ्चका बालबालिकाका सुझाव अनुसार बालबालिकालाई पनि बालक्लब सहजकर्ता तालिमको शुरूवात गरेको जानकारी गराउँदछौं ।

नेपालमा बालसहभागिताको क्षेत्रमा बालबालिका स्वयं जागरूक भई संगठित बन्दै गएको प्रसस्त उदाहरण देखिएका छन् । यसलाई उत्साहप्रद घटनाका रूपमा लिन सकिन्छ । कन्सोर्टियमका सदस्यहरूको सम्पर्कमा मात्र झण्डै १९०० (एक हजार नौ सय) बालक्लब-समूहहरु विभिन्न समुदायमा सक्रिय रहेका छन् । यस प्रसङ्गलाई राष्ट्रिय विकास प्रक्रियाको अभिन्न अङ्गको रुपमा बालबालिकले समाजमा स्थान एवं सम्मान पाउन थालेको सकारात्मक सन्दर्भका रूपमा लिन सकिन्छ ।

हामी यस प्रकाशनका लागि सामग्री उपलब्ध गराउनुहुने महानुभावहरूका साथै प्रकाशनको कार्यमा आ-आफ्नो क्षेत्रबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावहरु तथा संघसंस्थालाई हार्दिक धन्यवाद दिन चाहन्छौं । यहाँहरूबाट प्राप्त हुने अमुल्य सुझावले भविष्यमा यस प्रकाशनलाई अझ स्तरीय, सान्दर्भिक एवं स्रोतपूर्ण बनाउन टेवा पुऱ्याउने छ भन्ने कुरामा हामी विश्वस्त छौं ।

नूपुर भट्टाचार्य

नूपुर भट्टाचार्य
सञ्चलक समिति सदस्य
कन्सोर्टियम, कुपण्डोल, ललितपुर

# सहजकर्ताको अनुभवहरू

**अनुभवहरुको यस खण्डको पृष्ठ ६ सम्म हामीले कन्सोर्टियमका सदस्य संस्थाहरुमा कार्यरत बालक्लब सहजकर्ताहरुको अनुभवहरु समावेश गर्ने जमर्को गरेका छौं ।**

## बाल बिहानी कक्षा: बाल सहभागिताका लागि एक उदाहरण

❖ मेहर सिं थापा

"हैन ए यो मायाले कसरी समय पुऱ्याँउछिन् हो ? घरको काम गर्न पनि भ्याएकी छिन् बालक्लबको बैठकमा आउन पनि भ्याएकी छिन्, उता विहानमा साना बालबालिकालाई पनि पढाउन भ्याउँछिन् । फेरि स्कूलमा यिनको पढाइ राम्रै छ । फेल भएको अझसम्म थाहा छैन, अझ भएन भनेर बेलाबेलामा पुरस्कारसहित अबीर लगाएर रातै भएको पनि देखिन्छ ! मान्छेले गर्न चाहने हो भने त उमेरले, समयले नछेक्दोरहेछ हो ! साँच्चै यस गाउँमा बालक्लब खोलेपछि त सबै बालबालिका बुझ्झकी भएका छन् हो ! फेरि बालक्लबमा के ज्यादू रहेछ हो ? बालक्लब भनेपछि त सबै बालबालिका नै हुरूक्क हुन्छन्" । यस्तैयस्तै कुराहरू आजकाल यस क्षेत्रमा जताततै अभिभावकहरूले बोलेको कुरा गरेको सुन्न पाइन्छ ।

पाल्पा जिल्लाको दक्षिणपूर्वका विकट ६ वटा गा.वि.स.हरू देवीनगर, जल्पा, बहादुरपुर, सहवास, गोठादी र झडेवामा विशेषत: बालअधिकार बारेमा बालबचाउ नर्वेसँग कार्यक्रम सम्झौता गरी काम गरिरहेको समाजउत्थान सहयोग केन्द्र देवीनगर हालसम्म ७३ वटा बालक्लबहरूको संस्थागत विकासका लागि लागिपरेको छ । बालक्लबहरूले स्वस्फूर्त रूपमा विभिन्न रचनात्मक कामहरू गरि आएको छ । बालक्लबहरूले गरेका अन्य विभिन्न कामहरूमध्ये बाल विहानी कक्षा बालसहभागिता तथा बालकदेखि बालकसम्मको अवधारणाको एउटा राम्रो उदाहरण हो । यस संस्थाअन्तर्गत हाल १० वटा विहानीकक्षाका लागि सहयोग गरिएको छ । जसअन्तर्गत बालविकाससम्बन्धी तालिम, कक्षाका लागि मसलन्द सहयोग उपलब्ध गराइन्छ ।

यो अवधारणा कुनै सरकारी वा गैह्रसरकारी संस्थाहरूले ठूलो धनराशी खर्च गरी पाँच तारे होटलमा महंगो गोष्ठी गरी निकालिएको हैन । यो त केवल बालक्लबहरूले गर्दै आएको नियमित बैठकमा अब यस वर्ष के के काम गर्ने भनी छलफल गर्दा आफ्ना गाउँ-टोलमा रहेका साना बालबालिकालाई विहानको खाली समयमा कक्षा सञ्चालन गरी उनीहरूलाई शिक्षाप्रति अभिप्रेरित गर्ने भनी निर्णय गरी पालै पालो कक्षा सञ्चालन गर्ने जिम्मेवारी बाँडफाँड गरी सञ्चालन गरिएको एक सिर्जनात्मक कार्यक्रम हो । सामान्यत: स्कूल नजाने वा गए तापनि तीन कक्षाभन्दा मुनि पढ्दै गरेका बालबालिकालाई त्यस क्लबमा आवद्ध पाँच कक्षाभन्दा माथि पढ्ने बालबालिकाद्वारा आफ्नो क्षमता अनुसार पालैपालो कक्षा सञ्चालन गरिन्छ । कक्षामा सामान्य लेखपढ, गणितीय ज्ञान, अंग्रेजीका ब्यञ्जन हरू, सरसफाइ जस्ता कुराहरू बालअधिकारलाई दृष्टिगत गर्दै सौहार्दपूर्वक सञ्चालन गरिन्छ । यसमा शिक्षक र विद्यार्थीको भावना हुँदैन, यसमा त केवल साथीसाथीको व्यवहार हुन्छ । जसले गर्दा नजानेका कुराहरू निसंकोच सोध्ने र जानेका कुराहरू निसंकोच भन्ने वातावरण पाइन्छ । साँच्चिकै प्रजातन्त्रको सक्कली मुहार हेर्न पाइने यो विहानी कक्षा बच्चाहरूद्वारा विहान दुई घन्टा सञ्चालन गरिने भएकाले नै यसमा नाम सायद बालक्लबहरूले बालविहानी कक्षा राखेका होलान् । पढ्नेहरूलाई त फाइदा भयो भयो पढाउने बच्चाहरूलाई पनि आफूले पढाउनुपर्ने भएकाले ध्यानपूर्वक आफ्नो पाठ पढ्ने भएकाले दुवैलाई फाइदा पुग्ने र बालबालिकालाई केही प्राप्त हुने भएकाले बालक्लबको संस्थागत विकासमा ठूलो टेवा पुऱ्याउन सफल यस बाल विहानी कक्षा कार्यक्रम स्कूल टाढा हुने, कम स्कूल जाने, पढाइमा कम लाग्ने बालबालिकालाई वरदान नै सावित यस बाल विहानी कक्षा बालसहभागिताको एक अद्वितीय उदाहरण हो ।

शुरूशुरूमा अभिभावकहरूबाट केही असहयोग देखिएको यस कार्यक्रममा हाल आएर अभिभावकहरूबाट सकारात्मक

सहयोग पाइएको छ । यस बाल बिहानी कक्षालाई एउटा पाठ्यक्रमनै विकास गरेर सोही अनुसार लैजान सकिएमा अझ परिमार्जित हुने थियो ।

विहानी कक्षा कसरी सञ्चालन गरिन्छ ?

१) शुरूमा बालक्लबको बैठकमा छलफल गरिन्छ ।

२) स्कूल नजाने बालबालिका कति छन्  वा त्यस कक्षामा पढ्न इच्छुक बालबालिका कति छन् ? नामावली तयार पारिन्छ ।

३) त्यस कक्षामा पढाउन सक्ने र रूचि भएका ठूला बालबालिकाको पनि नामावली तयार पारिन्छ ।

४) अब विहान कति बेला सबैलाई अनुकुल हुन्छ ? छलफलबाट समय निर्धारण गरिन्छ ।

५) अब कसले कुन विषय पढाउन सक्छ भनी पढाउनेहरूका बीच छलफल गरी जिम्मेवारीको बाँडफाँड गरिन्छ ।

६) बाल विहानी कक्षाका लागि केही आवश्यक नियमहरू बनाइन्छ । जस्तैः

- विहानी कक्षामा नाम लेखाएपछि अनुपस्थित हुनेलाई के गर्ने ?
- ढिलो उपस्थित भएमा के गर्ने ?
- फोहर भएर आएमा के गर्ने ?
- पढाउने सहजकर्ता नआए के गर्ने ? (आफ्नो पालोमा)
- शनिवार विदा गर्ने कि नगर्ने ? आदि

७) यसरी सबै तयार भएपछि कहाँ कुन ठाउँमा जम्मा हुने भन्ने बारेमा पनि स्थान निर्धारण गर्ने ।

८) यसरी सबै तयार भएपछि विहानी कक्षा सञ्चालन गरिन्छ ।


*लेखक समाज उत्थान सहयोग केन्द्र देवीनगर, पाल्पाका कार्यक्रम संयोजक हुनुहुन्छ*

---

## बालक्लबका बालबालिका र मेरो उत्साह

❖ प्रेम के.सी.

हाम्रो समाजमा प्रायः बालबालिकालाई परम्परावादी सोचबाट मात्र हुर्ने गरिन्छ । त्यस्तै परिवेश पश्चिम तराईको बाँके जिल्लाको ग्रामीण क्षेत्रमा पनि रहेको छ । यहाँका बालबालिकाले उचित शिक्षा पाउन सकिरहेका छैनन् र कुपोषणले ग्रसित छन् । त्यहाँका बालबालिकामा गरीबी व्याप्त छ, जातीय, लैंगिक र धनी-गरिबबीच भेदभाव कायमै रहेको छ । यसबाट त्यहाका बालबालिकाहरू झन् उत्साहित हुँदै गएका छन् । हाल उनीहरू आफ्नो प्रयासले भ्याएसम्म बालविवाह हुन दिँदैनन्, बालबालिकालाई बालश्रममा नलगाउन दवाव दिने गर्छन् । सामाजिक विकृति र कुलतका विषयमा भित्तेपत्रिकामार्फत् सार्वजनिक रूपमा सचेतना फैलाउँदै आएका छन् । उनीहरू आफू पनि भेदभाव गर्दैनन् र अरूलाई पनि भेदभाव नगर्न आग्रह गर्दैछन् । बालसमूहमा आवद्ध बालबालिकाको आनीबानी, बोलीचालीले अरूलाई पनि प्रभाव परेको छ । अरू बालबालिकाले पनि उनीहरूको अनुशरण गरेको पाइन्छ ।



बालबालिकाको यस प्रयासमा समुदायका शिक्षक, बुद्धिजीवी, जनप्रतिनिधि, समाजसेवीहरूले उनीहरूलाई प्रोत्साहन दिनुपर्छ । उनीहरूलाई शिक्षा, स्वास्थ्य, सूचनाका अवसरहरू पर्याप्त मात्रामा उपलब्ध गराइनुपर्छ । उनीहरूलाई हौसलाको खाँचो छ । यति गरेमा बालबालिका समाजका असल नागरिकका रूपमा स्थापित हुनेछन् । यसबाट भविष्यमा त्यहाँ सभ्य र आदर्श समाजको स्थापना हुनेछ । समाजको प्रगति, विकासका बाटाहरू खुल्दै जानेछन् ।

*लेखक अफहा नेपालगंज्जमा कार्यरत हुनुहुन्छ*

# बालसहभागिता: केही उदाहरणहरू

❖ माधव लोहनी

गाउँनजिकै विद्यालय भएर पनि केही अभिभावकहरूले आफ्ना बालबालिकालाई विद्यालय नपठाई घाँस, दाउरा, मेलापातमा पठाएको कुरा नुवाकोट जिल्लाको श्री रणभुवनेश्वरी उच्च माध्यमिक विद्यालयमा गठन भएको सिविन नेपालसँग आबद्ध बालअधिकार मञ्चका सदस्यहरूले थाहा पाए । उनीहरूले अभिभावकलाई बालअधिकारसम्बन्धी कुरा बुझाए र हाम्रो देशमा निःशुल्क शिक्षा छ , त्यसो हुँदा बालबालिकालाई विद्यालय पठाउनुपर्छ भन्दै सामुहिक अनुरोध गरे । बालअधिकार भनेको घाँस, दाउरा, मेलापात नभएर पढ्न, लेख्न, खान, लाउन, माया र स्नेह पाउनु तथा बेला बेलामा स्वास्थ्य परीक्षण गराउन पाउनु हो भन्दै विद्यालय जानबाट विमुख बालबालिकालाई मञ्चका सदस्यहरूले विद्यालय पठाउने काम गरे । त्यस बेलादेखि नुवाकोटको त्यस विद्यालयका बालअधिकार मञ्चका भाइबहिनीलाई गाउँलेहरूले पनि सहयोग गर्न थाले ।


त्यस्तै गरी श्री नवदुर्गा नि.मा.वि. दलगाउँ भोजपुरमा गठन भएको बालअधिकार मञ्चको सक्रियतामा र स्थानीय जनताको सहयोगमा बाटो खन्ने काम सम्पन्न भयो । बालअधिकार मञ्चको सकृयतामा सो बाटो खन्ने काम सम्पन्न गरेको समाचार रेडियो नेपालको क्षेत्रीय प्रसारण सेवा धनकुटाबाट प्रसारण भएको थियो । त्यस्तै श्री मानेडाँडा मा.वि. वास्तीम भोजपुरमा गठन भएको मञ्चको सकृयताले "विद्यालयमा पोशाक अनिवार्यता" गरेको छ । यसो गर्दा विद्यालयमा तँछाड-मछाड र कोभन्दा को कम गरी विद्यालय आउने र आफ्नो अहम्पन देखाउने प्रवृत्ति पूर्ण रूपमा बन्द भएको छ । यसो गर्दा मञ्चलाई सबै अभिभावक र विद्यालय प्रशासनबाट पनि सहयोग प्राप्त भएको थियो ।

यस्तो सहभागितामूलक कार्यक्रममा सिविन नेपालसँग आवद्ध देशका २२ जिल्लाका २४० वटा विद्यालयमा गठन भएका मञ्चको सक्रियतामा विद्यालयबाट विद्यार्थीको सक्रियतामा वक्तृत्वकला प्रतियोगिता, निबन्ध प्रतियोगिता, विद्यालय पोशाक अनिवार्य कार्यक्रम, अन्तर्राष्ट्रिय बालअधिकार दिवस समारोह, विद्यालयमा ल्याएको पानीको मुहान सफागर्ने, भित्तेपत्रिका प्रकाशन, विद्यालयको नियमित सरसफाइ, मञ्चका गतिविधि साटा साट गर्न जिल्लास्तरीय भेला, दौड तथा सांस्कृतिक कार्यक्रम, विद्यार्थी विद्यार्थीबाट केही पैसा उठाई छात्रबृत्ति दिने समुदायमा भएका बालविवाहको विरोध, विद्यालय रहेको गा.वि.स.मा बालबालिकाको तथ्यांक सङ्कलन र बालअधिकारका पक्षमा जिल्ला बालकल्याण समितिका पदाधिकारीहरूसँग अन्तरक्रियाजस्ता कार्यक्रम गर्ने गरेको छ ।

सामाजिक सचेतना बृद्धि गर्न र भविष्यको राष्ट्रका सेवकका रूपमा रहेका बालबालिका पनि सक्रियरूपले अगाडि बढ्नुपर्छ भन्ने उद्देश्यले सिविनले विद्यालयमा "बालअधिकार मञ्च" गठन गर्ने अभियान शुरू गरेको हो । बालअधिकार मञ्च स्थानीयस्तरमा बालअधिकारको संरक्षण र प्रवर्द्धनका लागि सचेतना अभिबृद्धि गर्न सक्रिय रहन्छ, बालहितसम्बन्धि कार्यक्रमहरू सञ्चालन गर्न तथा विद्यार्थी स्वयंको व्यक्तित्वविकास एवं सृजनात्मक क्षमता अभिबृद्धिका निम्ति बालसहभागितालाई प्रवर्द्धन गर्छ ।

विद्यालयमा अध्ययनरत बालबालिका स्वयं बालअधिकारबारे सक्रिय रहन सकेका खण्डमा समाजमा उनीहरूको हित र भलाइका लागि थुप्रै सकरात्मक गतिविधि सञ्चालन गर्न सकिने छ । विद्यार्थीको चौतर्फी विकासका लागि यस मञ्चले विविध रचनात्मक र सृजनात्मक गतिविधिमा संलग्न गराई उनीहरूको क्षमता विकास तथा व्यक्तित्व विकासमा सहयोग पुग्नेछ साथै यस्तो कार्यले विद्यार्थीलाई भविष्यमा असल नागरिक भई सृजनशील कार्यमा लाग्ने अवसर प्रदान गर्नेछ । यस मञ्चले पढाइमा बाधा नपुग्ने गरी बालअधिकारसम्वन्धि आफ्ना गतिविधिलाई विद्यालयको प्रणालीभित्र पारी बालअधिकारको पक्षबाट सञ्चालन गरिएको छ । केही विद्यालयहरूमा भने यसको सकारात्मक असर प्राप्त हुन थालेको छ ।

आजभन्दा ७/८ वर्ष पहिले यस विषयका बारेमा जान्न



खोज्दा नौलो हुन्थ्यो र राजनैतिक कुराहरूलाई बढी प्राथमिकता दिइन्थ्यो । तर आज बालबालिकाको प्रसङ्ग सामाजिक संघ संस्थामा मात्र होइन, श्री ५ को सरकारले समेत "महिला तथा समाज कल्याण मन्त्रालय " मा "बालबालिका" थप गरी अहिले "महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय" भनी नामाकरण गरेको छ । बालबालिकाले पनि सहभागिताको अधिकारअन्तर्गत रहेर बालबालिकाका संस्थाहरू दर्ता गरेका छन् । यो प्रयास उनीहरूको सक्रिय सहभागिताका लागि सकरात्मक कामको थालनी हो ।

नेपालमा अहिले ३००० भन्दा बढी बालक्लबहरू सञ्चालन भइरहेका छन् । त्यसमा जागृति बालक्लब, बालचेतना समूह, बालअधिकार चेतना समूह, हालेमालो बालक्लब केही उदाहरणहरू हुन् । क्लब जसरी गठन भए तापनि यस प्रकारको गठन प्रक्रिया बालसहभागिताका क्षेत्रमा भएको एक उत्कृष्ट काम हो र यसको प्रशंसा गर्नै पर्छ । विभिन्न सामाजिक गतिविधि र विशेष गरी चेतनामूलक क्रियाकलापमा बालक्लबहरू सक्रिय रहेका छन् । उनीहरूका कार्यहरू र विचारहरू वयस्कहरूले कदर गर्नै पर्छ ।

बालसहभागिताले हाल बालसमूहमा सकारात्मक परिवर्तनहरू आएका छन् । बालसमूहको माध्यमबाट विद्यालय नजाने बालबालिका पनि नियमित रूपमा विद्यालय जाने भएका छन् । बालबालिकामा निर्णय गर्ने क्षमताको विकास भएको छ भने केहीले जिम्मेवारीको बोध पनि महसुस गर्ने थालेका छन् । यसबाट उनीहरूमा आत्माविश्वास बढेको छ । सामूहिक ढङ्गबाट काम गर्न र संस्था सञ्चालन गर्ने क्षमता बढेको र बालअधिकारको विषयमा वकालत गर्न सकेको पनि पाइएको छ । क्लबमा स्थानीयस्तरमा काम गर्ने निकायलाई काम गर्न सजिलो, प्रभावकारी कार्यक्रम सञ्चालन गर्न सहज र अनुगमन गर्न पनि अनुकूल पाइएको छ ।

अन्तमा, यसरी विद्यालय वा समुदायमा विभिन्न उद्देश्यले गठन भएका क्लब तथा, मञ्चहरूलाई पूर्णरूपमा बालबालिकालाई जिम्मा दिइनुपर्छ, नत्र भोलि बालबालिकासँग काम गर्ने संस्थाहरूले आफ्नो कार्यक्षेत्र छोड्दा बालक्लबहरू पनि सँगै छोडिन सक्छन् । त्यसो हुँदा उनीहरूलाई "यो मञ्च वा क्लब हाम्रो हो, हामीले यसको जगेर्ना गर्नुपर्छ" भन्ने भावनाको विकास हुन्छ र सबै पक्षबाट माया, हौसला, प्रशंसा, अवसर र मान्यता प्रदान मिल्दछ ।

*लेखक सिविनमा कार्यरत हुनुहुन्छ*

# 'सहभागितामा दलित बालबालिका'

❖ इन्द्रदेव चौधरी

हामी वयस्कहरू बालबालिकाका क्षमताप्रति शंका गर्ने गर्छौं । उनीहरूका विचार बुझ्ने प्रयास गर्दैनौं । हामीलाई राम्ररी थाहा छ यदि बालबालिकालाई छलफलमा बोलायौं भने पनि आफ्ना पूर्वनिर्धारित निर्णय नै लाद्न बल गर्छौं । बालबालिकाले आफ्ना सरोकारका विषयहरूमा विचार अभिव्यक्त गर्न सक्दछन् । के कुराले उनीहरूलाई राम्रो गर्छ र केले नराम्रो गर्छ भन्ने स्थानीय गैह्रसरकारी संस्थाहरूले बालबालिकाले पनि आफ्ना सरोकारका विषयमा प्रकट गर्न सक्छन भन्ने कुरामा विश्वस्त छ । अतः यस्ता संस्थाहरूले बालबालिकाको क्षमताको कदर गर्दछन् । बालबालिकाले समुदायमा/समाजमा आफूलाई नकारात्मक असर परे पनि बालसरोकारका मुद्दामा निर्णय गर्दा बाल सहभागितालाई बिर्सन नहुने हुन्छ । यसै मान्यतालाई आत्मसाथ गर्दै स्थानीय गैह्रसरकारी संस्थाले सन् २००१ देखि सिरह जिल्लाको जमदह, धनगढी, बिष्णुपुरकट्टी गा.वि.स.मा छुट्टै दलित बालक्लब गठन गरी ती बालबालिकासँग बालअधिकारका विभिन्न क्रियाकलापहरू गर्दै आएको छ ।

यी बालक्लबहरूका बालबालिकाका घरको आर्थिक स्थिति र पारिवारिक वातावरण स्वच्छ नभए तापनि आफ्नो अधिकार प्राप्त गर्न अथवा बलियो बनाउन, ज्ञानमा बृद्धि गर्न आफ्ना सर्वोत्तम हित, जीवन उपयोगी सीप, भेदभावजस्ता सिद्धान्तहरूलाई अरू बालक्लबहरूको कार्यशैलीको ज्ञान लिन हातेमालो गरी अगाडि बढिरहेका छन् । विभिन्न प्रतियोगितात्मक कार्यक्रमको आयोजना गर्नुका साथै सहभागिता पनि हुने गर्दछ । आज यी बालक्लबहरूले शिक्षा र भेदभावका (जातीय) विषयमा राम्रो परिवर्तन देखाएका छन् भने सहभागितासम्बन्धी मुद्दा लिई जिल्लाका विभिन्न गा.वि.स., टोल, स्थानीय सरोकारवाला संस्था, समुदायहरूमा बत्ती बाल्न पुगेका छन् । ❖

*लेखक भवानी एकीकृत विकास केन्द्र, सिराहामा कार्यरत हुनुहुन्छ*

# अपाङ्गतामा रहेका बालबालिकाको बालकल्वमा सक्रियता

❖ योगनाथ कँडेल

बि.सं. २०५० सालमा स्थापना भई समुदायको दिगो विकासका लागि तत्पर एक संस्था गाजा युवा क्लब हो । यसले अपाङ्गता भएका बालबालिकाका लागि शैक्षिक कार्यक्रम, बालशिक्षा, अभिभावक शिक्षा, सामुदायिक शिक्षा, समुदायमा आधारित बालविकास केन्द्रको स्थापना तथा बालबालिकाको क्लब निर्माण गर्ने जस्ता कार्यहरू गर्दै आइरहेको छ ।

भौगोलिक रूपमा, पहाडी क्षेत्र भएको बाग्लुङ्ग जिल्लाका केही गाउँहरूमा १२ वटा बालक्लबहरू स्थापना गरिएको छ । लेखानी गा.वि.स., विहुँ गा.वि.स. र नगरपालिकामा पनि क्लबहरू सञ्चालित छन् । तीमध्ये बाग्लुङ्ग नगरपालिका वार्ड नं. ८ लमगाउँमा एउटा नवबिहानी बालक्लबको स्थापना गरिएको छ । जसमा ३० सदस्यहरू हुनुहुन्छ । ११ जनाको कार्यसमिति भएको उक्त बालक्लबमा रेशमकुमारी थापा अध्यक्ष हुनुहुन्छ । शारीरिक रूपले अपाङ्गता रेशम कुमारी थापाले "शारिरीक अपाङ्गता हुँदैमा दिमागी अपाङ्गता भइदैन" भनी सक्रिय रूपमा संलग्न हुनुभएको छ । यस क्लबमा समाजले दलित भनिने परिवारका बालबालिका पनि सदस्य रहनुभएको छ । बालबालिकामा अधिकार र कर्तव्यहरूका बारेमा बालबालिकाका लागि केही कार्यक्रमहरू गर्नुपर्दछ भनी जिल्ला बालकल्याण समितिमा गई विभिन्न प्रक्रिया र उपाय गरी २ दिने गोष्ठी गर्न बाध्य बनाई बालबालिकाको हक हितका लागि कार्यक्रमको तर्जुमा गरेका छन् ।

समाजमा रहेको अपाङ्गता/साङ्ग बीचको भेदभाव हटाउन तथा जातीय भेदभाव हटाउन बालबालिका नै जुट्नुपर्दछ । बालबालिकाप्रति समान व्यवहार गर्दै गएमा पछि गएर भेदभावको कुरा नै आउँदैन भनी बालक्लबमा अपाङ्गता हुनुको कारण र रोकथामका बारेमा छलफल तथा अभिभावकहरूलाई सचेत बनाउनु पर्दछ भन्ने अभिप्रायले अभिभावक तथा बालबालिकाको भेला गाजा युवाक्लब र नवबिहानी बालक्लब लमगाउँको सक्रियतामा हालै ०५९।७८ गते सम्पन्न भएको छ । साथै क्लब गठन भए पश्चात वातावरणीय सरसफाइ कार्यक्रम र फोहोरमैलाका कारण स्वास्थ्यमा कस्तो असर पर्दछ भनेर जनचेतना जगाउने कार्यक्रम तथा बालबालिकालाई विद्यालयमा पढ्न पाउनुपर्दछ भन्ने मान्यताले अभिभावकहरूसँग छलफल गरी करिब १० जना बालबालिका विद्यालयमा भर्ना भएका छन् । तीमध्ये ५ जना अपाङ्गता भएका बालबालिका रहेका छन् । यसैगरी बाग्लुङ्ग नगरपालिकाको वार्ड नं. ३ मा गठित बालसमूहले १ जना बहिरा भाइलाई साङ्केतिक भाषा तालिम केन्द्रमा भर्ना गरेका छन् । यसैगरी वयस्कहरूले गर्न नसकेका कामहरू पनि बालबालिकाहरूले गर्दै आएको पाइएको छ ।

*लेखक गाजा युवाक्लब बाग्लुङ्गमा कार्यरत हुनुहुन्छ*


# Issues of Bhutanese Refugee children

❖ Yam Prasad Kharel, Beldangi –II, Sector G/2, Hut # 82

Children are like tender saplings which if given proper care bloom and provide fruits or else they wither away. Therefore if a nation needs to develop and flourish, children should always be put first.

Children throughout the world have different childhood's. There is never a single childhood. Children of the Bhutanese refugee camps are the ones who are living miserably, deprived of their homeland, basic fundamental rights and citizenship.

It is known to everyone that in the early 1990's, 30000 innocent children along with their parents had to leave their motherland. Unable to resist the abrupt change of habitat, the scorching heat, hunger, diseases and other misfortunes, many of these buds passed \away untimely at Maidhar. After the establishment of seven different camps in eastern Nepal the mortality rates partially improved. The life of refugee children remain unconditional and the situation of children was that of utter helplessness and hopelessness.



A ray of hope came when Save the Children Fund UK organised Children's Forum in all the seven camps on 6th August 1997.

The children's forum focussed on issues like violation of child rights, protecting children from unsociable influences, activities for physical and mental development of children and building their capacities so they can find alternatives and solutions to their own problems.

After the formation of the forum, children slowly yet steadily were able to advocate their problems in the national and international levels.The frequent conduction of other programs such as that of awareness, literary, cultural and artistic have let to developing capacitites, knowledge and skills of children of the camps.

Children expressed their concerns, problems and views when the United Nations High Commissioner for Refugees Madam Sadako Ogata visited the camps on 1st May 2000. They have also advocated on similar issues with Princess Anne from UK who visited the camps in November 2000.

There are many children in the camps who have proved their capacities on several occasions. Aita Singh Gurung of Beldangi II is an fine artist and her works have also been appreciated by Amnesty International. Lal Bahadur Gurung, a disabled child of Beldangi is an exceptional musician although being disabled and has proven that even disabled people can be able to perform enormous feats and wonders.

In 1998, three refugee children Tejman Rayaka, Ganga Rimal and Radhika Mishra attended the interantional conference in Geneva on child rights and HIV/AIDS. Ganga Adhikari of Beldangi II extension camp attnede the United Nations General Assembly Special Session on Children (UNGASS) on May 2002 and raised her voice on the issues like housing rights and early repartriation of Bhutanese refugees representing 50000 Bhutanese refugee children.

From January 1st 2001, UNHCR handed over the childrens program to Lutheran World Federation and the Bhutanese children are now under the shadow and supervision of LWF-Nepal Program. Bhutanese refugee children are very much concerned about their motherland. With immense hopes to regain their lost paradise, children have submitted several agencies and individuals. An annual magazine 'voices from exile' is also one of the achievements of Bhutanese refugee children.

The sole responsibility of driving the nation forward tomorrow lies in the hand of today's children. Therefore every individual, family, community, nation and world should think about childrens issues and give them first priority. The world today is that of chaos and disorder. Therefore to establish a tranquil and peaceful world, children are to be moulded accordingly so that the comingera may bask in the sunshine of prospertiy and harmony. ❖

# Taking Child Participation a Step Further:

## How Save the Children (UK) involved Children in its Staff Selection Process

- Jasmine Rajbhandary

Save the Children UK is an organisation that believes in children. In Nepal in partnerships with children, Save the Children UK (SC-UK) has been attempting to demonstrate the capacity and capability of children, in all the issues that we work in. In demonstrating to others, we have also over a period of about 3 years, convinced our own staff of the amazing power and potential of children, as well have started unpacking the role that we as organisations need to contribute to such partnerships with children. Save the Children advocates to others that children should be included in decision making processes; we therefore need to make a reality of children's involvement in SC's own decision making processes. As such, in addition to children's participation being one of the key approaches we work through, we also have attempted to develop a more central role for children in our own programmes and decision-making within it.

In order to give children a more explicit voice in decision making and respecting their right to participation in decision-making, during two of the most recent different hiring processes, SCUK has involved children in the selection of appropriate candidates for the available posts. This occurred over the period of one year and each time different lessons where integrated in the next time and new lessons learned.



Given the vast amount of work and time particular staff members are required to spend facilitating children, particularly groups of children, we have always considered facilitation (with communities and where possible with children) as one of our key person specifications. This does not mean that we see every position in SCUK as necessarily having child facilitation at its center, but a key amount of the field based jobs do require this. As such, in interview processes one of 4-6 questions has always been "What do you think are the criteria of a good facilitator?" For some there has been an additional question "What additional things do you see as required to be a good facilitator with children? "

The first time we involved children in our staff selection process, given that SCUK does not have projects in Kathmandu, Hatemalo childrens's group was requested to help us by allowing the candidates to facilitate them. We also at the end of the session asked the children what they thought of the candidates. The next time a post (Kathmandu based focused on documenting work in the field by talking with children involved in our projects) required us to test facilitation skills with children, the process involved children more heavily. The interviews were scheduled at a time where some children from two projects would be in Kathmandu. The children were requested to arrive ½ a day earlier than necessary for the workshop in which they were attending in Kathmandu.

There were about 8 children from two districts.

Prior to the facilitation we gathered the children earlier that morning and shared with them why they

were there, what we were asking for from them, we described the post that was vacant and the type of person we were looking for, as well as the process of selection and their role.

It was also made clear to them that this session, was only one stage of the many others the candidates would be selected based on. Questions were asked and clarifications made prior to the facilitation sessions. The group also reviewed the criteria for selection to ensure that they were all clear on what each criterion meant. This was provided to them in Nepali. We ensured that the children understood the process, what it is for them and their role within it.

The task was to facilitate a group of children to discuss "What is the most important message the children want to give SC (UK) and why?" within an hour. The candidate's ability to facilitate a group (adults or children) to express their issues/ experiences/ messages in Nepali was measured on the scale of 0-5 for each of the following:

Ability to make the group (all members) open with each other; ability to balance the power dynamics in the group; ability to make group comfortable with facilitator; ability to make the session enjoyable; ability to focus group's discussions; well prepared, and finally efficient use of time.

Three SCUK staff were observers in the sessions. (These same staff were also involved in other stages of the selection such as the selection of candidate based on the written exercise and final interview.) We sat in one corner and watched the process. After each session we graded the facilitator and had discussions with the children. As some facilitators asked for feedback during the sessions, much learning was done during the process

Some of the probing we did with the young people (in addition to the criteria) included

How did s/he do?
What do you think s/he did well?
What do you think s/he could/should have done (and did not)?
What did you like about him/her?
How do you think s/he would do if s/he got the job?
If we were to select candidate (A) what do you think s/he needs to improve on to do the job well?

The children made several good observations. They noted that one facilitator did not bother to ask the children's names; one was not able to communicate the main point to them; and one setting the seating arrangement in a participatory one (and one not doing so). They also noted that one talked only to the older children; one made a younger girl very conscious by trying to hard to get her to talk and one making the session fun.

For SCUK this process was extremely useful as it ultimately helped us select more appropriate person for the post. We also were able to weigh properly the facilitation skills and get a hint of the level of facilitation skills the candidate would use in the field. More importantly for us we also were able to gain the views of young people (some of whom this person would work with) on how well s/he would do.

The children also shared with us that they too enjoyed the process and were excited to be respected so much by adults and SCUK. They appreciated the first steps we took and looked forward to more of such participation of children in SCUK.

We again involved children in selection of a programme manager later in the year.

In the future, if and when we were to take yet a further step in involving children in decision-making, we would need to think more about the principles of democratic participation. Ideally, we would explain the already existing structures within SC, the level of the post being filled, the level of the other selection panelists; and we could explain the process and ask for volunteers to help us.

In fact the activity would consult children about the methods of involving them and the planning of the interview process as well as some other stages of the process. In fact we should strive to have a process for a system to be in built in SC UK's staff selection process which would involve children, and respect of their views and experience. ❖

*The author is Advocacy Unit Head at SC/UK*

# बालअधिकार महासन्धिको सन्दर्भमा बालसहभागिता

❖ चन्द्रिका खतिवडा

## विषय प्रवेश

कुनै पनि देशका बालबालिका त्यस देशको विकासका आधारस्तम्भ हुन् । बालबालिकाको सर्वाङ्गिण विकासविना देश विकासको परिकल्पना निरर्थक हुन्छ । आजका बालबालिका नै भोलिको समाजको विकासका सम्वाहक हुन् । सुन्दर र सभ्य समाजको निर्माणका लागि बालअधिकारको संरक्षण र प्रवर्द्धनमा सबैको सक्रियता अत्यन्त आवश्यक हुन्छ । भावी चुनौतीहरूको सामना गर्दै समाज र देशलाई विकासको पथमा अगाडि बढाउन सक्ने नागरिक भनेका आजका बालबालिका नै हुन् ।

नेपाल पनि संयुक्त राष्ट्रसंघबाट पारित भएको बालअधिकारसम्बन्धी महासन्धिमा सन् १९९० को सेप्टेम्बर १४ तारिखका दिन अनुमोदन गरी यो महासन्धिको राष्ट्रपक्ष भएको छ र नीतिगत रूपमा आफ्नो प्रतिबद्धता जनाइसकेको छ । यसै सन्दभमा देशको संवैधानिक प्रावधान र महासन्धिको सिद्धान्त एवं मर्म अनुसार बालबालिकासम्बन्धी ऐन, नियमहरूको तर्जुमा र संस्थागत संरचनाको व्यवस्था पनि गरिएका छन् । बालअधिकारसम्वन्धी महासन्धिले व्यवस्था गरिएका अधिकारहरूलाई बालबालिकाको बचावटको अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार गरी चार समूहमा व्यवस्थित गरी बुझ्ने समेत गरिएको छ । यसरी महासन्धिले सहभागिताको अधिकारलाई बालअधिकारको एउटा महत्वपूर्ण पक्षका रूपमा स्वीकार गरेको छ । यस लेखमा बालअधिकारसम्वन्धी महासन्धिको सन्दर्भमा बालसहभागिताको अधिकारका विविध पक्षहरूमा चर्चा गर्ने प्रयास गरिएको छ ।

## बालसहभागिताको अधिकार

बालअधिकारसम्वन्धी महासन्धि बालबालिकाको सहभागिताको अधिकारलाई मान्यता दिने पहिलो मानवअधिकार महासन्धि हो । बालसहभागिता बालअधिकार महासन्धिको आधारभूत सिद्धान्तसमेत हो । बालसहभागिताको यस प्रावधानले महासन्धिका अन्य धाराहरूको व्याख्यागर्नमा मार्गदर्शनसमेत गर्छ । यसर्थ यो प्रवधान महासन्धिले सबै अधिकारहरूको कार्यान्वयनको सवालमा समेत सान्दर्भिक छ ।

बालअधिकारका अन्य तीनवटा अधिकारक्षेत्रका तुलनामा बालसहभागिताको अधिकार सुनिश्चित गर्न स्रोत र साधनभन्दा पनि बालबालिकाप्रति वयस्कहरूको सोच तथा धारणासँग बढी सम्बन्धित हुन्छ । यसर्थ पनि बालसहभागिता बालबालिकाको बचावट विकास र सँरक्षण को अधिकारभन्दा पनि अझै विस्तृत छ । बालसहभागिताले बालबालिकालाई आफ्नो अधिकारको सम्बर्द्धनकर्ता बन्न सबल बनाउँछ । बालबालिकालाई अधिकारको धारक(Right Holders)का रूपमा सशक्त बनाउन सहभागिताको अधिकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

बालसहभागिता एक प्रक्रिया हो । यो निरन्तर चलिरहने कुरा हो र यसमा निरन्तरता हुनु आवश्यक हुन्छ । यसको शुरूवात घरपरिवार र समुदायदेखि सस्थागत रूपमा समेत हुन सक्दछ । र, यी सबै परिवेशमा बालसहभागिता सान्दर्भिक पनि देखिन्छ ।

बालसहभागिताले बालबालिकाको निर्णय गर्ने क्षमताको कदर गर्दछ । महासन्धिले बालबालिकाले आफूलाई सरोकार भएको विषयमा निर्णय प्रक्रियामा आफू पनि भाग लिन पाउनुपर्दछ भन्ने मान्यता राख्दछ । बालसहभागिताले उनीहरूलाई आफ्नो भावना, मनको कुरा व्यक्त गर्न पाउने, स्वतन्त्र अभिव्यक्ति दिन पाउने अधिकार सुनिश्चित गर्दछ । आफ्ना यस्ता विचार बालबालिकाले अन्य बालबालिका वा वयस्कसँग आदानप्रदान गर्दछन् र त्यसको उचित कदरसमेत हुनुपर्दछ ।

त्यसैगरी, परिवारलगायत अन्य सामुहिक भेला, छलफलमा बालबालिकाको संलग्नता, र संघसंस्था खोल्न पाउने कुरा समेतलाई यसले समेट्दछ । बालबालिकाको विचार, आवाज वयस्कले सुन्नु र त्यसको उचित रूपमा कदर हुनु पनि बालसहभागिताकै पक्ष हो । यसले बालबालिकाको प्रतिभा प्रस्फुटनको अवसर प्रदान गर्दछ । यसका लागि बालबालिकलाई उपयुक्त र पर्याप्त सूचना, जानकारी प्रदान गर्नु जिम्मेवार व्यक्ति तथा निकायको कर्तव्यसमेत रहन जान्छ ।

सामान्य सन्दर्भमा बालअधिकारलाई बालबालिकाको उमेर, अवस्था तथा विषेश रूपमा संरक्षणको आवश्यकताको परिप्रेक्ष्यमा आएको विशेष अधिकार ठान्न सकिन्छ । यसका अलावा बालबालिकाहरू समग्र मानवअधिकारको सन्दर्भमा

## बालअधिकारसम्बन्धी महासन्धिका आधारभूत सिद्धान्तहरू

### १. भेदभाव गर्न नहुने

बिना अपवाद सम्पूर्ण अधिकारहरू सम्पूर्ण बालबालिकालाई उपलब्ध हुनेछ भन्ने सिद्धान्त र तिनीहरूलाई कुनै पनि किसिमको भेदभावबाट जोगाउनुपर्ने राज्यको कर्तव्य हुनेछ। राज्यले कुनै पनि अधिकारको हनन् गर्नु हुँदैन, बरू ती अधिकारहरूको प्रबर्द्धनका लागि सकारात्मक कार्य गर्नुपर्दछ।

### २. बालबालिकाको सर्वोत्तम

हितबालबालिकाका सम्बन्धमा गरिने सम्पूर्ण क्रियाकलापहरूले उनीहरूको सर्वोत्तम हितलाई मध्यनजर राख्नेछन्। बाबुआमा वा अन्य जिम्मेवार अभिभावकहरूले बालबालिकाको हितमा काम गरेनन् भने राज्यले त्यस्ता बालवालिकालाई पर्याप्त स्याहार सम्भारको व्यवस्था गर्नुपर्नेछ। राज्यले तिनीहरूलाई जिम्मेवारी बोध गराई आ-आफ्नो दायित्व पालन गर्न सक्षम बनाउनुपर्दछ।

### ३. दीर्घजीवन र विकास

प्रत्येक बालबालिकाको वाँच्न पाउने जन्मसिद्ध अधिकार छ। राज्यपक्षले बालबालिकाको दीर्घजीवन र विकासका लागि यथासम्भव प्रयास गर्ने अठोट गर्नेछ। प्रत्येक परिवार र अभिभावकले बालबालिकाको दीर्घजीवन र समुचित विकासका निम्ति सुविधा पुऱ्याउने अठोट गर्ने दायित्व बुझ्नुपर्छ।

### ४. बालसहभागिता

बालबालिकालाई आफ्नो जीवनसँग सम्वन्धित कुनै पनि कुरा वा कार्यविधिका सम्बन्धमा विचार प्रकट गर्न पाउने र त्यस विचारको उचित मान्यता र कदर पाउनु पर्ने र निर्णय लिंदा सहभागी हुन पाउने अधिकार छ।

◆

समेत अधिकारका धारक हुन् भन्ने मान्यतालाई हामीले कदापि बिर्सनु हुँदैन।

समग्रमा हेर्दा बालसहभागिताले:

- बालबालिकाको सर्वोत्तम हितलाई ख्याल गर्दछ,
- कर्तव्य पूरा गर्न अवसर प्रदान गर्दछ,
- बालअधिकारप्रति सचेत हुन तथा बालअधिकार हननका विरूद्ध संगठित रूपमा आवाज उठाउन बालबालिकालाई सवल बनाउँछ,
- बालबालिकालाई जीवनका लागि आवश्यक सीप तथा शिक्षा पाउन प्रोत्साहित गर्दछ,
- बालबालिकालाई बालअधिकारको वकालत (संचेतना) लगायत अन्य यस्तै कार्यक्रममा सहभागी हुन वातावरण प्रदान गर्दछ,
- समस्या समाधानका लागि सीप सिक्न मद्दत गर्दछ,
- बालबालिकाको विचार एवं भावनाबारे छलफल गर्न वातावरण सिर्जना गर्दछ,
- बालबालिकासम्बन्धी कार्यक्रममा उनीहरूको विचार अभिव्यक्तिका लागि समेत वातावरण तयार गर्दछ,
- बालबालिकाको आत्मसम्मान बढाउँछ,
- भविष्यमा न्यायपूर्ण समाजको सिर्जना गर्नमा वातावरण तयार गर्दछ,
- बालबालिकाको प्रत्यक्ष वा अप्रत्यक्ष उपस्थिति, संलग्नतालाई अवसर सिर्जना गर्दछ।

बालसहभागिता कतिपय सन्दर्भमा वयस्कहरूको धारणा सँग सम्बन्धित हुन्छ। त्यसैले, बालसहभागिता बालबालिका तथा वयस्कहरूसँग सम्बन्धित बिषय हो। यसले एकातिर बालबालिकाको सशक्तीकरणका कुरा गर्दछ भने अर्कातिर त्यत्ति नै महत्वका साथ बालसहभागिताका लागि वयस्कहरूको तयारी/ तत्परता र क्षमता बढाउने कुराको समेत ख्याल राख्दछ।

बालसहभागिताका विभिन्न स्तर र स्वरूपहरू हुन सक्दछन् र यो कुन हद (Degree) मा प्रयोग गरिएको छ भन्ने सन्दर्भ समेतमा निर्भर रहन्छ। किनभने, बालसहभागिता बालबालिका हुर्केबढेको समाजको परिवेश/सन्दर्भका सापेक्षतामा हुन्छ।

बालसहभागिताका विभिन्न अर्थ तथा उद्देश्यहरू हुन सक्दछन्। यससम्बन्धी केही प्रसङ्गहरू यसप्रकार छलफल गर्न सकिन्छ :

- समूह संघसंस्था खोल्न पाउने स्वतन्त्रता (बालबालिकाका संघसंगठन)
- निर्णय प्रक्रियामा बालबालिकाको संलग्नता,
- बालबालिकाको प्रतिनिधित्व-अभिव्यक्ति, परामर्श,
- बालबालिकालाई सूचनाको पहुँच,
- बालबालिकाहरूबारे बुझाइमा अझ स्पष्टता,
- बालबालिकाका लागि तय भएका परियोजनाको अझ धेरै प्रभावकारिता र दक्षता,

- बालबालिकालाई वयस्क जीवनका लागि तयार गर्ने,
- आफ्नो सम्पूर्ण क्षमता र सम्भावनाहरू पुग्नेगरी बालबालिकालाई विकास गर्ने,
- वैयक्तिकता, सृजनात्मकता, समालोचनात्मक सोचको विकासको वातावरण तयार गर्नु,
- बालबालिकाको दायित्व बोधको विकास,
- बालबालिकालाई सक्षम नागरिक बनाउन प्रशिक्षित गर्ने,
- बालबालिकाको सीप विकास गर्ने (उदाहरणका लागि समाजमा सचेतना अभिवृद्धि गर्ने व्यक्तिका रूपमा बालबालिकाहरू)

यसैगरी, बालबालिकाहरूलाई प्रभाव पार्ने निर्णयहरूमा सबै तहमा सहभागी हुने, धेरै श्रोतहरूबाट सूचना प्राप्त गर्ने, आफ्नै संगठनहरूको निर्माण गर्न तथा आफ्नो धर्म पालन गर्ने अधिकार र स्वतन्त्रता छ ।

## आफूहरूलाई असर पार्ने सवालहरूमा निर्णय प्रक्रियामा नै बालबालिका किन सहभागी हुन चाहन्छन् ?

यसबाट बालबालिकाले

- नयाँ सीपहरू प्राप्त गर्छन् ,
- आफ्नो आत्म सम्मान बृद्धि गर्छन् ,
- बाल्यावस्थासँग सम्बन्धित निस्क्रियताको भावनालाई चुनौती दिन्छन् ,
- अधिकारको हनन र बेवास्तासँग जुध्न उनीहरू स्वयं नै सशक्त हुन्छन्
- आफ्ना मनमा लागेका कुराहरू भन्नका लागि आत्मविश्वास बटुल्दछन् ,
- कहिले कही वयस्कहरूले गल्ती गऱ्यौ भन्लान् भन्ठान्ने खालका सोचबाट मुक्त हुन सक्दछन् ,
- उनीहरूको योगदानले राम्रो निर्णय गर्न सहयोग पुगेको ठान्ने हुँदा थप प्रोत्साहनको वातावरण तयार हुन्छ ,
- आफ्ना सरोकारवाला मुद्दामा अरूले सुनिदिनु आफ्नो अधिकार ठान्छन् ,
- रमाइलो महसूस गर्छन् ,
- विभिन्न वातावरण, अनुभव र उमेरका बालबालिकासँग भेट्ने र अन्तरक्रिया गर्ने अवसर पाउँछन् ,

बालबालिकाको सहभागिता गराउँदा सम्वेदनशील निम्नानुसारका बालबालिका समूह तथा तत्सम्वधी पक्षहरूका बारेमा यथोचित ध्यान पुऱ्याउनु पदर्छ :


- सामान्य बालबालिका र विशेष आवश्यकताका बालबालिका (जस्तैः अपाङ्गता भएका, कठिन परिस्थितिका बालबालिका),
- संरक्षित अवस्थामा रहेका बालबालिका
- स्वतःस्फूर्त आफैं सहभागी हुने र प्रतिनिधित्व गराइएका बालवालिका,
- वयस्कले वा कुनै समुहले जिम्मेवारी पन्छाएको अवस्थामा सहभागि भएका बालबालिका ।

त्यसैगरी बालबालिका र वयस्कबीचको शक्तिसम्वन्ध पनि यसबारेमा गम्भीर रूपमा मनन गरिनुपर्ने सवाल हो । बालबालिका अधिकारवाला व्यक्तिहरू हुन् र दया मायाका पात्र होइनन् भन्ने सकारात्मक सोचले बालसहभागितालाई प्रभावकारी र उद्देश्यमूलक बनाउन पद्दत गर्दछ साथै बालबालिकाद्धारा शुरू भएको र वयस्क वा अन्य संघसंस्थाबाट शुरू गरिएको सहभागिताका बारेमा पनि यथोचित रूपमा बुझ्ने तथा त्यसलाई सहजीकरण गरिनु पर्दछ ।

## बालबालिकासँग काम गर्दाका केही सिकाइहरू

हामी बालबालिकासँग काम गर्ने व्यक्ति तथा संस्थाहरूले

- बालबालिकाका प्राथमिकता सुन्न तयार हुनुपर्छ ।





सानो उमेरमा नै बालबालिकाहरू परिवारिक तथा सामुदायिक जीवनमा, खेलकूदमा, विद्यालयमा र अन्य कामहरूमा सहभागी हुन्छन् । पारिवारिक तथा सामुदायिक जीवनमा सहभागी भएर उनीहरूले आफ्नो बारेमा अभिव्यक्ति दिन र निर्णयहरू गर्न सिक्दछन् ।

बालबालिकाहरूको विकासका लागि सहभागिता महत्वपूर्ण हुन्छ । सहभागिताले बालबालिकाको उदयोन्मुख क्षमताको प्रस्फूटन गर्नमा शक्ति र सामर्थ्य प्रदान गर्दछ । सानै उमेरदेखिको सहभागिताले प्रारम्भिक उत्प्रेरणा प्रदान गर्नुका साथै भावी जीवनमा सहभागीका लागि जग बसाल्ने काम गर्दछ । यसले उनीहरूमा सृजनात्मकता वढाउनुका साथै साथै नयाँ कुराहरू सिक्न उत्सुकता जगाउँछ । यसर्थ वढ्दो उमेर र परिपक्वता अनुसार सहभागी हुने अधिकार दावी गर्न र सामर्थ्यको विकास गर्न समेत सानै उमेरदेखिको सहभागिता आवश्यक छ । हामीले के सम्झनु पर्दछ भने बाल्यावस्थासम्वन्धी वयस्कहरूको अवधारणाले वालसहभागिताप्रति मात्र नभएर उनीहरूको सिङ्गो जीवनको समग्र मानसिकतालाई प्रभाव पार्दछ । त्यसलै सानै उमेरदेखि वालवालिकामा आत्मसम्मानको भावना विकास गर्ने मद्दत गर्न सानै देखि घर परिवार र समुदायले यस सम्वन्धमा उपयुक्त वातावरण तयार गर्न पहल गर्नुपर्दछ ।

बालबालिकाको सहभागिता संवर्द्धन गर्नु भनेको संस्थागत संरचनामा भाग लिनु र निश्चित उमेर पुगेपछि मात्र गरिने काम कदापि होइन । यो सानै उमेरदेखि परिवारवाटै शुरू भएर बालबालिकाको उमेर र परिपक्वता साथसाथै विकसित भएर जीवनप्रर्यन्त जारी रहन्छ । यसरी हेर्दा, बालसहभागिता वालअधिकारको समग्र सन्दर्भमा ज्यादै गहन र महत्वपूर्ण सवाल हो । सहभागिताले बालवालिकालाई पूर्ण रूपमा उनीहरूको हकअधिकार प्रत्याभूत गराउन मद्दत गर्नु साथै भविष्यामा सक्षम वयस्कका रूपमा तयार गर्ने सम्म यसको महत्व गाँसिएको हुन्छ । यसका लागि उचित वातावरण प्रदान गर्नु तथा सही रूपमा सहजीकरण गर्नु हामी सबै वयस्कहरूको कर्तव्य हो । ❖

*लेखक सेभ द चिल्ड्रेन, नर्वेका वरिष्ठ कार्यक्रम अधिकृत हुनुहुन्छ*

- के हासिल गर्न खोजेको हो त्यो स्पष्ट भएको हुनुपर्छ ।
- तय गरिएको कार्यको सीमावारे सचेत हुनुपर्छ ।
- आवश्यक अध्ययन- अनुसन्धान गरिएको हुनुपर्छ ।
- बालबालिकालाई सहभागी गराउने कार्य र विधिमा उनीहरूसँग यथेष्ट परामर्श गर्नुपर्छ ।
- बालबालिका सबै एकै किसिमका मात्र हुँदैनन् भन्ने कुरामा ध्यान दिनुपर्छ ।
- पर्याप्त समय दिन तयार रहनुपर्छ ।
- आवश्यक पर्ने स्रोत साधन जुटाउनुपर्छ ।
- बालबालिकासँग काम गर्दा सरोकारवाला वयस्कसँग पनि काम गर्नु पर्छ भन्ने कुरा विर्सनु हुन्न ।
- बालबालिकाले प्रस्तुत गर्ने चुनौतीको सामना गर्न आफू तयार हुनुपर्छ ।
- बालबालिकालाई हेयका दृष्टिले र दया, मायाका पात्रका रूपमा हेरिनु हुँदैन ।
- कुनै लक्ष्य र सूचक निर्धारण गर्दा बालबालिकाले सो विषयलाई राम्रो संग बुझी सक्रिय रूपमा भागलिन सक्षम बनाइएको हुनुपर्दछ ।
- बालवालिकाले पनि हामी वयस्कहरूले जस्तै गल्ती गर्न सक्छन् भन्ने कुरामा सचेत रहनुपर्छ ।

## साना उमेरका बालबालिकाहरू कसरी सहभागी हुन सक्दछन् त ?

बालबालिकाहरू धेरै सानो उमेरदेखि नै आफ्नो बारेमा धेरै तरिकाले अभिव्यक्त गर्न सक्छन् । धेरै जसो अवस्थामा मूल समस्या भनेको वयस्कहरूले त्यसलाई बुझ्न नसक्नु नै हो ।

# A Reflection on Save the Children's Children's Participation

- Claire O'Kane

## Introduction

This article shares some key proceedings of a one and half day workshop on children's participation and citizenship with Nepal colleagues from Save the Children, a few partner organizations and some members from District Child Welfare Committees/Boards in February 2002. The workshop enabled reflection, analysis and information-sharing on children's participation and citizenship processes and experiences in Nepal.

A range of interesting issues were discussed during the workshop concerning: significant changes in children's participation in Nepal that have occurred over time; ethical dilemmas faced whilst promoting children's participation, including issues concerning a clash of cultural values, risks of over-burdening children and concerns regarding discrimination and inclusion. Conceptual issues were also debated. Furthermore, the participants explored their vision of what Nepal would look like if children's participation and citizenship rights were recognized, and discussed how Save the Children and partners could creatively build upon our own and others strengths to sustain movement towards this vision.

## Timelines of Children's Participation in the Organisation

Working in Save the Children country teams the participants built a time-line highlighting significant benchmarks, events, initiatives which furthered children's participation and /or citizenship. Cards were also used to highlight what was most significant about their strategy for promoting children's participation; how challenges have changed over time; and what had been the most significant changes in the area of children's participation over time.

One example of the time line from Save the Children Norway is shown to highlight the changes over time. The time lines indicate the systematic support that has been given to enable the development of Child Clubs and networks amongst Child Clubs over time, as well as the increasing opportunities for children's involvement in national, regional and international policy developments.

Examples of what has been most significant about Save the Children member's strategy for Promoting Children's Participation/ Citizenship?

- Children's participation as a working principle
- Child Focused
- Children's empowerment approach
- Child rights institutions (e.g. Child Clubs) as one of the major areas of work
- Enhancing partners capacity for children's participation
- Rights based programme approach (since 1999)

## What is most significant about how challenges have changed over time?

- Children's participation was not given importance - now it is

### Time-Line of Children's Participation: Save the Children Norway & Partners

| | |
|---|---|
| 1988 | Child to Child/ NFE |
| | Children's Group/ Radio Listener's Group/ Child Club Formation |
| | Capacity Building |
| | Child Fairs |
| 1998 | Child Club Study |
| 1999 | Establishment of Child Club Consortium |
| 2000 | Participation in Children, Citizenship and Governance TOF |
| | Capacity Building of Organisations/ Child Clubs |
| 2001 | UNGASS/ GMC (children's participation) |
| | Project Document – Longitudinal Study of Child Clubs |
| | Change Makers Regional Meeting |
| | CRC Reporting and Public Hearings |
| | Consultation with children in the 10th Plan |
| | Save the Children Alliance – Common Framework of Operations |
| | Alliance children's participation Task Group |
| 2002 | Children's Advisory Group formed for the Child Club Consortium |

- Children's potentiality in now less undermined
- It was difficult to get support from adults for promoting children's participation – now it is easier
- VDCs were less interested in involving children in decision-making (now more interest)
- There were lower levels of girl's participation in leadership positions, now improved

### The most Significant Change in area of children's participation/ citizenship over time

- Increased opportunities for children's participation in policy development
- Children's participation is ensured at every level of programme planning, implementation and monitoring
- Recognition of children's works (participation) by families and community members
- Child Clubs have their own house/hut
- Registration of Child Clubs with VDC (Village Development Committees)
- Children's representatives in DCWB
- Development of Child Club Networks
- Children taking lead role on social issues like equal access to education, early marriage and anti-trafficking
- Children are organized and enhancing their own networking
- Children are communicating their issues through different media (e.g. street drama, wall magazines – child journalism)
- There is a more conducive environment (legal/ administrative) for children's participation (e.g. court decision on children's associations)
- Increased in Professional Human Resources and Collaboration for children's participation
- Children's participation in recruitment of field staff

The Nepal Alliance Group on Child Participation which developed in 2001 has been focusing on: empowering children as facilitators; preparing adults; enabling sharing and learning from each others programming and documentation for wider sharing. They are also planning a longitudinal study of the Child Clubs as an Alliance.

### Exploring the Concept of Children's Participation and Citizenship

Having reflected on some historical developments with regards to children's participation processes and opportunities in Nepal, the participants were encouraged to explore and clarify what theconcept of children's participation and/or citizenship really means to them in the Nepali context.

The two groups reflected that the underlying meaning of the two concepts were similar. However, notions of responsibility, respecting other's rights and accountability were stronger when discussing the concept of citizenship.

A definition of Children's Citizenship and Governance (CCG) from the Regional Save the Children CCG initiative was also discussed.

### A Definition of Children's Citizenship and Governance[1]

Children's citizenship and governance is about the active participation of <u>all</u> girls, boys and young people in the <u>family,</u> social, economic, political and cultural arenas. It is an incremental process in which they develop the skills, understanding and values to influence decision making and outcomes at the <u>family</u>, local, national and international levels in an

> **Case Examples: Children's Participation in DCWC**
>
> Pitamber Dhakal from DCWC Surkhet explained how their District Child Welfare Committee includes 17 members, of whom 2 are girls and 2 are boys. The children have contributed very much. They share the problems faced by children in a very frank way, so that the adults can develop responsive policies and programmes.
>
> Heramb Koirala, the President of DCWB Kaski explained that whilst their DCWC does not currently include child representatives, the adult committee members do frequently meet with the Child Clubs to listen to their views and they try to reflect their views in the development of their policies. Furthermore, like Surkhet they are also planning to include representation of girls and boys as part of their District Child Welfare Committee.

environment which recognises them as competent social actors.

Citizenship for children and young people empowers them to exercise their rights and responsibilities alongside adults in the interest both of their peers and others. Their participation challenges existing inequalities and the root causes of poverty and positively contributes to a more just and democratic world."

***Note:*** The words underlined are words which were added to the definition by participants in this workshop. In promoting children's participation and citizenship participants felt that it was crucial to work with children within the contexts of their families and local communities. Thus, the focus on children's participation in decision-making processes in the family was added.

There was also a very interesting discussion about what children's participation in the 'political' arena means and whether it was something we should be encouraging. The majority agreed that the term 'political' should be taken in a broader sense (not just concerning political parties). Furthermore, it was recognized that most action concerning child rights and child rights violations are political in nature. For example, issues which affect children in Nepal, such as poverty and access to quality education are political issues, as they involve power relations and distribution of resources. Thus, considering that children have a right to have a say in all decisions that affect them, it was seen as important for children to have a voice in the political arena if their rights are to be realized. Whilst there seemed to be a consensus that whilst children and young people should be kept away from party politics[2], it was felt that children and young people should have full information and access to local governance and national governance decision-making procedures. Children's voices should be heard within the political arena so that more effective programmes and policies can be made.

### Exploring Ethical Dilemmas, Critical Issues and Strategies to Address Them:

In most societies in the world adults have more power than children.

## Children's Citizenship Concept:

*"You are a citizen as long as you are active for yourselves and the community."*

It was also recognized that educated people are not necessarily good citizens.

Children's citizenship is concerned with getting access to fundamental rights of human beings:

- Getting information
- Understanding about one's rights and re specting other's rights
- Rights, Responsibilities and Accountability
- Best Interests
- Protection

Thus, it is essential to recognize and deal with ethical dilemmas that arise in practice so that children's participation can be enabled in genuine and sensitive ways.


Through work in pairs and small groups the participants were encouraged to identify and explore ethical dilemmas and critical issues faced whilst promoting children's active participation and citizenship. Once the issues had been shared in the large group, three working groups were formed to explore strategies for addressing specific ethical dilemmas in a responsible manner.

### Ethical Dilemmas Faced

The ethical dilemmas presented fell into three main groups concerning:

- Values
- Adults power and issues of over-burdening children





- Discrimination/ Inequality and Representation issues
- Values: social, cultural, religious
- In Nepali culture a child is socialized to be 'obedient' to her/his father, mother, school teacher. They are not encouraged to question adults[3].
- importance of child participation is not self-identified (within Nepal)[4].
- how to address negative values and cultures of communities
- Children are encouraged to be activists

## Adults vs Child - Power Relation

- Are we flexible / responsive to children's own agenda ?

## Over-burdened

- How to balance house –work/ family, school work and child club work
- Are adults pushing children to be matured very quickly (lost/ stolen childhoods) ?
- Are children over-burdened with responsibility ?
- Loosing children's innocence – participation to what extent ?

## Discrimination/ Inequality and Representation

- Not reaching to more disadvantaged groups
- Most talented getting opportunity
- Equal opportunity of girls and boys?
- Representation vs a Child on his/her own?
- 'Show piece' – children pulled out of school for visitors to see their Child Clubs

## Strategies to Overcome the Ethical Issues

3 Working Groups were formed to explore strategies for overcoming/minimising:

- Cultural Clash (respectful children who participate)
- Over-burdening, Lost childhoods
- Inclusion, Non-Discrimination and Fair Representation

## Minimising Cultural Clash (respectful children who participate)

- Search for positive examples
- Share information of best examples
- Talk about good practices in our culture (moral education)
- Frame policies which minimize culturalclash
- Give more responsibility
- Engage with families and communities (community socialization) in work with children

## Over-burden, Lost childhoods

- Change the participation approach: not to be determined or imposed by adults
- Enable family members to be aware of the importance and need for children's participation
- Equal opportunities for <u>all children</u>, rotate the leadership
- Train/develop children's skill to be selective to address or to work on one or two issues at a time
- Importance of mainstreaming education (and children's participation as part of school activities)

**Some case examples regarding children's attention to issues of discrimination and inclusion were also shared**

In 1995 in Jhapa the children from the Child Club came up with an election procedure and guidelines to ensure representation from dalit children. However, when the election took place they found out that no dalit children were elected. Thus, they decided to have another election during which a girl and a boy from the dalit community were elected.

- Enable children to explore ways/measures to reduce over-burdening

### Inclusion, Non-discrimination and Fair Representation

- Information sharing (Child Club purpose, why, how) to families and community level to enable skill/ knowledge transfer. Involve more marginalized children in family, community and government levels.
- Human resource development at community level
- Interaction on a regular basis with children to realize the issue
- Empowering children through transferring life skills
- Provide 'alternatives' for children and adults through 'friendly processes'
- Process and facilitation are often key
- Adults should not mention the criteria for children's selection/ election
- Allowing children to criticize the structures or functioning of Child Clubs
- Provide children and adults with the tools to look at the issue in the Child Clubs
- Minimise 'instruction' of agency to overcome 'limitations' and 'biasness' of facilitator or facilitating organization

### Dreaming of a Vision

A meditation technique was used to enable participants to have the time and space to dream of a world where children's participation and citizenship rights are realized. Participants were given 10-15 minutes to lie or sit in a comfortable position, to close their eyes to recall their most positive experiences of working in partnership with girls and boys. They were then encouraged to dream about what Nepal would look like if children's participation and citizenship rights were a reality (in the context of their families, communities, villages, towns, schools, and wider structures). After 15 minutes the participants shared key aspects of their vision.

### The Dream/ Vision

- Children are social actors – they have their own way of decision-making and they have institutions where adults listen to them

**Children's Participation Concept:**

Children's participation is about giving due regard to children's opinions at different levels (family, school, society, community, government).

**Children's participation involves:** freedom of expression, opportunity to explore the alternatives and positive obligation. Furthermore, children's voices should be integrated and mainstreamed into the policy, planning and development process.

- Civilised and well-developed country
- Reform through education and participation
- Better Childhood
- Healthy and happy children/ Smiling –everyone will be happy
- Violation-less society (fearless environment in the society for children)
- Peaceful 'a better and safer place to live'
- Quality of life fulfilling all basic rights
- No children who are starving, poor or illiterate
- Favourable environment
- All Nepali children are in school
- Morality and values
- Respectful relations between ALL age groups, people
- Increased accountability and establishment of good governance (today's active students being rulers of tomorrow)
- No jails for children - Children as jury members, representation by children's groups for those who break the law, psychologists, reform homes
- End of so-called digital divide

### Moving Confidently Towards our Vision

*Country Level Ideas*

- Organisation commitment to strengthen networking
- Maximising individual SC members strengths to geer up child club/ children's participation movement

- Develop strategic plan of Consortium (at least 3 years) with participation of children's advisory group
- Mainstreaming children's clubs in the Government Mechanism (community – VDC, schools; policy level – at district to national level)
- Further strengthening partnership with children and communities
- Further enhancing collaborative efforts (e.g. Consortium, DCWBs)
- Mechanism for regional networking of DCWBs (within Nepal)
- Sub-committee of DCWB at VDC level
- Develop resource persons within DCWB (who can train others on child rights and children's participation)
- Strengthen DCWB/DDC
- Develop child and young people resource persons
- Advocating/ interacting with other organizations to support the movement (e.g. scouts, junior red cross etc.)
- Introducing Children's Participation in the Juvenile Justice System
- Alternative dispute settlement
- Juvenile Justice Board/ Penal Reform Board
- Children's participation while sentencing
- Some type of Child jury
- Child managed correction/reform home
- Strengthen children's bench
- Institutionalise children's participation in the government mechanism
- Children's Commissioner
- Department of Child Welfare
- Teacher training/ Schools
- Child friendly
- No corporal punishment
- Children's participation is school policy and activity
- Study: research, documentation, sharing

*Regional Level (Potential Role of Alliance CCG Project)*

- Cross-country regional experience learning and sharing (interaction, sharing of tools and materials), critical evaluation of country programme
- Demonstrating practical examples of children's participation and citizenship to a wider audience for wider impact (advocacy)
- Academic discussion and analysis on children's participation (study, researches, best practices)
- DCWB's infrastructure – technical assistance
- Institutionalise regional alliance
- Incorporating/ promoting participation of children of early age

"You are a citizen as long as you are active for yourselves and the community."

***The author was Children Citizenship and Governance Project Coordinator at Save the Children Alliance (South and Central Asia) and presently with SC-UK, Afghanistan.***

**Footnotes:**

[1] based on definitions developed during SC-UK Cross-Regional workshop on Citizenship, 26-27 April 2001, as well as earlier definitions developed by SC UK OSCAR.

[2] Children/ Child Clubs also need to be enabled to protect themselves from some of the negative impacts of party politics

[3] An example was given about how God Ram is often used as a model for how children should obey their parents. Ram obeyed his father decision to send him into the jungle and how he never asked any question as to why he should go.

[4] It was felt that the original idea of children's participation was brought into Nepal from outside influences such as INGOs like Save the Children. Rather than being identified from within.

# राजा र मीनाको कथा

बालबालिकाको सहभागिताको अधिकार वयस्क र बालबालिका दुवैका निम्ति एउटा नयाँ अवधारणा हो। यसलाई बुझ्न र प्रयोगमा ल्याउन गाह्रो छ। तर यसो गर्न जरूरी छ किनभने अन्य सबै अधिकारहरू प्रत्यभूत गर्नका यो आधारभूत आवश्यकता हो। सहभागिता विना अन्य सबै अधिकारहरू केवल वयस्कहरूबाट सेवाको आश्वासन जस्तै मात्र हुन पुग्छ। त्यसैले यसलाई राम्ररी बुझ्ने तरिकाहरू हामीले खोज्नुपर्छ।

बालबालिकाका सहभागिताको अधिकारले बालबालिका र वयस्कहरूको साझेदारीप्रति संकेत गर्छ जो सधैं बढिरहेको छ र एक अर्काबीच आपसी सम्झौतामा केन्द्रित हुन्छ।

उक्त कथाले केही हदसम्म यो अवधारणालाई बुझाउने प्रयास गरेको छ र बालबालिका र वयस्क दुवैलाई एक अर्थपूर्ण सहभागिताको निम्ति तयारी गर्न मद्दत गर्छ भन्ने हामीले आशा लिएको छौं।

धेरै वर्षअधि, कुनै एक समयमा, सिफल देशमा राजा प्रकाशले राज्य गर्दथे। उनी एक असल राजा थिए र सबै प्रजालाई माया गर्थे। उनको शासनमा सबै प्रजा खुशी थिए।

उनको एउटै दोष थियो। अन्य वयस्कहरू जस्तै ती राजाले पनि बालक हुँदा कस्तो महसूस हुन्छ भन्ने कुरा बिर्सिएका थिए। उनले रूख चढ्न, चंङ्गा उडाउन, पानीमा भिज्दै खेल्दा आउने मज्जा, जाँच आउँदा लाग्ने डर र अरूको बारीबाट सुन्तला चोरेर खाँदा हुने रमाइलो जस्ता सबै कुराहरू सानै उमेरमा त्याग्नु परेकोले सबै बिर्सिएका थिए।

त्यसैले गर्दा उनले बालबालिकाका लागि कुनै पनि योजना बनाउन सकेका थिएनन्। राजालाई उनका मन्त्रीले बालवालिकाका लागि नीति वनाउनलाई विशेषज्ञहरूको समिति गठन गर्ने सल्लाह दिए। त्यसैले राजा प्रकाशले सबै भन्दा राम्रो शिक्षक, अभिभावक, खेलाडी र डाक्टरहरूको एउटा समिति बनाए।

समितिले दिन-रात, हप्तौं, महिनौं सूचना संकलन गर्ने, मोटामोटा किताबहरू पढ्ने, एक आपसमा छलफल गर्ने र सयौं पाना लेख्ने काम गर्‍यो। अन्तमा एक वर्षपछि सिफल राज्यका बालबालिकाका लागि समितिले नीति र योजना बनाएर राजालाई पेश गर्‍यो।

राजा अति खुशी भए र सबै प्रजालाई ठूलो सभामा डाकेर त्यस नीतिको घोषणा र मुख्य बुँदाहरू सार्वजनिक गर्ने निर्णय गरे। देशका चारै कुनामा यो सन्देश पठाइयो।

सबै मानिसहरू त्यस सभामा उपस्थित हुन तयारी गर्न थाले। सबै जना जाने भएकाले बालबालिकालाई पनि साथ लान कर लाग्यो, किनभने तिनीहरूलाई घरमा हेरचाह गर्ने कोही रहने भएनन्।

सभा साँच्चै नै भव्य थियो। सबैजना उपस्थित थिए किनभने सबैलाई बालबालिकाप्रति चासो र सरोकार थियो। बालबालिका कल्याण मन्त्रीले नीति र योजनाहरू प्रस्तुत गरे र कार्यक्रमका मुख्य बुँदाहरू बताए। तर सबैजना दुःखी देखिन्थे। त्यो नीति सुन्दा राम्रो थियो तर त्यसमा धेरै समस्याहरू थिए। तर कसैले राजालाई केही भन्न सकेनन् किनभने त्यसमा धेरै मेहनत परेको थियो।

त्यहाँ उपस्थित बालबालिकाहरू एकआपसमा कुरा गर्न थाले "राजाले हामीलाई थुप्रै स्कूलहरू दिन चाहेका छन्, तर शिक्षकहरूको हामीलाई पढाउने तरिकामा उनले केही नगर्ने रहेछन्!" उनको भनाई अनुसार हामी सबैजना स्कूल जानैपर्छ तर त्यहाँ पढाएको हामी केही पनि बुझ्दैनौं। "वहाँ अति दयालु हुनुहुन्छ त्यसैले हामीले काम गर्न हुँदैन भनेर मर्जी भयो तर कसले घाँसदाउरा गर्छ, पानी भर्छ र भाइ-बहिनीहरूको हेरचाह गर्छ र ? यस नीतिअनुसार हामी सबै ठूला भएर देशको लागि स्रोत र सक्रिय नागरिक हुनेछौं तर कसैले पनि हामीलाई त्यसको निम्ति मद्दत गरेको छैन"।

अझै पनि कसैले केही बोलेनन्। मीना नाम गरेकी एकजना बालिकालाई सहनै नसक्ने भयो। राजा दयालु र बुझ्झकी हुनुहुन्छ भन्ने मीनालाई थाहा थियो। उनी राजालाई राम्रो नीति बनाउन सहयोग गर्न चाहन्थिन्। साथै सबै बालबालिकालाई पनि सहयोग गर्न चाहन्थिन्। त्यसैले मीनाले केही भन्ने निर्णय गरिन्। भीडमा आफ्नो बाटो पन्छाउँदै मीना अगाडि पुगिन् र सकेसम्म ठूलो स्वरमा भनिन् "महाराज, म केही भन्न सक्छु ?"

राजाले तल हेरेर सोचे यो सानो केटीले ठूलाहरूको विषय के बुझेकी छे होली र, तर पनि राजाले मीनालाई बोल्न अनुमति दिए किनभने उनको राज्यको नियमअनुसार सबै प्रजालाई आफ्नो विचार अभिव्यक्त गर्न पाउने / भन्न पाउने अधिकार थियो र यो सानी बालिका पनि आखिर उनकै

राज्यकी प्रजा थिइन् ।

मीनाले विस्तारै आफ्नो कुरा शुरू गरिन् । त्यस नीतिमा समस्याहरू छन् भन्ने कुरा मीनाले व्याख्या गरिन् । यो नीतिको उद्देश्य राम्रो भएतापनि यसले बालबालिकालाई क्षति/हानि पुऱ्याउन सक्छ । मीनाले भनिन् त्यसको समाधान गर्ने हो भने त्यस समितिमा केही बालबालिका पनि समावेश

## पिंजडाको चरा

कुनै एक समयमा एउटा गाउँमा रेशम नामको मान्छे थियो । त्यस मान्छेको काकाको मृत्यु भयो र काको मृत्युपछि अंशमा त्यसले एउटा ठूलो घर पाएछ । त्यस घरमा एउटा पिंजडामा एउटा चरा पनि रहेछ । तर, रेशमलाई चराचुरूङ्गी पटक्कै मन पर्दोरहेनछ । चरा केवल हेरिने वस्तु हो, सुनिने होइन भन्ने रेशमलाई लाग्थ्यो र हरेकपटक त्यस चराले सुरिलो धुनमा गाउँदा रेशमले चरालाई चूप नलागुन्जेल खुब पिट्थ्यो । त्यसैले त्यस चराले अब गाउन छाड्यो । पिंजडालाई उसले सधैं नदेख्ने ठाउँमा राख्यो । त्यसैले त्यो चरा एक्लै हुँदा र साह्रै दुःखी भयो । उसले चरालाई हत्तपत्त खान पनि दिएन । त्यो चरा साह्रै कमजोर भयो । उसले चाँडै त्यो चराको मृत्यु भएको भेट्यो ।

तर त्यही गाउँमा एउटा अर्को त्यस्तो मान्छे थियो जसले चराचुरूङ्गी मन पराउँथ्यो । उसलाई एउटा राम्रो गाउँने चरा पाल्ने रहर चल्यो । त्यसैले त्यो मान्छेले एउटा चरा किन्यो । त्यस चरालाई सबै सुविस्ता दिने उसले संकल्प पनि गऱ्यो । उसलाई मनपर्ने कुराहरू त्यो चरालाई पनि मनपर्छ भन्ने उसले सोच्यो । त्यसैले उसले चरालाई सुनको पिंजडा र महँगो सूट किनिदियो । त्यस चरालाई उसको प्रिय महँगो विदेशी चुरोट र रक्सी पनि राख्यो । भान्सेलाई स्वादिष्ट व्यञ्जन र अन्य खानेकुराहरू बनाउने आदेश दियो । चराका लागि एउटा उत्कृष्ट संगीत-शिक्षक पनि राखिदियो ।

तर चराले गाउन छोड्यो । त्यो महँगो भारी सूटमा चरालाई सास फेर्न पनि गाह्रो हुन्थ्यो र त्यसले रक्सी र अन्य व्यन्जनहरू पनि खान रूचाउँदैनथ्यो । चुरोट त चरालाई मनै पर्दैनथ्यो । र, संगीत शिक्षकले पढाएको पनि बुझ्दैनथ्यो ।

त्यसैले अब मान्छेलाई रिस उठ्यो । उसले भन्यो- "तिमी अति अगुणी चरा रहेछौ, मैले त्यस्ता राम्रा कुराहरू दिँदा पनि तिमीले प्रशंसा गरेनौ । मैले तिम्रो निम्ति त्यतिका कुरा गर्दा पनि तिमीले मेरा लागि एउटा सानो कुरा पनि गर्दैनौं ?"

चराले केही उत्तर दिएन । उसका आवश्यकताहरू अर्कै छन् भन्ने कुरा त्यस मान्छेले कहिल्य पनि बुझ्दैन भन्ने उसलाई थाहा थियो । कमजोर भएकाले ऊसँग तर्क गर्ने शक्ति पनि थिएन । विस्तारै ऊ झोक्रिँदै गयो र एकदिन यो चराको पनि मृत्यु भयो ।

अब एउटा अर्को मान्छे थियो । उसले पनि चराचुरूङ्गी अति मन पराउथ्यो । तर उस्ले बुझेको थियो, चरालाई राम्रो स्याहारसुसार गर्न उसले पहिले नै सिक्नुपर्छ । त्यसैले उसले चराचुरूङ्गीको अधिकार महासन्धि, चराचुरूङ्गीको विकासक्रम, चराचुरूङ्गीको मनोविज्ञान, पोषण, शिक्षा र मनोरञ्जनका किताबहरू किन्यो । उसले यी सबै किताबहरूको गहिरो अध्ययन गऱ्यो । एउटा राम्रो र ठूलो पिंजडा किन्यो, त्यसमा एउटा सानो पिंजडा जडान गऱ्यो । चरालाई स्वास्थ्यपूर्ण फलफूल, सागसब्जीलगायत सन्तुलित आहार दियो । पिंजडालाई घाम र हावा दुवै प्राप्त हुने ठाउँमा राख्यो । चरालाई गाउन प्रोत्साहन गर्थ्यो र उसको सुरिलो स्वरको खुल्ला हृदयले प्रशंसा पनि गर्थ्यो । यो चराले भरपूर घाम ताप्थ्यो र राम्ररी खानपिन पनि गर्थ्यो । उसका सबै आवश्यकताहरू पूरा भए । ऊ स्वस्थ्य र ढुक्क थियो । उक्त चरा र मान्छेले आजीवन खुशीका साथ जीवन बिताए ।

**"तिमी चरा भएको भए कुन मान्छेसँग बस्न रुचाउँथ्यौ र किन ?"**

अनि एउटा अर्की महिला थिइन् । यी महिला पनि चराचुरूङ्गी असाध्यै मन पराउँथिन् र पंक्षीको सम्मान पनि गर्थिन् । एक दिन उनी बगैंचामा घुम्न जाँदा एउटा भँगेराको बच्चालाई कागहरूले लखेटिरहेका थिए । उनले भँगेरालाई बचाइन् र घर लगेर त्यसको हेरचाह गर्ने अठोट गरिन् । घर फर्कँदा उनले फलफूल र चराको बारेमा जानकारी भएका सबै किताबहरू किनिन् । तर ती महिलाले पिंजडाचाँहि किनिनन् । तर उनले आफ्नो घरको वातावरण सुरक्षित बनाइन् र त्यो चरालाई स्वयं आफ्नो सुरक्षा गर्न सिकाइन् ।

उनले चराचुरूङ्गीबारे किनेका सबै किताबहरू पढिन् । तर, ती किताबहरूलाई पर सारेर /पन्छाएर चरासँग कुरा गर्न थालिन् । तिनीहरू घण्टौं कुरा गर्थे, विभिन्न विषयहरूमा छलफल गर्थे । तिनीहरूले एकअर्कालाई आफ्नो सबै कुराहरू भन्थे । तिनीहरूलाई एकअर्काको मन पर्ने र मन नपर्ने सबै कुरा थाहा भयो । तिनीहरूले आफ्नो जीवनका योजना संगै बनाए ।

त्यस चराले अरू चराहरूलाई पनि आफूजस्तै खुशी रहन सहयोग गर्ने निर्णय गऱ्यो । विशेष ती चराहरू, जसले यो चराजस्तो स्नेह र स्याहारसुसार गर्ने कोही पाएका थिएनन् । त्यसैले त्यस चराले अन्य चराहरूलाई भेला गरेर कुराकानी गर्न थाल्यो । उनीहरूले समूह गठन गरेर आफ्नो स्थितिमा सुधार गर्ने तरिकाहरू खोज्न थाले र एकअर्काको सहयोग गर्न थाले ।

ती महिलाले पनि अन्य स्याहारसुसार गर्नेहरूलाई भेला गरेर चराहरूको सर्वोत्तम हितकाबारेमा कुरा गरेर मद्दत गरिन् ।

ती महिला र भँगेराले एकअर्कालाई सहयोग गर्थे र सरसल्लाह बाँड्थे । तिनीरूले जानेका कुराहरू एकअर्कालाई सिकाउँथे । तिनीहरूले आफ्नो सुख-दुःख, आकांक्षा र भयहरू एक अर्कासँग बाँड्थे । यी महिला र भँगेरा आजीवन खुसीका साथ मित्र र सहयोगी /साझेदार भएर जीवन बिताए । ❖

हुनुपर्छ, किनभने "हाम्रो स्थिति हामीलाई मात्र सबैभन्दा राम्ररी थाहा हुन्छ"।

राजालाई यो उपाय अति राम्रो लाग्यो। उनले मीनालाई धन्यवाद दिए र त्यसै गर्छु भने। भोलिपल्ट राजाले आफ्नो मन्त्रीलाई राज्यका चारजना सबैभन्दा उत्कृष्ट बालबालिका चयन गर्ने आज्ञा दिए। ग्रामीण क्षेत्रबाट एक बालक तथा एक बालिका र शहरीक्षेत्रबाट पनि एकजना बालक र एकजना बालिका छनौट गर्ने निर्णय गरियो। यसका निम्ति व्यापक रूपमा खोजी भयो र यस्ता बालबालिका भेटाइयो पनि।

समितिले पुनः वैठक बसेर ती बालबालिकाको सुझावहरू समावेश गरेर नीति र योजना तयार गऱ्यो। ती बालबालिका ज्ञानी र राम्रा थिए तर तिनीहरूलाई आफ्नो बारेमा मात्र थाहा थियो, उनीहरूले राज्यभरिका बालबालिकाका कुरा गर्न सकेनन्, किनभने सबैको समस्याहरूबारे तिनीहरूलाई थाहा नै थिएन। त्यसै कारण यो नीति पहिलेको भन्दा केही राम्रो भयो तर पनि उत्कृष्ट हुन सकेन।

मीनाले यसको कारण बुझेकी थिइन, नीति र योजना सफल नभएका कारणहरू के थिए भने :

१. सिफल राज्यका बालबालिका एकजुट भएर आफ्नो समस्या र सम्भावित समाधानका उपायहरूबारे छलफल गरेका थिएनन्।

२ समितिमा चयन गरिएका बालबालिकाले सिफल राज्यका सबै बालबालिकाले छानेर पठाएका थिएनन्।

३. समितिमा प्रतिनिधित्व गर्ने बालबालिकाले सबै बालबालिकाका विचार संकलन गरेका पनि थिएनन् र कसरी प्रस्तुत गर्ने भन्ने बारे छलफल पनि गरेका थिएनन्। सीफल राज्यका बालबालिका संगठित नभएको कारणले यस्तो समस्या आएको हो भन्ने कुरा मीनाले बुझिन् र बालबालिकाको समूह बनाउने निर्णय गरिन्। एउटै किसिमको समस्या भएका बालबालिकाले छुट्टै समूह पनि गठन गरे। तिनीहरूले छलफल गरे र मुद्दाहरूको सूचि तैयार गरे। देशभरिका बालबालिकाको स्थीतिबारे सूचना पनि संकलन गरे।

बालबालिकाको एउटा ठूलो सभा भयो र उनिहरूले आफ्नो विचारहरू राख्नको लागि चारजना बाल प्रतिनीधिहरूको चयन गरियो। प्रतिनीधि बालबालिका छनौट गर्ने आधारहरू बनाईएको थियो जसमा अरूको भनाइबाट सजीलै प्रभावित नहुने आत्मबल भएको, हरेक चरणमा समूहसंग छलफल गर्ने, आफ्नो व्यक्तिगत धारणाहरू नराखेर केवल समूहको विचार राख्ने, समूहको निर्णय स्वीकार गर्ने र समूहप्रति उत्तरदायी हुने कुराहरू थिए।

चारजना छनौट गरिएका बालबालिका मध्ये मीना पनि एकजना थिइन्। तिनीहरू राजा प्रकाशकहाँ गए र तिनीहरूले के र किन गरको थिए भन्ने कुरा बताए। राजाले ध्यानपूर्वक बालबालिकाका कुराहरू सुने र गम्भीर भए। उनलाई आफूले गरेका गल्ती महसूस भयो। उनले बालबालिकालाई माया गरे पनि सम्मान गरेका थिएनन्।

बालबालिकाको आदर्श प्रतिनीधित्वका साथ एउटा नयाँ समितिको पुनः गठन गरियो। तिनीहरूले खुबै मेहनतसंग काम गरे र एक महिनामा नीति र योजना बनाए। हरेक छ महिनामा त्यो नीति र योजनामा छलफल हुने र त्यो समीतिमा बालबालिका पनि रहने व्यवस्था गरियो।

राजाले अर्को ठूलो सभा डाके। यसपटक सबै बालबालिकालाई विषेश निमन्त्रणा पनि पठाए। समितिका एकजना बालक र एकजना वयस्क/ठूलो मान्छेले योजना प्रस्तुत गरे। बालबालिकाका मुद्दाहरू साँच्चै नै बुझिएको र त्यसमा कार्य गर्ने नीति रहेको सबैले प्रष्ट रूपमा देखे। सबैले वाह, वाह गरे र ताली बजाए र राजा प्रकाश पनि धेरै हर्षित भए। राजाले मीनालाई छुट्टै बोलाएर उनलाई मीनाले ठूलो पाठ सिकाएकामा धन्यवाद दिए। आफ्नो प्रजा संगठित हुने अधिकारको सम्मान गर्नै पर्छ भन्ने पाठ मीनाबाट उनले सिकेको बताए। मीना लाजले रातो भइन् किनभने यत्रो ठूलो व्यक्ति, त्यो पनि आफ्नो राजाबाट उनले प्रशंसा कहिले पनि पाएकी थिइनन्।

मीनाले राजालाई अन्तमा एउटा निवेदन गरिन्। राजाले वर्षमा एकदिन विदा लिएर बालबालिकासँग रूख चढेर, सुन्तला खाएर र चंगा उडाएर बिताउन मीनाले आग्रह गरिन्। अब रातो हुने पालो राजाको थियो। मीनाले यो आग्रह गरेकोमा उनी अन्यन्तै खुशी भए। छ वर्ष हुँदादेखि राजाले आफ्नो बाल्यवस्था गुमाउनु परेको थियो र ती सबै कुराहरू छाड्न बाध्य भएका थिए। राजाले हर्षका साथ मीनाको निवेदन स्वीकार गरे।

त्यसपछि सिफल देशमा सँधै स्थायी रूपमा बालबालिकाको बाल परिषद्मा चुनाव र प्रतिनिधित्व हुन थाल्यो। साथ हरेक वर्ष धान काटिसके पछि एकदिन वाल दिवसको रूपमा मनाउने गरियो। त्यस दिन राजा, मन्त्रीमण्डल र सबै वयस्कहरू बालबालिकालाई मन पर्ने कुराहरू गर्थे। सिफल राज्यका सबै प्रजा सम्पन्न र खुशी भए। सबै बालबालिका राजा प्रकाशसँग खुशी भए र राजाले पनि आफ्नो गुमाएको बाल्यावस्था फेरि पाउन सके। ❖

*यी कथाहरू सि.डब्लु.सि.का तालिम सामग्रीबाट अनुवाद गरिएका हुन्।*

# बालक्लबहरूसंग कार्यरत सदस्य संस्थाका अनुभवहरू

**यस खण्डको ३८ पृष्ठसम्म संस्थाहरूको बालसहभागिता सम्वन्धमा संस्थागत अनुभवहरू समेट्ने प्रयास गरिएको छ ।**

## बालसहभागिता: दीर्घकालीन विकासका लागि अपरिहार्य

❖ चपला कोइराला

सन् १९८९ मा संयुक्त राष्ट्रसंघको महासभाले मानवअधिकारकै एक आवश्यक अङ्गका रूपमा बालअधिकारसम्बन्धी महासन्धि-१९८९ को अनुमोदन गऱ्यो । यसले प्रमुख रूपमा बालअधिकारका चार आधारभूत क्षेत्रहरू- बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिताको प्रत्याभूत गरेको छ र सदस्य राष्ट्रहरू, आ-आफ्नो क्षेत्रभित्र उल्लेखित बुँदाहरूको परिपालन गर्न/गराउन बाध्यकारी हुने पनि यस महासन्धिले स्पष्ट गरेको छ ।

नेपाल पनि महासन्धिको अनुमोदन गर्ने राष्ट्रमध्ये एक रहेकाले नेपलले बालअधिकार महासन्धि कार्यान्वयनका लागि विभिन्न प्रयास गर्दै आइरहेको छ । श्री ५ को सरकारले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थाहरूलाई बालअधिकारको प्रत्याभूतिका लागि संलग्न गराउने नीति लिएको छ । साथै, बालबालिका ऐन-२०४८ तर्जुमा गरी बालअधिकार सुनिश्चित गर्न तत्परता देखाएको छ ।

बालअधिकारका आधारभूत चार क्षेत्रहरूमध्ये बालसहभागिताको सन्दर्भमा नेपालमा केही प्रगति भए तापनि अझै धेरै कुराहरू गर्नुपर्ने देखिएको छ । बालसहभागिता बालबालिकाको सृजनात्मक र दीगो विकासका लागि अपरिहार्य पक्ष हो । भोलिको जिम्मेवार र दक्ष नागरिकको भूमिका निर्वाह गर्न/गराउनका लागि बालबालिकालाई यो पूर्वाभ्यास पनि हो । यसबाट नै मानव विकासको सही बाटो तय गर्न सकिन्छ । यसैले भोलिको राष्ट्रिय विकासको पूर्वानुमान आजको बालसहभागिताको स्थितिलाई हेरेर गर्न सकिन्छ । सम्भव भएसम्मका कार्यक्रमहरू, विशेष गरीं बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने क्रियाकलाप र कार्यक्रम तर्जुमा एवं कार्यन्वयन गर्दा बालसहभागितालाई उच्च प्राथमिकता दिनु अत्यावश्यक छ । लक्षित समूहको सहभागितामा सम्पन्न विकासनिर्माणका कार्यहरूमा देखिएको सफलतालाई ध्यानमा राख्दै श्री ५ को सरकारको राष्ट्रिय विकास योजना तर्जुमा गर्दा बालअधिकारको सम्मान गर्दै बालसहभागिताको रणनीति लिनु आवश्यक देखिन्छ ।



यसलाई एक अभियानकै रूपमा जिल्ला र स्थानीयस्तरमा समेत पुऱ्याउन सकिए यसबाट राष्ट्रिय विकासमा ठूलै योगदान पुग्न सक्ने देखिन्छ ।

बालविकास समाजले उल्लेखित धारणालाई आत्मासाथ गर्दै बालबालिकाको सहभागिताको सुनिश्चितताका लागि विशेष महत्व दिंदै आएको छ । यसले आफ्नो हरेक कार्यक्रमहरूमा

बालसहभागितालाई उच्च प्राथमिकता दिंदै आएको छ । बालक्लबहरूको निर्माण गरी यसलाई लक्ष्य प्राप्तिका लागि माध्यमको रूपमा प्रयोग गर्ने नीति समाजले लिएको छ ।

## म पूरै फेरिएकी छु

मेरो नाम ज्ञानी रसाइली हो । २०५८-४-७ गतेदेखि म बालविकास समाजमा गएर सदस्य बनें । त्यस संस्थामा जानुअघि म एउटा छुट्टै किसिमकी केटी थिएँ । म कसैसँग बोल्दिनर्थे । सधैं एकान्तमा एक्लै बस्न रूचाउँथे । मेरी आमाले मलाई निकै सम्झाउनुहुन्थ्यो । साथीहरू बनाऊ, साथीहरूसँग हिंड भनेर सम्झाउनुहुन्थ्यो । तर मलाई साथीहरू देखेर रिस उठ्थ्यो । मलाई मेरो घर, परिवार र यो समाज देखेर पनि रिस उठ्थ्यो । त्यसपछि एक दिन मलाई मेरी माइली दिदीकी छोरी रीता बराइलीले भनिन्- "दिदी, तपाई यहाँ यसरी नबस्नुस्, मसँग बालक्लब जाऔं । त्यहाँ सानासाना बच्चाहरू हुन्छन् । त्यहाँ नाच्न, गाउन, मन लागेका कुराहरू राख्न पाइन्छ । तपाईंको बानीबेहोरा बिस्तारै बदलिन्छ । त्यसपछि म बालविकास समाजको बालक्लबमा निरन्तर जान थालें । त्यहाँ गएपछि मभित्र निकै परिवर्तन आयो । सानासाना भाइबहिनीहरूसँग हाँसेर कुराकानी गर्दागर्दै मभित्र मानिसहरूसँग बोल्ने प्रवृत्ति बढ्दै गयो । त्यसपछि म यस बालक्लब र संस्थाबाट नेतृत्व विकासको तालिममा गएँ । त्यहाँ एकदमै रमाइलो भयो । त्यसपछि झन् मलाई पढ्ने इच्छा भयो । पहिला स्कूल जान मन लाग्दैनथ्यो, त्यसपछि त स्कूल पनि जान मन लाग्यो । साथीहरूसँग बोल्ने बानीको विकास भयो । सर र मिसहरूले पनि मलाई अहिले पढ्नमा निकै हौसला दिंनुहुन्छ । अहिले म आफ्ना मनका कुराहरू आमालाई सुनाउने गर्छु । म यस संस्थामा आएर मेरो बानीव्यहोरामा निकै सुधार आएको छ । त्यस्तै मैले आफ्ना साथीहरूसँग मिलेर विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दागर्दै र विभिन्न कार्यक्रममा भाग लिदालिदै मेरो बोल्ने र केही कुरा राख्ने बानीको विकास भयो । जसले गर्दा हातेमालो सचारले उपलब्ध गराएको रेडियो उद्घोषण र उत्पादन तालिम लिएर अहिले मलाई जस्तो सुकै कार्यक्रम पनि चलाउन सक्छु जस्तो लागेको छ । म अहिले बालक्लबहरूको साझा मञ्चको बाल सल्लाहकार पनि भएकी छु । अहिले म निकै खुसी छु । म खुसी हुनुको श्रेय बालविकास क्लबलाई दिन्छु ।

❖

बालविकास समाजको पहलमा ८ वटा बालक्लबहरू स्थापना भई कार्यरत रहेका छन् । बालसहभागिताकै प्रसंगमा बालविकास समाजले यथाशक्य बालबालिकालाई अग्रपंक्तिमा राखेर सम्भाव्य कार्यक्रमहरू सञ्चालन गर्ने र सँगसँगै बालकदेखि बालकसम्म ९ऋजषमि तय ऋजषमि ब्उउचयबअज० को रणनीति पनि अख्तियार गरेको छ । यस समाजले बालक्लबलाई साधनाका रूपमा लिंदै यसको आवश्यकता र महत्वका साथै यसबाट हुन सक्ने सम्भाव्य कार्यहरूका बारेमा नियमित जानकारी (ओरेन्टेसन) हरू सञ्चालन गरिरहेको छ । समाजको प्रमुख ध्येय नै बालक्लबहरूलाई आत्मानिर्भर ९क्भा(क्गकतबष्ल० गराई भविष्यमा सामाजिक विकासका लागि उनीहरूको भूमिकालाई विस्तार गर्ने रहेको छ । त्यस्तै बालसहभागितालाई अरू सहज बनाउन र यसलाई आवश्यकताका रूपमा स्थापित गराउन अभिभावक भेला गराई उनीहरूलाई यसप्रति बढी जिम्मेवार हुन अभिप्रेरित समेत गरिएको छ । समयसमयमा बालबालिका र अभिभावकबीच अन्तरक्रिया कार्यक्रम गरी बालबालिकालाई समाजमा सम्मानित नागरिकका रूपमा स्थापित गराउने अभ्यासहरू गरिएका छन् । यसबाट उनीहरूमा जिम्मेवार नागरिकका रूपमा भूमिका निर्वाह हुँदै गएको बालविकास समाजले अनुभव गरेको छ । यसबाट उनीहरूमा आत्माविश्वास बढ्नुका साथै विभिन्न कार्यक्रमहरूमा सहभागी हुन प्रोत्साहित हुँदै गएको पाइएको छ । यसकै कारण उनीहरूमा बालबालिकाका लागि स्वयं उनीहरूबाट नै अभिभावकहरू समेतलाई संलग्न गराई सचेतना कार्यक्रमहरू सञ्चालन गर्नु निश्चय नै बालबालिकामा आएको परिवर्तनको सुखद् लक्षण हो भन्ने हामीलाई लागेको छ । यस्तै बालबालिकाका क्रियाकलापहरू सञ्चालन गर्दा उनीहरूको भौगोलिक, राजनैतिक, सामाजिक, आर्थिक आदि पक्षहरूलाई पनि ध्यान दिइने गरेका कारण उनीहरूले आफ्नो बसाइको क्षेत्रलाई राम्रोसँग चिन्ने मौका पाउनुका साथै उक्त क्षेत्रको विकास निर्माणका लागि पनि मद्दत पुग्न सक्ने देखिन्छ ।

बालसहभागिताका लागि चालेका कदमहरूका कारण बालबालिकाका साथै बालविकास समाज स्वयंलाई पनि बालबालिकाप्रति लक्षित यसका कार्यहरू सञ्चालन गर्न धेरै सजिलो भएको अनुभव गरिएको छ । बालश्रम निवारणका लागि सञ्चालन भइरहेका कार्यक्रमहरूबाट वास्तविक लक्ष्य प्राप्तिमा बालबालिकाले बालक्लबका माध्यमबाट

सडकनाटक, विषयवस्तुमा आधारित गीत, चित्रकला, प्रतियोगिता, र्‍याली आदिको आयोजना गरी चेतना अभिबृद्धिका लागि मद्दत गरेबाट ठूलो सहयोग पुगिरहेको छ। त्यसैगरी उनीहरूले औपचारिक/अनौपचारिक विद्यालयमा अध्यनरत बालबालिका र अन्य सुविधाविहीन बालबालिकाबीच समन्वय, सम्पर्क र आपसी सहयोगात्मक भावनाको विकास गर्नका लागि छुट्टाछुट्टै बालक्लबहरू निर्माण गरी तिनीहरूका लागि संयुक्त कार्यक्रमहरू पनि आयोजना गर्ने गरेका छन्। यस्तै नियमित अभ्यासका कारण उनीहरूमा बालबालिकामात्र नभएर उनीहरूका अभिभावकहरू समेतलाई बालबालिकाका निम्ति परामर्श सेवा प्रदान गर्ने बानीको विकास भएको छ। यसले सामाजिक क्रियाकलापमा बालसहभागिताको आवश्यकता महसूस गराउन सफल भएको मान्न सकिन्छ। यसबाट संस्थाको लक्ष्य पनि प्राप्ति भइरहेको कुरामा दुईमत छैन। यसबाट स्वयं बालबालिकामा व्यक्तित्व निर्माणमा सहयोग पुगिरहेको छ। बालसहभागिताका कारण नै यिनीहरूले आफ्नो सामाजिक परिस्थितिलाई स्पष्ट रूपमा सबै सामु राख्न सक्ने आत्माविश्वास बृद्धि भएबाट संस्थागत नीति निर्माण एवं कार्यक्रम तर्जुमामा समेत मद्दत पुग्न गएको छ।

यी सबै महत्वपूर्ण पक्षहरूका बावजूद पनि यसका लागि चुनौतीहरू नभएका होइनन्। यसका लागि समयानुकूल कार्यनीतिहरू निर्माण गरी अघि बढ्नु आवश्यक छ। बालसहभागिताका लागि प्रमुख चुनौती भनेकै हाम्रा परम्परागत अभ्यासहरू (Traditional Practices) हुन् जहाँ बालबालिकाका इच्छा, भावना र कार्यहरूलाई खासै ध्यान दिइँदैन साथै बालबालिकालाई नीतिनिर्माणमा सहभागी गराउनुपर्छ भन्दा अधिकांश ठाउँमा हास्यास्पद प्रसंगका रूपमा लिने अवस्था नरहेको पनि होइन। त्यसैले हाम्रो परम्परागत अभ्यास नै बालसहभागितालाई सुनिश्चित गर्न प्रमुख रूपमा जिम्मेवार छ। यसको समाधानका लागि श्री ५ को सरकारका स्थानीय अंगहरू र गैह्रसरकारी संस्थाहरूको सहकार्य नै उत्तम उपाय हुन सक्छ। यसका लागि आमचेतनामूलक कार्यक्रम (Mass Awareness Programme) एक महत्वपूर्ण क्रियाकलापका रूपमा अपनाउन सकिन्छ। गैह्रसरकारी संस्थाले स्थानीय निकायसँगको समन्वयमा सामाजिक परिचालकका रूपमा कार्य गर्दा यस महत्वपूर्ण लक्ष्यलाई हासिल गर्न सकिन्छ।❖

*लेखक बालविकास समाजको महासचिव हुनुहुन्छ*

## बालसहभागिताको सन्दर्भमा लालीगुराँस बालक्लब

❖ शुकबहादुर गुरुङ

नेपालको पश्चिम पहाडी जिल्ला तनहुँमा स्थापित होस्टेहैंसे बालविकास केन्द्रले दक्षिणपुर्वी भेगमा ५ गा.वि.स.लाई आफ्नो कार्यक्षेत्रको रूपमा छानी बालअधिकार तथा समुदायिक सचेतनामूलक कार्यहरू गर्दै आइरहेको छ। साथै हाल आएर यो संस्था बालअधिकार तथा बालसहभागिताको प्रवर्द्धनका लागि बालक्लब सहयोग कार्यक्रमलगायत सामुदायिक सहभागितात्मक कार्यप्रक्रियामा सामाजिक एकता र साझा दायित्वपुर्ण भावनाको विकासमा निरन्तर प्रयासरत छ।

यस संस्थाले हाल सम्म ५६ वटा बालक्लबहरू गठन गरी निरन्तर सञ्चालनमा लागिपरेको छ। यसै क्रममा यस संस्थाले गठन गरेकामध्ये तनहुँ जिल्लाको धरमपानी गा.वि.स. वडा नं. ७ डाँडाघापमा अवस्थित गुरुङबस्तीमा रहेका लाली गुराँस बालक्लब पनि रहेको छ। यस क्लबमा ४७ जना सदस्यहरू रहेका छन् जसमा बालकको संख्या १४ र बालिकाको संख्या ३३ जना छन्।

यस क्लबको स्थापना २०५८ सालमा होस्टेहैंसे बालविकास केन्द्रको सहयोगमा विभिन्न किसिमका सरसफाइ र सहभागितामूलक उद्देश्यहरू लिई गठन गरिएको हो।

यसै क्रममा यस क्लबले विभिन्न किसिमका नाटक/समुदायमा बालबालिकालाई भेदभाव गरेको नाटक, सरसफाइ कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। यसै क्रममा यसै वार्डमा पर्ने श्री जनज्योति प्रा.वि.मा अध्ययनरत १८३ जना विद्यार्थीहरूलाई मध्यनजर गरी यस विद्यालयलाई स्वच्छ वातावरण र सफा राख्नका लागि २०५९ साल जेष्ठमा क्लबका सदस्यहरूको सक्रिय सहभागितामा खाल्टेचर्पी निर्माण गराएका छन्। यसरी यस क्लबका पूरै ४७ जना सहभागीले आफ्नै स्रोत र साधनको प्रयोग गरी २ (दुई) दिन लगाएर चर्पी निर्माण गरिदिएका छन्।

यसरी अपत्यारिलो रूपमा चर्पी बनाएकोमा त्यहाँका अभिभावकहरूले बालबालिकाको क्षमतालाई विश्वासिलो र सकारात्मक रूपमा हेर्न थालेका छन् भने सो विद्यालयका प्रधानाध्यापकले बालक्लवलाई धन्यवाद दिएका छन्।

यो सफलताको कार्य होस्टेहैंसे बालविकास केन्द्रको सहजकर्ताले सहजीकरण गर्ने क्रममा सो क्लबका सहयोगी सदस्य- सचिव सविना गुरुङ्ले जानकारी साथ रिपोर्ट दिएकी हुन्। ❖

*लेखक होस्टेहैंसे बालविकास केन्द्र तनहुँमा कार्यरत हुनुहुन्छ*

# बालसहभागितामा हेल्प नेपालको तेस्रो पाइला

❖ रघु दाहाल

बालबालिकाको शारीरिक, मानसिक एवं बौद्धिक विकास गर्नका लागि अभिभावक, शिक्षक, बुद्धिजीवी एवं समाजका अन्य बृद्धवर्गहरूले जस्तोसुकै कार्यक्रमहरू गरे तापनि त्यस्ता कार्यक्रमहरूमा प्रत्यक्ष रूपमा बालबालिकाको सहभागिता छैन भने त्यसता कार्यक्रम गर्नु भनेको बेहुलाबेहुली विनाको बिहे जस्तै हो ।

हुन त अन्य केही संघसंस्थाहरूले पनि मोरङ् जिल्लाका केही गा.वि.स.हरूमा केही बालक्लबहरू गठन गरेर बालबालिकासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने जमर्को नगरेका होइनन् तर पनि त्यस्ता कार्यक्रमहरू बालुवामा पानी हालेजस्तो मात्र भएकोले केही फरक ढंगले कार्यक्रम सञ्चालन गर्ने सोच राखी हेल्प नेपालले प्लान नेपालसँग साझेदारी गरी २०५७ साल आश्विन/कात्तिकमा मोरङ्गका पूर्व दक्षिणका पाँचवटा गा.वि.स.हरूमा १० वटा बालक्लबहरू गठन गरी बालसशक्तीकरण कार्यक्रम सञ्चालन गर्ने जमर्को गऱ्यो । गठन गरिएका बालक्लबका प्रतिनिधिहरूलाई नेतृत्वविकास, क्लब व्यवस्थापन, भित्तेपत्रिका लेखनलगायत बालअधिकारजस्ता तालिमहरू प्रदान गर्दै बालक्लब सञ्चालनका लागि आवश्यक खेलकूद सामग्री, बालपत्रपत्रिकाहरू र अन्य सामग्रीहरू राख्न काठको दराज तथा भित्तेपत्रिका प्रकाशनका लागि भित्तेपत्रिका बोर्डसमेत उपलब्ध गराइयो ।

यसरी बालबालिकालाई संगठित बनाएर भौतिक सामग्रीहरूसमेत उपलब्ध गराउँदै विभिन्न किसिमका तालीमहरूसमेत प्रदान गरेपछि बालबालिकामा बिस्तारै महत्वपूर्ण परिवर्तनहरू आउन थाले । बालबालिकामा आफ्ना कुराहरू निर्धक्कसँग अरूसामु राख्न सक्ने भए, संगठित भएर गाउँघरमै रचनात्मक क्रियाकलापहरू सञ्चालन गर्न थाले र समूहमा बसी काम गर्ने क्षमताको विकास भयो । सरसफाइ र खोपसम्बन्धी सन्देशमूलक नाराहरू प्रयोग गरेर देउसीभैलो खेल्न थाले । यो देखेर स्थानीय अभिभावक, शिक्षक एवं बुद्धिजीवीहरूमा आशावादी कौतुहलता बढ्न थाल्यो ।


एक वर्षमा बालक्लबमा भएका क्रियाकलापबाट प्राप्त उपलब्धिलाई हेर्दा धेरै नै सकारात्मक परिवर्तनहरू आएको पाइएकोले पुन: दोस्रो वर्षमा थप तीनवटा गा.वि.स.हरूमा ६ वटा बालक्लबहरू गठन गरी सोही प्रकारको कार्यक्रम सञ्चालन गरियो । दुई वर्षको अवधिमा आशा गरेभन्दा पनि बढी उपलब्धिहरू हासिल भएका छन् । विशेष गरी कार्यक्रमको कार्यक्षेत्र दक्षिण तराईतर्फ नै बढी केन्द्रित भएकाले त्यहाँस्थित तराईका आदिवासी समुदायमा छोरीहरूप्रतिको संकुचित भावनामा व्यापक परिवर्तन भएको छ । छोरीलाई स्कूल नपठाउने, चाँडै बिहे गर्ने र सार्वजनिक स्थानहरूमा छोरीको उपस्थितिलाई अस्वीकार गर्ने परम्परासमेत धेरै परिवर्तन आएको छ । यस्ता विकृति र बिसंगतिविरूद्ध स्वयं बालक्लबहरू नै एकजुट भएर स्थानीय क्षेत्रमा लागिपरेका छन् ।

यतिमात्र होइन, बालबालिकाले आफैं विभिन्न किसिमका कार्यक्रमहरू आयोजना गरी सम्पन्न गर्न सक्ने भएका छन् । बालबालिका बालक्लबमा हाजिरीजवाफ प्रतियोगिता, वक्तित्वकला प्रतियोगिता, कविता गोष्ठी, खेलकूद प्रतियोगिता, फोटो चिन्ने प्रतियोगिता, भित्तेपत्रिका लेखन प्रतियोगिता लगायत विशेष अवसरहरूमा रक्तदान कार्यक्रमसमेत बालबालिका स्वयंले आयोजना गरी सम्पन्न गरिसकेका छन् । त्यस्तैगरी खोप सचेतनाऱ्याली, सरसफाइ कार्यक्रम, जन्मदर्ता सचेतना कार्यक्रम, सडकनाटक समेत प्रर्दशन गरिसकेका छन् ।

भित्तेपत्रिका लेखन तालिम लिएका केही बालबालिका स्थानीय दैनिक तथा साप्ताहिक पत्रिकाहरूमा समेत स्थानीय प्रतिनिधि भई काम गरिरहेका छन् । त्यसका अतिरिक्त बालबालिकाले चाँडै नै स्थानीय सप्तकोशी एफ.एममा बालबालिकासम्बन्धी साप्ताहिक कार्यक्रम हेल्प नेपाल तथा प्लान नेपालको सहयोगमा सञ्चालन गर्ने जमर्को गरेका छन् । हातेमालो सञ्चारको अर्धवार्षिक "बालसंसार" नामक प्रकाशनमा समेत सम्पादन समूहमा प्रतिनिधित्व गर्न सफल भएका छन् ।

बालबालिकालाई हिड्नका लागि बाटो मात्र देखाइदिनुपर्छ उनीहरू हिड्न अनि अगाडि बढ्न स्वयं प्रयास गर्ने रहेछन् भन्ने महत्वपूर्ण पाठ पनि यी दुई वर्षका अनुभवले हामीलाई सिकाएको छ ।

यसरी दुई वर्षे कार्यक्रमलाई मूल्याङ्कन गर्दा यसप्रकारको कार्यक्रम बालबालिकाको पहुँचसम्म पुग्न सकेको र कार्यक्रमको आवश्यकता अन्य ठाउँहरूमा समेत देखिएकाले सोही प्रकारको कार्यक्रमलाई निरन्तरता दिने उद्देश्यअनुरूप भरखरै मोरङ् जिल्लाकै थप २० वटा गा.वि.स.हरूमा पुनः २२ वटा बालक्लबहरूको गठन भइसकेको छ। उपर्युक्त थप बालक्लबहरूमा समेत सोही प्रकारको कार्यक्रम सञ्चालन गर्ने सम्झौतासमेत प्लान नेपालसँग हेल्प नेपालले गरेको छ।



संख्यात्मक हिसाबले अब ३८ वटा बालक्लबमा झण्डै १००० बालबालिका सहभागी भएका छन्। पहिलो र दोस्रो खुड्किलो पार गरी अब तेस्रो खुड्किलामासमेत पाइला राखीसकेको अवस्थामा धैरै चुनौतीहरू समेत आउलान् तर बालसहभागिताका लागि अगाडि बढेको हेल्प नेपाललाई अगाडि आउने चुनौतीले रत्तिभर असर पार्न नसक्ने कुरामा हामी विश्वस्त छौं। ❖

*लेखक हेल्प नेपाल, मोरङ्मा कार्यरत हुनुहुन्छ*

# सिराहाका बालक्लब: एक चिनारी

❖ नीरबहादुर आले

नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो। सामाजिक, आर्थिक, धार्मिक कारणले सिराहा जिल्लाका गाउँ, टोल, समुदायका एक आपसमा ठूलो सानोको विद्रोह देखिरहन्थे भने कलिलो मष्तिस्क, मसिना हातहरूको कार्यशैलीको स्थान पाउने बिडम्बनाका रूपहरू देखा पर्दथ्यो अर्थात चुनौतीपूर्ण ९ऋजबर्भिलनष्लन० थियो। यस समुदायमा बालबालिकाहरूको अधिकार र दायित्वबारे बुझाउन सजिलो थिएन। आज अधिकारधारककारूपमा यस समुदायमा १५१ वटा बालक्लबहरू क्रियाशील रूपमा रहेका छन्।

"आजका बालबालिका भोलिका कर्णधार" भन्ने उक्तिलाई लागू गर्न घर, समुदाय, टोल, वडा, नगर ,संघसंस्थालाई विकासनिर्माण कार्यमा सहभागी गराउनु आजको आवश्यकता हो भनी दैलोदैलोमा ढकढकाइ हिडेको पाइन्छ। तसर्थ बालक्लबका सदस्यहरूले गाउँ सरसफाइ गरिरहेका छन् भने निर्माणकार्यतर्फ आफ्नो क्लब भवन र स्कूल निर्माण तथा स्कूल भर्नामा बृद्धि गरेका छन्।

बालसमूहहरूमा विभिन्न अवरोधहरू आए तापनि सदस्यहरूले सक्रिय भई स्थानीय निकायहरूमा जन्मदर्ता, स्वास्थ्य उपचार, गुणात्मक शिक्षालगायत बालविवाह, दाइजो प्रथा, छोराछोरीमा भेदभाव, जातीय भेदभाव, धनीगरीबजस्ता मुद्दाहरूलाई छलफल, गोष्ठी, नाटक, भित्तेपात्रो लेख आदिका माध्यमहरूबाट जिल्लाभित्र कार्यक्रम गरेका छन्। यसरी फूसर्दको समयमा गरेको योगदान बालक्लबका लागि बरदान साबित भएको छ भने अपाङ्ग दिवस, बालअधिकार दिवस र शिक्षा दिवसमा फूटबल, वादविवाद, हाजिरीजवाफ, चित्रकला, नृत्य, दौड, भित्तेपत्रिका प्रदर्शन, बालगीत, भाषण र निबन्धलेखनजस्ता कार्यक्रमहरू आफ्नै नेतृत्वमा समापन तथा शुरूवात गरिएको हुन्छ भने त्यस्ता विभिन्न कार्यक्रममा बालबालिकाको सक्रिय सहभागिता रहेको छ।

बालक्लबले ५/६ वर्षको अवधिमा समाजमा केही हदमा परिवर्तन ल्याउन बालबालिकालगायत समुदायमा सकारात्मक दृष्टिले हेर्न थालेका छन् साथै बालक्लबले एउटा असल नागरिकको भूमिका खेल्दछ भनी आज सावित भएको छ। ❖

*लेखक इन्द्रेणी समाज केन्द्र सिराहामा कार्यरत हुनुहुन्छ*

# An Introduction to Child Brigade


**S.K. Rahamathullah**

Child Brigade is the only direct project of Save the Children Sweden in Bangladesh. It began in 1995 as an experimental project with a high component of "Learning by Doing". The aim of the project was to form an organisation for street working children in Dhaka, which would be owned and run by the children themselves. In the group the children talk and act as they please, draw support and help from each other in standing on their own feet. They also seek to help other working street children like them in supporting themselves.

As a rule and practice in their group, they get around to see and talk to other homeless working children like them in different places of Dhaka city and try to organize the children to change

their present situation. The children also try to help those children who are in the most dangerous situation. Child Brigade is an organization of street working children which is formed and run by the children.

Children can participate in matters that affects them but we should be careful and ensure that the childrens are not in danger. The core vision of Child Brigade was that it should be a children's organization, with a strees on the potential, resources and resilience of the children and not their vulnerability. Central to this was the view that the children themselves were best placed to understand their problems and identify how these might be addressed.



The vision of our organization is to reduce the sufferings of the working street children through meaningfully empowering them and being formed in to organization or by getting organized. The primary option is to come together to support each other and through this to resist, to fight back, to assert their own values against all the forces that deny it.


Children are involved in the whole program cycle. Children are contributing as resource children on child participation for other organizations too.

There are four categories of membership in Child Brigade.The main work is done by the core group.This fluctuates in number from 8 to 10. They are shadowed by a further smaller group who step in if core members are absent. The third category is that of general membership. All of these categories of members, though they play different roles, may be considered the workers of Child Brigade.

The forth categories is rather different. These are the members of street based groups organized by Child Brigade. In effect these are the clients of Child Brigade, those for whom it works, although the hope is that eventually they will develop sufficiently to become independent and able to sponsor other groups of their own. The age of core group members ranges between 11 to 16.

The main executive decision making body is the monthly meeting of general members, supplemented by special general meetings as the need arises. There is at present no decision making role for members of the street based groups.

The day to day activities of Child Brigade is mainly done by the core group members with the help of shadow group. Core group and shadow group members meet everyday saturday to thursday.working from 9 AM till 4 or 4.30 PM. They follow a monthly plan of activities, going to the field, taking training, participating in different meetings etc.




They also go to the school at night from 6 to 9 PM. Planning monitoring, evaluation and management of the programme is done by the children. The children only take help of the adult if the problem is very difficult.

Now participation of children is a new thing and many problem arise. No one wants to understand the views of children.In our case it is much too difficult. Because the children of Child Brigade are the street working children.They are the ones who are mostly neglected.

In the begining there was no place for them in the community. Even many NGO'S who were working for the children did'nt let the children enter into their office. But our children have done a great job by changing this trend by interaction with the help of Save the Children Sweden. They also make their place in the heart of the parents and some community members of areas where they are working.

They are also taking part in different decision making meeting which concerns children. By participating in different activities which affect children's life Child Brigade is slowly but effectively changing the present situation and they are also organizing the street children so that they can take steps to change their life.

Some times conflict arise between the Child Brigade members. Then it becomes a problem to ensure everyone's participation . The more develop children sometime don't let the less develop children participate rightly. Then the animator has to intervene to ensure participation for all children.This is a learning for us. This is also the component of learning by doing. In this way we are learning something new everyday.Problems arise, but is also solved by the children with some help of adults.

By participating in Child Brigade children have become child development workers. They now have the skills to run an organization.They have become child facilitators, trainers and leaders. They are there when their friends need help or support. Children are also now child resource persons. They also monitor the present situationof children by regular follow up. There are also known to different organization's who work for the children for that they can also interven if any children are in danger.

By that they can help the children directly.The story of Child Brigade is important for a number of reasons. First amongst the many interventions aimed at street working children in Bangladesh it is the only one in which children themselves are the central actors .In particular, it is unusual in engaging a core group of street children as activists seeking to promote other children's development. Child Brigade is like a little vessel which is trying to make its way amidst choppy and at least partially uncharted waters.v

*The author is affiliated with SC-Sweden,Bangladesh*

# बालबालिका तथा वातावरण सरोकार नेपाल र बालसहभागिता मञ्च

❖ जियमबाबु श्रेष्ठ

## ऐतिहासिक पृष्ठभूमि

बालबालिका तथा वातावरण सरोकार (कन्सर्न) नेपालले आफ्नो स्थापनाकालदेखि नै बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि काम गर्दै आएको छ। यसले कठिन परिस्थितिमा बाँचिरहेका बालबालिकाका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। बालबालिकाका समस्या बालबालिकालाई नै बढी थाहा हुने र त्यसको समाधानका उपाय पनि उनीहरूले आफ्नै ढङ्गले सोचेर निर्क्यौल निकाली निर्णय दिन सकिन्छ भन्ने कुरामा कन्सर्न विश्वस्त छ। त्यसैले कन्सर्न नेपालले बालसहभागितालाई कार्यक्रम सञ्चालनको एउटा प्रमुख रणनीतिको रूपमा अङ्गीकार गरेको छ। यसले आफ्ना प्रत्येक क्रियाकलापहरूमा बालबालिकालाई सहभागी गराउँदै आएको छ भने सहभागिताका लागि विभिन्न अवसर तथा मञ्चहरू प्रदान गर्दै आईरहेको छ। शुरूशुरूमा नियमित कार्यक्रमका साधारण क्रियाकलापहरूमा मात्र बालबालिकालाई समावेश गर्ने र उनीहरूको धारणा लिने गरी आएकोमा हाल आएर विभिन्न चरणहरू पार गर्दै सहभागिताको उत्कृष्ठ नमुना प्रस्तुत गर्दै आइरहेको छ। हाल कतिपय कार्यक्रमहरू आयोजनाका क्रममा बालबालिकालाई समावेश गरी उनीहरूकै सहभागितामा साधारण मार्गनिर्देशनमात्र दिएर कार्यक्रम सञ्चालन गर्दै आएको पनि छ भने कतिपय बालक्लबहरू सहभागिताको उच्च तहसम्म पुगेको उदाहरण पनि प्रशस्त देखापरेको छ। वास्तवमा यो एकै दिनको प्रयास नभइ चरणबद्ध प्रयासको प्रतिफल नै मान्न सकिन्छ।

## कन्सर्न बालसहभागिता मञ्चको उदय

कन्सर्नमा बालसहभागिताको पहिलो चरणका रूपमा सामाजिकीकरण केन्द्रमा अनौपचारिक शिक्षादेखि लिएर व्यक्तिगत सरसफाइ, खेलकूद, करेसाबारी कार्यक्रम आदिबाट बालसहभागितालाई अगाडि बढाउने काम भएको थियो। त्यस्तै यसले बालबालिकाको सहभागिताका लागि विभिन्न मञ्चहरू प्रदान गर्दै आएको छ। चाहे त्यो बालचित्रकला प्रतियोगिताबाट होस् वा बालवक्तृत्वकला बाट नै किन नहोस्।

त्यसपछिका चरणमा बालक्लबका निर्माण शुरू गरेर बालसहभागितालाई प्रोत्साहन गरेको थियो। बिस्तारबिस्तार बालक्लबको संख्यात्मक तथा गुणात्मक रूपमा बृद्धि गर्दै लैजाने काम भएको थियो। कन्सोर्टियमबाट बालक्लब सहजकर्ताहरूलाई सहजीकरण तालिमको आयोजना गरेपश्चात बालक्लव परिचालनका काममा अझ दह्रो हुन गएको महसूस भएको छ। कुनै क्लबहरू यति सक्षम भएका छन् कि तिनलाई सामान्य मार्गनिर्देशन मात्र भए पुग्ने भइसकेका छ। उनीहरू वयस्कहरूसँग साझेदारीका रूपमा सँगसँगै काम गर्ने अवस्थामा पुगिसकेका छन्। उनीहरू आफूँ बालक्लबको आर्थिक स्रोत जुटाउनेतर्फ समेत प्रयासरत रहेको उदाहरण प्राप्त भएको छ।

त्यसपछिको चरणमा बालक्लबहरू कन्सर्नको कार्यक्रम निर्माणमा तथा कन्सर्नको कार्यक्रम मूल्याङ्कनमा सक्रिय सहभागी भएर आफ्नो अमूल्य सुझाव दिने कामसमेत गर्न थालेका छन्।

हालसम्म कन्सर्न बालसहभागिता मञ्चसँग आबद्ध जम्मा ३० वटा सक्रिय बालक्लबहरू रहेका छन्।

कन्सर्नसँग आबद्ध यी बालक्लबहरूलाई केलाउँदा निम्न तीन प्रकारका देखिन्छन्।

१. कन्सर्नमा अनौपचारीक शिक्षा हासिल गरेर पछि सरकारी विद्यालयहरूमा अध्ययन गरिरहेका बालबालिका जो अभाव तथा विकट स्थितिमा बाँचिरहेका र काम र अध्ययन सँगसँगै गरिरहेका बालबालिका तथा तिनीहरू अध्ययन गरिरहेको विद्यालयमा अध्ययनरत निम्न तथा मध्यम वर्गीय बालबालिकाको संयुक्त बालक्लबहरू।

२. निजी विद्यालयमा अध्ययनरत कन्सर्नका तथा उक्त विद्यालयका अन्य बालबालिकाका बालक्लबहरू।

३. कन्सर्नमा अनौपचारिक शिक्षा पढिरहेका विद्यार्थीहरू तथा बालभरिया तथा घरेलु बालकामदारहरूको बालक्लबहरू।

अन्तर्क्रियाहरू तथा कार्यक्रमको आयोजनाबाट यी तीनै प्रकारका बालक्लबहरूबीच आपसी मित्रता, सद्भाव तथा एक आपसमा सिकाइको आदानप्रदान गर्ने र सोचमा समेत समानता ल्याउने पनि हाम्रो प्रयास रहेको छ ।

**बालक्लबले हालसम्म गरेका कार्यहरू**

कन्सर्न बालसहभागिता मञ्चसँग आवद्ध बालक्लबहरूले कन्सर्नसँग मिलेर तथा आफ्नै प्रयासमा थुप्रै कार्यहरू गरेका छन् । यी बालक्लवका कार्यहरू निम्न प्रकारका छन् ।

**१) सामुदायिक विकास सम्बन्धी कार्यहरू**

क) सरसफाई आन्दोलनः कन्सर्न बालक्लबहरूले समयसमयमा सफाई कार्यक्रमको आयोजना गरी सफाइ प्रति समुदायको चासो बढाउने र उदाहरणका रूपमा देखाउने काम गरिआएको छ ।

ख) ऱ्यालीको आयोजना तथा त्यसा भाग लिनेः कन्सर्न बालक्लबहरूले औचित्य र सान्दर्भिकतालाई हेरेर ऱ्यालीमा भाग लिने तथा सान्दर्भिक विषयलाई छानेर सानातिना ऱ्यालीको आयोजना गरी जनचेतना बृद्धि गर्ने काम गरिआएको छ ।

ग) सडकनाटकमार्फत् जनजागरणको प्रयासः अशिक्षित जनमानसमा समेत राम्रो छाप पर्ने सरल उपाय भएकाले बालक्लबहरूले समुदायमा विद्यमान विकृति हटाउने खालका आवश्यक विषयहरूलाई लिएर सडक नाटकहरू देखाउने गरीआएको छ ।

**२) अनुसन्धान तथा कार्यक्रम अनुगमन र मूल्यांकनका कार्यहरूमा संलग्नता**

कन्सर्न नेपालको आयोजनामा गिट्टी कुट्ने बालबालिकाको सर्वेक्षण तथा चिया पसल र रेष्टुरेन्टहरूमा काम गर्ने बालबालिकाको बारे सर्वेक्षण गर्दा बालकेन्द्रित सहभागिता मूलक अध्ययन विधि प्रयोग गर्ने सवालमा कन्र्सन बालक्लबका सदस्यहरूले उल्लेखनीय सहयोग गरेका थिए । त्यस्तै कामदार बालबालिकाको स्थीतिबारे जानकारी लिन संचालित सर्वेक्षणमा कन्सर्न नेपालसंग आबद्ध भरिया बालक्लब, घरेलु कामदार बालक्लबका सदस्यहरूले सकृय सहभागी भई आफ्नो दैनिकी फोटोग्राफी मार्फत प्रस्तुत गरी आफ्ना कष्टपूर्ण जीवनबारे प्रकाश पारेका थिए ।

**३) सामाजिक परिचालन**

समाजमा विद्यमान कुरीति हटाउन पहल गर्दै दलित बालबालिकाको शैक्षिक अधिकारका सम्बन्धमा ऱ्यालीको आयोजना गर्दा बालबालिकाको मूल्यांकन अनुसार नतिजा सकारात्मक भएको ।

**४) गोष्ठी सभासमारोहमा सहभागिता**

क) क्लबहरूवीच भेटघाट, छलफल तथा छुट्टा छुट्टै बालक्लबहरूबीच अन्तर्क्रिया ।

ख) स्वदेशी र विदेशी पाहुनाहरूसँग साक्षात्कार ( भेटघाट) ।

ग) नर्वेको ओस्लोमा भएको बालबालिकाको सम्मेलनमा बालसहभागिता मञ्चका कृष्ण थापाको सहभागिता ।

घ) कन्सोर्टियमद्वारा आयोजित बालबालिकाका लागि विश्व व्यापी अभियान बारेको सहजीकरण तालिम तथा क्षेत्रीय परामर्श गोष्ठीमा सहभागिता तथा बालसहजकर्ताको भूमिका ।

ङ) कन्सोर्टियमद्वारा आयोजित राष्ट्रिय बालभेलामा सहभागिता तथा बालसहजकर्ताको भूमिका आदि ।

**५) बालविकासमा सहयोग**

बालबालिकाको बौद्धिक विकास तथा सृजनशीलताको विकास हुने खालका कार्यहरू पनि बालक्लबहरूले गरेका छन् । जस्तैः

क) हाजिरीजवाफ

ख) भावी कार्यक्रमको तयारी

ग) Kath 97.9 एफ. एम. रेडियोमा दलित बालबालिकाहरूको शैक्षिक अधिकारबारे टेलिफोन वार्ता ।

घ) Kath 97.9 एफ एम रेडियोमा बालबालिकाको सहभागिता र बालबालिको सिर्जनशीलताबारे अन्तर्वार्तामा संलग्नता ।

ङ) बालअन्तर्क्रिया कार्यक्रमहरूको आयोजना ।

च) बालफूटबल प्रतियोगिताको आयोजना तथा प्रतियोगितामा संलग्नता ।

छ) हाजिर जवाफ प्रतियोगिता सञ्चालन ।

ज) स्पेलिङ कन्टेष्टको (हिज्जे प्रतियोगिता) आयोजना ।

झ) चित्रकला प्रतियोगिताको आयोजना ।

ञ) बालकविता प्रतियोगिताको आयोजना ।

ट) सगरमाथा एफ एममा बालसहभागिता बारे अन्तर्वार्ता

ठ) कन्सर्नको कार्यक्रमहरूमा स्वयंसेवक भइसहयोग आदि ।

## बालक्लब गठनप्रक्रिया

### १.१. साधारण बालक्लब गठन प्रक्रिया

क) अभिभावक वा शिक्षक वर्गसँग छलफल

ख) बालबालिकासँग भेटघाट तथा छलफल ।

ग) बालसहभागिताको सवाल र बालक्लबबारे जानकारी ।

घ) बालक्लबको आवश्यकताको प्रश्नबारे छलफल ।

ङ) बालअधिकारबारे जानकारी ।

च) कार्यकारिणीको चयन र क्लब गठन ।

छ) कार्यकारी समितिका सदस्यहरूको भूमिका तथा कार्यहरूबारे जानकारी ।

ज) बैठक, भेटघाट र छलफलका प्रक्रिया तथा नेतृत्व विकासबारे बोध गराउँदै जाने ।

झ) सांगठनिक विकास तथा कार्यक्रम चयन, निर्माण र विकासबारे जानकारी दिँदै जाने ।

### १.२ श्रमिक बालक्लबको गठन

साधारण बालक्लब तथा श्रमिक बालक्लबको गठनप्रक्रियामा धेरै भिन्नता नदेखिए पनि केही विषयहरूमा थप ध्यान पुऱ्याउनु पर्नेदेखिन्छ ।

क) श्रमिक बालक्लबको गठन गर्ने क्रममा अभिभावक तथा रोजगार दाताको साथै सँगै काम गर्ने ठूला कामदारहरूसँग पनि छलफल गरी राय लिने गर्नु राम्रो देखिन्छ । घरेलु बालश्रमिक घरभित्र लुकेर रहने हुँदा बालबालिकासम्म कसरी पुग्ने भन्ने उपाय पहिला सोच्नुपर्दछ । त्यसको लागि रोजगार दातालाई पनि यस कार्यक्रममा प्रत्यक्ष वा अप्रत्यक्ष्य रूपमा सहभागी गराउनुपर्दछ ।

ख) कामदार बालबालिकाको समय अभाव हुने हुँदा उनीहरूको फूर्सदको समय कुन बेला हुने थाहा पाई छलफल, भेटघाट तथा कार्यक्रमको समय तय गर्नुपर्ने ।

ग) सञ्चारमा आउन नचाहने बालबालिकाको विषेश ख्याल गर्नु पर्ने ।

घ) कुनै बालबालिकामा हीनताबोध हुने हुँदा परामर्श दिने तथा मनोबल उकास्न प्रेरित गर्नु पर्ने ।

ङ) शक्ति संघर्षको विषयलाई राम्रो ध्यान दिई समानतालाई प्राथमिकता दिने वातावरण तयार गर्नेतर्फ सचेत हुन पर्ने ।

### १.२.१ रोजगारदातालाई आकर्षण गर्न निम्न कुराहरूमा ध्यान दिनुपर्दछ

क) नैतिक दवाव दिन सकिने :
मिटिङहरूमा सहभागी गराएर तथा बालश्रमिकहरूको समस्याप्रति जानकारी र सजग बनाएर ।

ख) बालश्रमिक भाग्दैन बढी भरोसा गर्नलायक बन्दछ भन्ने दिलासा दिएर ।

ग) बालश्रमिकले गरी आएको काममा उनको क्षमता बढ्न जान्छ भन्ने दिलासा दिएर ।
(क्षमता बढेमा काम बिग्रिने संभावना घट्न गई सजाय पाउने अवस्था पनि कमी आउछ । )

### १.३. बालबालिकालाई परामर्शसेवा तथा समूह गठनमा उत्प्रेरित गर्ने ।

क) समस्या भएका बालबालिकालाई परामर्श दिने तथा समूहमा बस्न उत्प्रेरित गर्ने काम गर्नु आवश्यक छ ।

ख) समूहका सदस्यहरूबीच सम्बन्ध बिस्तार गर्ने मौका दिने ।

ग) बालअधिकार विषयमा ज्ञान दिने ।

घ) बालक्लबबारे जानकारी दिने ।

ङ) समूहमा बस्नुको फायदा के छ ? भनी बुझाउने ।

च) बालश्रमिकहरूको स्थिति र समस्याबारे जानकारी आदानप्रदान गर्ने वातावरण बनाउने ।

छ) समस्याबाट आफू कसरी बच्ने भन्ने खाले सुझावहरू परामर्श बाटै दिने ।

ज) बालबालिका आफूैले आफ्नो समस्या समाधान गर्न समूहमा मिलेर के गर्न सकिन्छ भन्ने कुरा बुझाउने ।

झ) निर्णय क्षमतामा बृद्धि गर्न शुरूमा सानातिना कार्यहरू क्लबमार्फत गर्न लगाउने र रेखदेख गर्ने ।

ञ) बालकको स्वभावमा एकैपटक परिवर्तन देखा पर्न दिन हुदैन । त्यसको लागि सचेत र परामर्शको व्यवस्था गरिनै राख्ने ।

ट) शुरूमा कार्य विभाजन गर्दा सचिव र कोषाध्यक्ष लेख्न जान्नेलाई राख्नु राम्रो हुने देखिन्छ ।

ठ) शुरूमा पदाधिकारीहरूको जिम्मेवारीप्रति सचेत गराइराख्नु पर्दछ ।

ङ) अरू क्लबहरूसँग भटघाट गराएर त्यसबाट पाठ सिक्ने वातावरण बनाइदिने ।

**बालक्लवमा आकर्षण गर्ने तत्वहरू र उत्प्रेरणाको आधारहरू**

१) एकै पेशाका सहकर्मीहरू भएकोले उद्देश्य मिल्नु ।

२) समस्याको प्रकार प्राय उस्तै हुनु ।

३) सामुदायिक विकासको स्वार्थ

४) भरोसा तथा सहयोंगको आस ।

५) आफ्नो रूचि

६) मनोरञ्जन गरी केही क्षण रमाइलो मान्ने स्थान पाउनु ।

७) आफ्नो क्षमता प्रदर्शन गर्न पाउनु, त्यसको कदरबाट अझ उत्प्रेरित हुनु ।

८) ज्ञानको बृद्धि तथा नयाँ साथीहरूको परिचय ।

## श्रमिक बालबालिकाको छुट्टै बालक्लब आवश्यकताको सवाल

१ श्रमिकहरूको सँगठनमा बालश्रमिकहरू पर्दैनन् । त्यसैले आफ्नो संरक्षणकोलागि सहभागिताको आधारको रूपमा बालक्लबलाई लिएको देखिन्छ ।

२ बालश्रमिकहरू बढी मात्रामा शारीरिक, आर्थिक, तथा मानसिक शोषणमा परिरहेको कारणले त्यस समस्याको समाधान गर्न ।

३ बालश्रमिकहरूको आफ्नो छुट्टै परिवेश, छुट्टै परिस्थिति, छुट्टै समस्या भएकोले छुट्टै बालक्लबको आवश्यकता पर्दछ ।

४ प्रत्येक बालक्लबको आफ्नो छुट्टै उद्देश्य रहेको हुन्छ जुन समूह अनुसार फरक पर्न सक्दछ ।

५ बालक्लबको सहयोगबाट बालबालिका

क. बालअधिकारप्रति सचेत हुने,

ख. बार्गेनिङ् गर्ने क्षमता बढाउने

ग. वैकल्पिक उपायहरू सोच्न सक्ने

घ. वयस्कहरूको सँगठन ट्रेड यूनियनहरूसँग साझेदारीको रूपमा कुरा गर्न सकिने ।

श्रमिक बालक्लब गठनमा देखिएका समस्याहरू:

१. समयको अभाव : कामबाट फूर्सद नपाउने ।



२. अशिक्षा: प्राय श्रमिक बालबालिका कम मात्र पढ्ने मौका पाएका हुने हुँदा क्लबको काममा अप्ठेरो अनुभव हुने ।

३. दीगोपनाको अभाव: श्रमिक बालबालिका प्राय अस्थायी रूपमा शहर आउने जस्तै बालभरिया तथा काम गर्ने ठाउँ परिवर्तन गरी राख्ने अथवा गाउँ घर फर्कने हुँदा स्थायी रूपमा रहँदैनन् ।

## भरिया बालक्लब र सङ्गठनात्मक स्थायित्वको प्रश्न

कन्सर्न नेपालले बालभरियाहरूका लागि उनीहरूसँग मिलेर काम गर्न थालेपछि उनीहरूको नेतृत्व विकास गर्दै लान तथा पुनर्स्थापन कार्यलाई अझ सशक्त तथा दीगो बनाउन बालभरियाहरूलाई सङ्गठित बनाउने प्रयास थालेको थियो । यो प्रयास धेरै हदसम्म सफल पनि भयो । नयाँ सम्पर्कमा आएका बालभरियाहरूलाई कन्सर्ननेपालले बालभरियाहरूका लीग गरी आएको कार्यको परिचय गराउनेदेखि लिएर बाल भरिया सम्पर्क केन्द्रमा ल्याउने, समस्यामा परेका तथा बिरामी परेका बालभरियाहरू देखेमा त्यसको सूचना कन्सर्नमा दिने र त्यस्ता बालभरियाहरूलाई कन्सर्नमा पुऱ्याइदिने समेत कार्यहरू यी बालक्लबका सदस्यहरूले गरेका थिए । यस बाहेका भरियाहरूबीच प्रतियोगिताको आयोजना तथा मनारञ्जनात्मक कार्यक्रमहरूसमेत आयोजना गर्ने, पिकनिकमा भाग लिने आदि कार्यहरू गर्ने गरेका थिए तर त्यो दीगो रूपमा चल्न सकेन । सन् १९९९ तिर निकै सक्रिय अवस्थामा पुगिसकेको एउटा बालभरियाहरूको क्लबका कार्यकारी सदस्यहरू सबैको एकैपटक कसैको पुनर्स्थापना तथा कोही गाउँ फर्किएका कारण सबैको अभावमा टुहुरा हुन पुगी निस्कृय भै दिएको

अनुभव उल्लेखनीय छ । यसबाट क्लबको सांगठनिक विकासमा नकारात्मक प्रभाव पर्दछ आवश्यकता अनुसार तहगत विकास हुन सकिदैन । सधै उही स्तरमा रहि रहने हुन्छ । यसरी सांगठनिक विकासमा बाधा हुने हुँदा सहजकर्ताको सहजीकरण अभियान सधैँ आवश्यक परिरहने मात्र नभइ बालक्लबको उद्देश्य माथि नै प्रश्नचिन्ह लाग्न सक्तछ ।

यसरी दीगो रूपमा चल्न नसक्नुको कारणमा

१. प्राय: बालभरियाहरू अस्थायी रूपमा मात्र शहरमा आई काम गर्ने गरेको ।
२ कन्सर्नको बालश्रमविरुद्धको प्रचारप्रसारको प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव ग्रामीण क्षेत्रसम्म परेकाल भरिया कामप्रति बालबालिका हतोत्साहित हुनु ।
३. यसबाट बालभरियाहरूको संख्यामा तीव्र रूपमा कमी आउनु ।
४. सदस्यहरूसमेत घर फर्किएका कारण कति बालक्लब निस्क्रिय हुनु ।
५. सक्रिय केही सदस्यहरू वयस्क उमेरमा पुग्नु ।
६. नयाँ सदस्यहरूको बाहुल्य हुँदा क्लब पुनः नयाँस्तरमा ओर्लिन सक्छ ।

उक्त समस्या समाधानका लागि यसप्रकारका बालक्लब बनाउँदा स्थानीय बालश्रमिकहरूलाई पनि समावेश गरेको खण्डमा यो समस्या सजिलै हटाउन सकिने हुन्छ ।

## बालक्लबको तत्काल आवश्यकता वा प्रजातान्त्रिक अभ्यासको सवाल

यी बालक्लबहरू विभिन्न प्रकारका हुन्छन् र सोही अनुसार उनीहरूको उद्देश्यमा पनि फरक पर्दछ । उद्देश्य अनुसार नै बालक्लबले आफ्नो कार्यक्रम तय गर्ने र कार्यक्रम सञ्चालन गर्ने गर्दछ । सबै बालक्लबहरू एउटा निश्चित आकारमा रहने हुँदा र कुनै एक निश्चित अवधिमा चुनाव हुने सबैले आ- आफ्नो धारण राख्न पाउने सहभागितात्मक ढङ्गले कार्यक्रम तय हुने, सबैको सहयोगमा कार्यक्रम सञ्चालन हुने कारणले गर्दा यसलाई एउटा प्रजातान्त्रिक प्रक्रियाको थालनीका रूपमा लिने गरिन्छ । तर यो केवल प्रजातान्त्रिक प्रक्रियाको थालनीका लागि मात्र हो भन्ने कुरामा भने शंका गर्ने प्रशस्तै ठाउँहरू रहेको पाईन्छ ।

विषेशगरी शहरी क्षेत्रमा काम गर्ने बालश्रमिकहरू जस्तै बालभरिया तथा घरेलु कामदार बालबालिको बालक्लबको सवाललाई नियाल्ने हो भने तिनीहरूले प्रजातान्त्रिक अभ्यास भन्दा पनि तत्काल आवश्यकताका विषयका रूपमा लिएको पाइन्छ । सदस्यहरूलाई आकृष्ट गर्ने प्रसङ्गदेखि लिएर उनीहरूले निकाल्ने छलफलको विषय तथा उनीहरूले गर्न भनी छानेका कार्यक्रमका विषयहरू प्राय: उनीहरूले तत्काल भोगिरहेका समस्या समाधानमा केन्द्रित भएको पाईन्छ । घरेलु कामदार बालबालिकाका क्लबका सदस्यहरूले सर सफाइ कार्यक्रम बढी रूचिपूर्वक गरेको पाइयो भने बर्नहार्ट उच्च माध्यमिक विद्यालयका बालक्लबले अंग्रेजी भाषामा बालअधिकारको विषयमा वक्तृत्व कला प्रतियोगिता गरेको पाइयो ।

## सदस्यहरूलाई आकृष्ट गर्ने आधारस्तम्भको सवाल

बालभरियाहरूले आफ्नो बालक्लब गठनको सवालमा भरिया बालबालिकाले आफ्ना सँगै काम गर्ने साथीहरूलाई सदस्य बनाउन गरेको वार्तालापमा टाढाबाट यहाँ आएर काम गर्नु पर्ने, विभिन्न समस्याहरू भोग्न पर्ने, घरको विकट समस्याले गर्दा परिवार तथा पढाई छोडेर यहाँसम्म आएर यस्तो गाह्रो काम गर्न पर्ने, यस्तो स्थितिमा पनि गुण्डा तथा सडक बालकहरूले पैसा ठग्ने, लूटने गर्ने, काम गराउनेले भन्ने बेलामा एउटा गर्ने बेलामा एउटा गरी पैसा ठग्ने गर्ने, कहिले कहिँ कामै नपाउने, बिरामी परेर अप्ठेरामा पर्ने भएर समस्या परिरहेको छ । त्यसैले हामी सबै मिलेर एक आपसमा सहयोग गर्न र समस्यामा परेका नयाँ आएका भरिया बालबालिकालाई सहयोग गर्न हामी पनि एउटा क्लब गठन गर्दैछौँ तिमीहरूको विचार के छ भनेर छलफल गरी सदस्यताको लागि आह्वान गरिरहेको पाइयो । यसबाट उनीहरू तत्काल आवश्यकताबाट बढी प्रभावित भएको अनुभव हुन्छ । ❖



*लेखक कन्सर्न नेपालमा कार्यक्रम अधिकृत हुनुहुन्छ*

# Save the Children Norway-Zimbabwe's experience in Child Participation

❖ Caroline Chiko

Save the Children Norway believes in meaningful child participation where children's voices are heard, their input solicited and recognised and their involvement valued.

**How SCN-Z Ensures Child Participation**

Save the Children Norway Zimbabwe is working in the area of Basic Education, Economic Exploitation, Sexual Abuse, HIV/AIDS and Emergency together with partners. Children are assisted in organising themselves into groups. The groups have different names; some are called children's clubs, children's committee or children's lobby groups. The initial training for the children is on the rights of the child as enshrined in the United Nations Convention on the Rights of the Child, focussing on:

- The role of children as social actors
- Children's rights to participate in decision making
- Children's rights to form groups or clubs
- The need to uphold the principle of the best interest of the child in all matters

Once the groups are functional, the children start outreach advocacy programmes where they seek to create awareness amongst their peers and the communities they live in.

Very active lobbying by children has taken place in one province, Mashonaland West where chil
started campaigns against Sexual Abuse of chil
They point out the risks of sexual abuse inclu
early pregnancies leading to illegal and dange
abortions, the risks of contracting HIV/AIDS
psychological effects on the child which can
affect their adulthood. This has resulted in mo
ported cases of sexual abuse as the commu
become knowledgeable.

Children's participation is ensured by securing
port of adults starting from community lea
government official and district officials wh
cilitate the activities of children and young pe
Monitoring teams of children have been establi
consisting of community leaders, local organisa
and Save the Children Norway-Zimbabwe.

**Success, Challenges and Constraints**

Save the Children Norway Zimbabwe has
some remarkable achievements in initiating
process of child participation. Child particip
is visible in programmes planning, implement
and monitoring. The organisation seeks to emp
children to contribute to issues that affect their
The organisation strongly upholds that children
the inherent potential to participate in all activ
only if they are given space and if their view
accommodated. The organisation's principle of
participation is not restricted to children's opi

**Scenario 1**

Ten children walk into a conference and are given seats right in front. They sit and yawn all day because they do not understand what is being said. The organisers pat themselves on the back and claim that children took part.

**Scenario 2**

A project officer sits down on th
grass with 10 children. She discuss
problems affecting the children and ge
their ideas on the kind of assistance th
her organisation can offer. Together the
draft a project plan...

but child participation should translate into action in critical programme delivery.

However, even if this is the case there exist challenges and constraints in the process of encouraging child participation. Largely they emanate from both internal and external factors that influence children's participating.

**Citizen Child**

SCN in partnership with International Television produced a television programme for children entitled Citizen Child. The programme was shown on national television; featuring issues that affect children. Some of the issues included the problem of obtaining birth certificates, sexual abuse of children, access to education, food shortages, and corporal punishment, to name a few.

Children who took part in this programme designed the messages that they wanted screened. As part of influencing behavioural change amongst the population the children invited adults whom they engaged in discussion.

This form of advocacy by the children proved successful as children articulated their concerns in a manner that other children and even adults understood. The success of the programme is judged from the feed back from the audience. Letters were received from children and adults confirming the importance of the issue discussed. The success is attributed to the television programmes that have the ability to reach a wider audience.

The children who participated in the television programmes were drawn from marginalized families. The rational was to provide disadvantaged children with role models they could identify with. Before the children started the programme they were trained on child rights issues, communication and presentation skills. Training of children gave them high self-esteem and confidence. Children are equipped to tackle the present giving credence to the saying *"children are not the future they are the present."*

> ***"children are not the future they are the present."***

The participation of children in the agriculture and domestic sector has been one area where children have strived to make a difference. The children formed the Committee on Working Children, a national body representing concerns of working children. These are groups of children who come together to act as advocates and lobby for issues pertaining to their rights. The success in advocacy work of these committees has become one of the best practices that other programmes seek to replicate. In one area the children advocated for the building of a secondary school close to their community after noting that most girls dropped out due to the distance to the nearest Secondary School, which is 100km away.

The success of child participation has been enhanced and attributed to the Working Children's Newsletter where children write stories in issues that affect them. The Newsletter was started this year after realising that children and young people need a medium to present their issues.

**Challenges**


The greatest challenge that the organisation is encountering is acceptance of the concept of child participation. The young people of Zimbabwe are coming from a cultural background where children are seen and not heard. Culture is slowly changing to accept the participation of children, but a lot of work still has to be done.

A large number of children are forced to play an adult role where they have heavy responsibility. A number of factors exist as to why children are pushed into heavy responsibilities:

- Declining societal coping mechanisms e.g.

extended families

- HIV/AIDS high death rate of adults results in children looking after themselves.
- Serious shortage of food forcing children to drop out of school, look for work and expose them to economic and sexual exploitation in order to earn a living.



Given the above, it is imperative that children's voices are heard and they participate in decision-making.

**Constraints**

Adults can sometimes impede the participation of children. In one province where children started campaigns against sexual abuse, they put up posters against sexual abuse of children and adults tore them down. This was because adult did not understand what children were doing. The children then came up with a new strategy and together with adults involved in the project, started educating the adults within the community using drama and poetry to portray the messages.

**Benefits of Child Participation**

- Save the Children Norway together with other child oriented organisations including Save the Children (UK), Plan International, UNICEF and Oak Foundation published a book entitled **"WE HAVE SOMETHING TO SAY."** The book has been well received and is used in programme planning by most organisations and even the government, taking note of what the children say on issues affecting them.
- Advocacy by the children is leading to change in attitude of adults towards children. Children are slowly being acknowledged as important members of the community who can contribute to decision-making.
- The success of certain children's interventions is prompting other communities to accept and promote participation of their own children in decision making.
- After production of Citizen Child, role models are built on children from marginalized families forcing perception to change. Normally children from rich families become role models for others.

**Conclusion**

*"A journey of a thousand miles starts with a step."* Save the Children Norway-Zimbabwe views child participation as a process that takes a long time to be accepted and a lot of effort on the part of the children. Child participation will one day be ingrained in our society, but a lot of work still has to be done.

*The author is the Programme Advisor of Save the Children Norway-Zimbabwe*

# बालसहभागिताका बारेमा केही कुरा

❖ कुमार भट्टराई

कुनै पनि बालबालिकाले आफूलाई आफ्नो परिवेश, समय र सामाजिक वातावरण अनुकूल विकास गर्नका लागि उनीहरूसँग सरोकार राख्ने सामाजिक गतिविधिहरूमा उनीहरूको प्रत्यक्ष सहभागिता रहनुपर्ने कुरालाई अपरिहार्य ठानिएको छ। यस विषयमा राष्ट्रसंघीय बालअधिकार महासन्धिको बालबालिकाहरूले सहभागी हुन पाउने अधिकारअन्तर्गत धारा १२ देखि धारा १५ सम्म यसबारे उल्लेख गरेको पाइन्छ।

यी धाराहरूले बालबालिकाको जीवनमा प्रभाव पार्ने नीतिनिर्णयहरूमा आफ्नो विचार राख्न पाउने र उनीहरूको विचारलाई उचित सम्मान गरिनु पर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना भेदभाव स्वतन्त्रतापूर्वक सहभागी हुन पाउने, आस्था अनुसारका धर्ममा संलग्न हुन पाउने, कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्ति दिने, संघसंस्था खोल्न वा सहभागी हुन पाउने हक अधिकारलाई उल्लेख गरेका छन्।

बालसहभागिताको पक्षलाई थप महत्व प्रदान गर्न बालबालिकाको सहभागिताको हकलाई बालअधिकारको एउटा महत्वपूर्ण निर्देशक सिद्धान्तको रूपमा समेत स्विकारिएको छ।

## नेपालको सन्दर्भमा बालसहभागिता

सन् १९८९ नोभेम्बर २० तारिखका दिन पारित भएको राष्ट्रसंघीय बालअधिकार महासंन्धिलाई नेपालले सन् १९९० सेप्टेम्बर १४ का दिन विनाशर्त अनुमोदन गरिसकेपछि नेपालमा बालसहभागिताका सन्दर्भमा संस्थागत आवाज उठ्न थालेको हो। यसरी बालअधिकार महासन्धिलाई अनुमोदन गरेको एक दशक बितिसकेको र बालसहभागिता महासन्धिको एउटा निर्देशक सिद्धान्तका रूपमा रहेको सन्दर्भमा समेत हाम्रो देशमा बालसहभागिताका विषयमा अझै पनि प्रशस्त अस्पष्टता कायम रहेको देखिन्छ। कुनै पनि बालबालिका जीवनको विकासक्रममा कसरी सृजनशील कार्यमा सहभागी हुन सक्दछन् र त्यसले राष्ट्रिय विकासमा कस्तो प्रभाव पार्दछ भन्ने बारेमा सरकारसँग स्पष्ट धारणाको नितान्त अभाव रहेको देखिन्छ। कुनै पनि कार्यक्रममा बालबालिकाको प्रत्यक्ष उपस्थिति हुनु वा गराइनुलाई मात्रै बालसहभागिताको परिभाषाभित्र व्याख्या गर्ने गरेको वर्तमान परिप्रेक्ष्यमा बालसहभागिता कसरी र कुनकुन क्षेत्रमा भन्ने विषयमा व्यापक चर्चा र छलफल गरी एउटा स्पष्ट धारणा सार्वजनिक गर्न अनिवार्य भइसकेको छ। यद्यपि बालबालिकासम्बन्धी विभिन्न नीतिनिर्णय गर्ने सन्दर्भमा भने बालसहभागिताको अभ्यास हुन थालेको सुखद् पक्ष अनुभव गर्न थालिएको छ।

## बालसहभागिता र बालक्लब

बालसहभागिताका सन्दर्भमा बालबालिकाले संगठित हुन पाउने अधिकार महत्वपूर्ण रहेको छ। एक दशकयता नेपालमा बालक्लब गठनको एउटा अभियान नै शुरूभएको छ। बालबालिकाले संगठन खोल्न पाउने अधिकारका लागि सिविन नेपालको सहयोगमा जागृती बालक्लबको सर्वोच्च अदालतमा परेको मुद्दामा २०५८ श्रावण २५ गते बालबालिकाले स्वतन्त्रतापूर्वक संगठन खोल्न पाउने पक्षमा सर्वोच्च अदालतको पूर्ण इजलासले फैसला गरेको थियो। बालबालिकाको सहभागिताको अधिकारलाई समाजमा स्थापित गर्ने दिशामा यो एक एतिहासिक फैसला सावित भएको छ।

बालसमूह, बालअधिकार मञ्च, मच.पुच, बालअधिकार समूह, बालक्लबलगायतका नामबाट खुलेका बालक्लबहरू हाल देशका विभिन्न स्थानका समुदाय र विद्यालयहरूमा कार्यरत रहेका छन्। हाल देशभरिमा २००० भन्दा बढी बालक्लबहरूको स्थापना भइसकेको अनुमान गरिएको छ। यी बालक्लबहरूले सम्बन्धित क्षेत्रहरूमा बालबालिकासम्बन्धी सामुदायिक चेतना जागरण गर्नुका साथै सम्बन्धित क्षेत्रहरूमा बालबालिका सम्बन्धी सूचनाको



कुरा हो । त्यस्तै दशौं पञ्चवर्षे योजनामा बालअधिकारको विषयलाई दीगो बनाउनका निम्ति बालबालिकासँग राष्ट्रिय परामर्श, महिला तथा बालबालिका बेचबिखनसम्बन्धी राष्ट्रिय कार्ययोजनासम्बन्धी बालबालिकासँग राष्ट्रिय परामर्शजस्ता राष्ट्रिय महत्वका कार्यक्रममा बालबालिकाहरूको सहभागिता रहेको थियो ।

सङ्कलन र प्रचार, स्वास्थ्य शिविरहरू, वातावरण संरक्षणका गतिविधिहरू, सफाइ अभियानहरूजस्ता सामुदायिक क्रियाकलापहरूका साथै बालसहभागितामा विभिन्न रचनात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेका छन् ।

**विविध कार्यक्रमहरूमा बालसहभागिता,**

बालबालिकासँग सम्बन्धित विविध विषयहरूमा सहभागिता जनाउन, आफ्ना सरोकारहरू अगाडि राख्न र आफ्नो आवाज उठाउन बालक्लबका बालबालिका सामुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका कार्यक्रमहरूमा सहभागी हुन थालेका छन् । उदाहरणका लागि संयुक्त राष्ट्रसंघमा २००२ मे ८ देखि १० सम्म भएका बालबालिकाका निम्ति विश्व शिखरसम्मेलनमा ४ जना नेपाली बालबालिकाको सहभागिता रहेको थियो ।

सहभागीमध्ये हातेमालो बालक्लबका अध्यक्ष संजोग ठकुरीले बोलेका कुराले हाल विश्वमा चर्चा पाइरहेको छ । उनको भाषणको एउटा उद्धरण संसारका १० उत्कृष्ट उद्धरणहरूमा पहिलो स्थानमा परेको छ । यसरी राष्ट्रसंघको इतिहासमा पहिलोपटक एउटा बालकले बोलेको कुरा उत्कृष्ट १० मध्ये पहिलो स्थानमा पर्नु निश्चय नै देशकै गौरवको

अन्त्यमा, नेपालको सन्दर्भमा बालसहभागिताको विषयमा एउटा अधिकारवादी सोच भएकाले एउटा निरन्तर प्रक्रियाद्वारा अगाडि बढाउनुपर्ने विषय हो ।

यहि निरन्तरताको फलस्वरूप अहिले बालबालिकामा असीमित सम्भावनाहरू हुन्छन् । उनीहरूलाई अवसरको खाँचो छ भन्ने कुरा समाजमा विस्तारै स्थापित हुन थालेको पाइन्छ । यस सिलसिलामा बालबालिकाका सन्दर्भमा राष्ट्रसंघमा गएर संजोग ठकुरीले गरेको उद्घोषणलाई यहाँ उल्लेख गरी यस लेखको बिट मार्ने अनुमति चाहन्छु :

**"We are the change makers. We are not the crawling insects, but the butterflies. We are the birds of freedom."**

*- Sanjog Thakuri, 16, Nepal (at UN Special Session New York)*

(नेपाली रूपान्तरण : हामी परिवर्तनका संवाहक हौं । हामी घस्रने भुसिलकीरा होइनौं बरू उठ्ने पुतलीहरू हौं । हामी स्वतन्त्र पंक्षीहरू हौं ।) ❖

*लेखक हाल सिविनमा कार्यगत हुनुहुन्छ*

# Sathsath's Experiences on Participation of Street Children

Jeremy Southton

**SATHSATH** is an organisation working with children on the street in Kathmandu.[1] Fundamental to our approach is the concept of "children's participation". However, the term "participation" has been used in so many ways that it is important to clarify what we understand by it and why it is important to us.

Sathsath adopts a rights-based approach to development which views the individual as owner of inherent human rights and as the key actor in his/her development. Our emphasis is on promoting the capacities and capabilities of children on the street (individually and as a community) to change their own lives. The success of this approach is dependent upon children taking control of their own development.

Children's participation is a situation of positive interaction, where children's views and perspectives are valued, and a situation where children have the power to make decisions. By recognising children's competence to make rational decisions it is about fundamentally changing social relationships. Participation is also a process building children's confidence and practical skills to realise their rights (and concurrent responsibilities) within society. This article will examine Sathsath's experience of promoting and ensuring children's participation, detailing the challenges and constraints we have faced, and concluding with what benefits a participatory approach has brought to Sathsath.

## Our Experience of Promoting and Ensuring Children's Participation

Children's participation is not a separate activity but a principle which we look to promote throughout our work. It has been important to us to ensure that Sathsath is not regarded as just another service-providing institution and to motivate children to invest themselves in activities and the organisation. Many children on the street are extremely sceptical of the organisations working with them, as summarised by one child below:

I have not gone to any of the so-called social welfare organisations. From my friends here, I have come to know that they are all thugs. They earn for themselves in our name. Again most importantly, they keep us inside a house for days, eroding our freedom. I think it is like a jail. As I have heard, they try to send us back home, which I strongly disagree.

*The Kathmandu Post* (26 November 2001).

Our strategy has been to work with children on the street, within their environment, recognising the decision of many to remain on the street. By approaching children on the street without a predetermined programme, looking to establish activities together, we have been able to provoke interest and involvement. Initially we undertake small-scale activities – for example a picnic planned by a group of children – increasing confidence in Sathsath and the process. We then work to establish other activities. The ideas have come from both Sathsath and the children, and are jointly put into practice, children being encouraged to structure and manage activities themselves (see case study of street drama group).

Our success in motivating children to participate has been achieved by dedicated staff working in a meaningful manner on children's own terms. For example, in the street-based programme, discussions and activities have been based in existing informal groups on the street. Staff have then encouraged children to be involved in decision-making, supporting them with the necessary information in appropriate forms, and allowing children to take greater control.

It has been important to be transparent, setting the limits (scope, timing, budget etc.) of participation in each activity. We understand that participation is not about accepting everything children demand, but about a positive interaction between children and adults, in which children have an important role in the decision-making process.

Involvement in small-scale participatory activities has taken children through progressive decision-making situations building confidence, self-esteem and some practical skills. The focus must now be

## CASE STUDY: STREET DRAMA GROUP (2001-2)

The initial idea for a street drama came from Sathsath. After informal consultation with children at our contact centre it was initiated as an activity, open to all children who wished to participate. Sixteen children were involved in at least one performance and more than twenty-five joined rehearsals on several occasions. However, over the course of a few months a core group of eight children emerged, dedicating themselves fully to the drama. Led by a street educator, the group worked together to compose a storyline based on their experiences and to develop their acting skills by experimenting with different roles.

The children used a combination of memorisation and improvisation to develop the dialogue – each presentation being unique in its cast and its dialogue.

As the group progressively developed in its skills and as a team, it took an increased responsibility for decision-making, shaping both the structure and style of rehearsals and performances. Initially, they experimented with holding regular weekly rehearsals, but eventually settled into a routine of rehearsals in the week leading up to a scheduled performance. The money earned on a donation basis from the performances was managed by the group to cover expenses and a small allowance. It had been made clear from the outset that all income would be used for the drama group, and they would decide how to spend it. Although given credit from Sathsath to start, the group had to pay this back.

The considerable personal growth of several of the children, who emerged as leaders, encouraged all to work together more closely and after several months the cohesiveness of the group was quite remarkable. When these children had joined the drama group they were new to the centre and lacked confidence.

Once they became comfortable in their acting skills and their roles within the drama, they began to develop socially and became regulars at the centre. They began to assume more responsibility both within the drama group and at the centre as well, often being entrusted with the keys to the office.The drama developed as the children invested themselves more and began to take more interest in understanding the messages that the drama conveyed. Over time, they seemed to realise that the drama was an opportunity to tell their own stories.

on supporting children to realise their rights in the wider societal context. This means providing more opportunities for developing practical skills (such as critical thinking, problem-solving and effective communication) and supporting children to be able to analyse their situations and address their problems more effectively.

### Challenges and Constraints to the Participatory Process

This brief summary of our experience in promoting participation details the process we have initiated. However there remain significant challenges and constraints which we must address in taking the participatory process to its logical conclusion:

*Being inclusive of all children on the street*

**Perhaps the most fundamental challenge has been that of promoting children's participation while remaining open to all children on the street. It is important for Sathsath that all children have open and equal access to services and activities. Many children do not want to be involved in group participation, prioritising their individual freedom. Marginalisation should not be reinforced by a process which focuses on groups of children to the exclusion of others.**

**However, given the mobility of children on the street and the ensuing lack of continuity in groups, this raises problems in promoting participation. A good example is that of a contact centre established by Sathsath together with the strong involvement of a group of twenty children. The centre was open to all children on the street. With over three hundred**

different children visiting the regular children found it difficult to feel a sense of ownership or responsibility.

## Guaranteeing Children's Participation

Staff have played the most important role in promoting and ensuring children's participation at Sathsath and there is a strong emphasis on personal responsibility. However, an important consideration for Sathsath has been in looking for ways to guarantee children's participation in the programme and organisation. To this point, children's participation has been dependent on staff allowing children to be involved in decision-making, not in children having the power to make decisions. Unless children have real power, children's participation is arbitrary.

The challenge is to develop a mechanism to guarantee involvement in decision-making. Informal structures (which develop organically in small groups and are an important factor of street life) have been effective in small-scale activities such as the street drama group but are not suitable on a large-scale. We have found formal arrangements, such as councils, meaningless to the majority of children and have a tendency to be exclusive. There is a need to develop innovative inclusive models to guarantee children's participation in the long-term.

## Project Planning and Assessing Change

The key to children's participation is that children direct the nature, pace and ultimate objectives of interventions. Predicting outcomes or making assumptions about what they will do undermines this process. This creates challenges in working with donors who require detailed summaries of activities, outcomes and budgets.

There are also difficulties in assessing the impact of a participatory approach. Given that the nature of change is largely qualitative it is difficult to do so in an 'objective' way, especially on a small-scale. There is a need to develop effective tools appropriate for assessing the impact of a participatory approach.

*Defining children's competence*

Finally, there is a methodological issue at the heart of the discourse of children's participation. Children's participation is generally qualified in terms of competence – in the case of UN Convention on the Rights of the Child, "the views of the child being given due weight in accordance with the age and maturity of the child" (Article 12). This remains a controversial and subjective judgement that is difficult to work with practically, especially when working with young children at risk.

**"They earn for themselves in our name."**

One of the most important determinants in working with children on the street is building a relationship based on mutual respect. Through a participatory approach we have been able to gain the trust of the children that we work with, making our work more effective.

On the street and at our day centre, children have consistently prioritised education/training and a home of their own above other needs. In most cases, they have fully invested themselves into the projects and activities that they have identified, committing time and money and taking on responsibilities. Children's focus has moved away from the immediate benefits that they can obtain from Sathsath.

The most significant outcome has been the personal development of those involved. There has been a marked increase in children's confidence, self-esteem, and their ability to deal with problems. Most importantly, the participatory process has created an atmosphere of possibility, inspiring children to set goals and go about achieving them.

The process has been challenging. It has involved risk (relinquishing power), and required a significant commitment of time and energy. However, it has been rewarding and we have learnt together with the children. Key has been a realism to the process – participation is not a prescribed set of tools to apply to children, but a strong belief in the competence and ability of children.

*The author is the Program Development Manager at Sathsath.*

**Footnotes:**

1 Sathsath uses the term "children on the street" to recognise and underline the diversity of children living and working on the street.

# बालपत्रिका र बालबालिका

❖ लोकेन्द्र शाक्य

बालबालिकालाई मिठो खाना राम्रो नाना, र पाठ्यक्रममा राखिएको शिक्षाले मात्र पुग्दैन । उनीहरूलाई बालसाहित्य अन्तर्गतको बालपत्रिका पनि आजको दिनमा अपरिहार्य भएको छ । बालसाहित्यका कथाकथौरी, कविता लघुउपन्यास, अड्काहस्यौली, पजल, गेम आदिलाई एउटै भान्सा बनाएर पस्किएको पुस्तिका वा पुस्तकलाई नै बालपत्रिका भन्ने गरिन्छ ।

नेपाली बालपत्रिकाको इतिहासमा हेर्दा बि. सं. २००८ सालमा धनमान सिंह परियारको सम्पादनमा बाल सखादलयद्वारा प्रकाशित "बालसखा" पत्रिका नै नेपालको पहिलो बालपत्रिका हो । त्यसपछिका दिनहरूमा विभिन्न साहित्यकारद्वारा बालपत्रिका प्रकाशन गर्ने लहर आयो । कालान्तरमा ती बालपत्रिकाहरू विभिन्न कारणहरूले गर्दा बन्द हुन पुगे । आज ती बाल पत्रिकाहरूको इतिहास मात्रै बाँकी छन् ।

आजभन्दा ३७ वर्ष अगाडि अर्थात् ०२३०/०१९८ सालमा नेपाल बाल संगठनको प्रकाशनमा प्रेमकुमार कसजुद्वारा सम्पादित पहिलो "बालक" बालपत्रिका विभिन्न समयमा निस्कँदै बन्द हुँदै आज नयाँ साजसज्जाका साथ द्वैमासिक रूपमा प्रकाशित हुँदै आएको छ । हाल यस पत्रिकाको सम्पादक मण्डलमा राजेश्वर निरौला, दीपक सापकोटा, र कार्तिकेय घिमिरे रहनुभएको छ ।

बालपत्रिकाको प्रकाशन वि.स. २०४७ साललाई सुनौलो वर्षका रूपमा मान्न सकिन्छ । सोही वर्ष प्रकाशीत बाल पत्रिकाहरू "बाल सरोकार", "मुना", र "सुनकेश्रा" आजसम्म पनि प्रकाशित नै छन्

"मुना" बालपत्रिकाले बालबालिकाको चाहना अनुरूपको बालसामग्री प्रस्तुत गरेर नै आज प्रतिमहिना ५० हजारभन्दा माथिको संख्यामा बिक्रीवितरण गर्दै आएको जानकारीमा छ ।

एकबखत बालबालिकाका स्कूलस्कूलमा, गाउँघर, शहर, टोल र जिल्लाजिल्लामा आफैं झोलामा पत्रिका बोकेर घुम्दैघुम्दै पत्रिका बेची हिँड्ने ( खगेन्द्र संग्रौलाको बोलीमा ल्याटवाला हुलाकी) शान्तदास मानन्धरको सम्पादन र प्रकाशनमा प्रकाशित "बालकोसेली" (२०३९) बालपत्रिकालाई उत्कृष्ट बालपत्रिकाको नमुना मान्न सकिन्छ । आज यस पत्रिकाको नयाँ अंक घरीघरी देख्न पाइन्छ ।

वि.स. २०५४ सालको शुरूवातसँगै प्रकाशन भएको "नव प्रतिभा" बालपत्रिकालाई बालसहभागितामूलक बालपत्रिका भन्न सकिन्छ । वि.स. २०५६ कार्तिक १७ औ अंकसम्म अविरल प्रकाशन भएको यस पत्रिकाले २ वर्षपछि पुन: वि.सं. २०५८ फाल्गुनमा नयाँ सज्जाका साथ १८ औ अंक प्रकाशनमा ल्याएको छ । वि.सं. २०५५।२०५६ सालमा बालमञ्जरी, नानी, गन्तव्य, विद्यार्थीमञ्च, स्कूल डाइजेष्ट, आदि बालपत्रिका प्रकाशनमा आए तर आजभोली "नानी" बाहेक अन्य सबै बन्द हुन पुगेका छन् ।



## बालपत्रिका प्रकाशनको सूची

| सम्पादक | मिति | पत्रिका |
|---|---|---|
| धनमान सिंह परियार | २००८ | बालसखा |
| नरेन्द्र रेग्मी | २०१५ | केटाकेटी |
| बलबहादुर सुन्दास | २०१५ | बाल साहित्य |
| देवीप्रसाद काफ्ले | २०१६ | घामछायाँ |
| रामचन्द्र न्यौपाने | २०१९ | बालपत्रिका |
| प्रेमकुमार कसजु | २०२२ | बालक |
| रामेश्वर चालिसे | २०२३ | कोपिला |
| यादव जोशी | २०२८ | ध्रुवतारा |
| जगतबहादुर जोशी | २०३४ | बाल विकास |
| दिनकर तुलाचन | २०३५ | बाल बुलेटिन |
| हसना शाक्य | २०३५ | खेलौना |
| शान्तदास मानन्धर | २०३९ | बालकोसेली |
| रामबाबु दाहाल | २०३६ | नवागन्तुक |
| डा. ध्रुवचन्द्र गौतम | २०३९ | कलिलो |
| शान्तदास मानन्धर | २०३९ | बालकोसेली |
| डा. चुडामणि बन्धु | २०४५ | बालसाहित्य |
| भुवनेश्वरी सत्याल | २०४६ | चिचिला |
| खगेन्द्र संग्रौला | २०४७ | प्रतिभा |
| गोकुलप्रसाद पोखरेल | २०४७ | मुना |
| नवराज कार्की | २०४७ | किशोर |
| गौरी प्रधान | २०४७ | बालसरोकार |
| नवराज अधिकारी | २०४७ | बालमञ्च |
| नुपूर भट्टचार्य | २०४७ | सुनकेश्रा |

| सम्पादक | मिति | पत्रिका |
|---|---|---|
| जगन्नाथ देवकोटा | २०४८ | बालसुधा |
| सीता कोइराला | २०५१ | बालसाथी |
| माधव ढुंगेल | २०५३ | बाल अमृतधारा |
| बी.बी. भुजेल | २०५३ | फूलबारी |
| राधा बुढाथोकी | २०५४ | नव प्रतिभा |
| सुबोध श्रेष्ठ | २०५४ | ढिकीच्याँउ |
| धनेन्द्र शर्मा | २०५५ | नानी |
| सपना पोखेल | २०५५ | बालमञ्जरी |
| तेजप्रकाश चौलागाई | २०५६ | स्कूल डाइजेष्ट |
| स्वयंप्रकाश श्रेष्ठ | २०५६ | चिल्ड्रेन डाइजेष्ट |
| गोपीकृष्ण काफ्ले | २०५६ | विद्यार्थी मञ्च |
| होम सुवेदी | २०५६ | गन्तव्य |
| शाश्वत पराजुली | २०५६ | मेला |
| शाश्वत पराजुली | २०५६ | लक्ष्य |
| धनेन्द्र शर्मा | २०५८ | जिज्ञासा |
| महेश बुढाएर | २०५८ | कञ्चन कोसेली |
| **संस्थागत प्रकाशन** | | |
| शकुन्तला सुब्बा | २०५० | बालअभिव्यक्ति |
| विजय सैंजु | २०५२ | बालवातावरण |
| चन्द्रनाथ सापकोटा | २०५२ | बालआवाज |
| केदार सुवेदी | २०५४ | बालसौगात |
| शोभा जोशी | २०५८ | बालतारा |

# Children's Participation in Sri Lanka's Interactive Media Group

❖ Uditha unaratne

Srilanka Interactive Media Group is a Non-governmental, non-profit making organization working towards the development of underprivileged communities by enhancing their understanding, changing their attitudes and behavior patterns through practical activities

*Philosophy:*

Problem, the cause of problem, solution of the problem, the method of solving the problem.

Knowledge, attitudinal development, practical ways changing behavioural patterns and similar Methodology is practised

*Mission:*

Sri Lanka Interactive Media Group Colombo is an organisation working on total development of risk based children, specially those who face problems such as violation of child rights, poverty, drug addiction, HIV/AIDS, environmental pollution, mental agony and raise their living standards by minimising the risks and utilising the concept of interaction technology and implementing programs.

*Goal:*

The goal of the organisation is Education for Social Change

### The importance and necessity of children`s participation

The importance and the absolute necessity of children`s participation is more and more acknowledged.

Sri Lanka Interactive Media Group- Colombo celebrates this year 11 th. anniversary and welcomes you and your organization to continue to join us in our effort in facilitating full and meaningful participation throughout Sri Lanka.

Sri Lanka Interactive Media Group- Colombo has as a part of the South Asian Task Force adopted the definition of children's participation as framed in the second meeting of the CWA South Asian Task Force on Children's Participation was held in Bangalore, India from November 27 to 29, 2002.

Our journey has brought us so far into these projects/ programmes, among others.

### Interactive Children's movement

Our first Interactive children's society was formed in 1995. Since then five societies and a number of children and youth have got the opportunity to develop their skills and talents. Through full and meaningful participation in the following activities their voice have been heard:

- Monthly, quarterly and yearly meetings
- Production of an interactive newsletter
- Cultural activities as art/sports/drama festivals
- Child to child support
- Street plays and awareness programmes
- Involvement in the Youth Millennium project

### National network of Children's Organizations

This network was activated in 1998 with the objective of getting together national communities efforts in pursuing and promoting children's rights. Up till now this Network has completed many different pilot programmes.

- Meeting with the parliamentary lobby for child rights
- Conducting activities as the Millennium drawing and wallpaper
- Children's dues camp

### Commemoration of International Children's day & children's dues activities

After identifying the "Children's dues" concept as the ultimate result of activities in 1995, our organization carried out the Children Dues activity programme and the International Children's day commemoration annually. These programmes were carried out with the children who had faced social injustice and indifference.

- A variety of entertainment shows and art exhibitions.
- Friendly demonstration
- "Free independent evening" at Colombo Viharamaha Devi Park.
- Interactive exhibition
- Children's street play and awareness campaigns.

**Children Summits**

The main motive for organizing children's summits is "Enable children to contribute in activities aiming at the overall goals, governance, participation and citizenship". Representatives of childrens groups with various difficulties and social problems have got the opportunity to discuss their problems and put forward advisable solutions direct to government authorities.

· 1999 First ever children's summit in Sri Lanka.

· 2001 The first children summit in the new Millennium

· 2001 Children's Dues camp and Student Leaders Summit

· 2002 Children summit on Domestic Labor

**Urgent Action to Safeguard Child Rights Campaign:**

This programme was implemented in 1999 with the purpose of preventing children from being employed in any act which are detrimental to their physical, mental, spiritual, intellectual and social development.

· Core groups were formed in 12 districts.

· Training of the childrens groups in major schools in the district

· Further training for selected student representatives.

· Interactive physical and psychological exhibitions were held

· Child to child support programmes were started

· A hand book on child rights is prepared v

*The author is media / technical adviser at SLIMG, Colombo.*

## Statement of the South Asian Task Force on Children's Participation

The second meeting of the CWA South Asian Task Force on Children's Participation was held in Bangalore, India from November 27 to 29, 2002, hosted by the Concerned for Working Children. This Task Force consists of 7 child representatives from 7 children's organisations and an equal number of adult representatives from NGOs working on the issue of child labour and children's rights in Bangladesh, India, Nepal, Pakistan, and Sri Lanka. Our members from Pakistan could not join us here in India, as they were not granted the visa. Their absence was strongly felt and overcoming such obstacles is one of the big challenges ahead of us.

The Task Force is organised to ensure children's participation in South Asia at all levels of action related to child labour and children's rights.

**The Task Force has adopted the following definition of children's participation:**

*Children's participation is an informed and willing involvement of all children including those who are differently abled and those at risk, in any matter concerning them either directly or indirectly, in a spirit of partnership. Children's Participation should be genuine, and an empowering process from the inception of any action.*

*Children's participation is the most important principle and element in CRC that cuts across all other rights, namely: the right to development, survival and protection*

*Children's participation is an evolving concept; it is a value, which cuts across all programmes and takes place in all arenas - from homes to governments, from local to international levels.*

*Children's participation enables children to:*

- *'belong'*
- *'be heard'*
- *'be important'*
- *'contribute'*
- *'get to know their problems and solve them'*
- *'participate in all decision making forums '*
- *'develop their potentials and talents'*
- *'learn',*
- *'be a continuing part of many solutions'*
- *'be organised for making collective efforts' and 'interact and build relations with adults*

*Children's participation should not be tokenistic and adults should not use children and their spaces to earn money. Adults have the responsibility to remove the hurdles, which hamper children's participation, and create conducive environments for children to participate.*

Children also have a responsibility to make their participation a reality.

In order to realise children's participation, as defined, this meeting of the Task Force formulated a plan of action for the period of 2003-2006. The plan aims to enhance the understanding of children's participation, build capacities of adults and children in facilitating children's participation, and to create spaces for children to participate in their families, communities, schools, governance, and policy making. Some of the key activities planned include a Regional Training of Trainers (TOT) for child and adult facilitators, a Theatre Sports Festival and a Thematic Workshop on children's participation in Asia, a Regional Consultation with regional policy makers and a joint regional programme with the CWA South East Asian Task Force on children's participation. Representatives from Bhutan and Maldives will be identified and invited to join the Task Force in order to strengthen our regional action.

This South Asian Task Force is, to our knowledge, perhaps the first South Asian regional initiative placing children and adults as equal partners in conceptualising, planning and implementing a regional programme. We at the Task Force realise that this is an exciting challenge and a continuous learning process for all of us.

Our youngest member, Udaya Prasad (13 years) from Sri Lanka said, "Those who will live in the house should plan the house". This, in a sense, is the essence of children's participation. All we need now is the wisdom and perseverance to transform this knowledge into a reality for all children of our region and the world.

We look forward to your solidarity.

**Members of the CWA South Asian Task Force on Children's Participation**

- Arunodhaya Center for Street and Working Children, India
- Arunodhaya Children's Club, India
- Bhima Sangha, India
- Child Workers in Nepal, Nepal
- CONCERN Child Participatory Forum, Nepal
- Concern for Children and Environment, Nepal
- CWIN Child Rights Forum, Nepal
- National Network of Children's Organisations, Sri Lanka
- Sri Lanka Interactive Media Group, Sri Lanka
- Society for the Protection of the Rights of the Child, Pakistan
- SPARC Children's Group, Pakistan
- The Concerned for Working Children, India
- UCEP Student's Group, Bangladesh
- Underprivileged Children Education Program, Bangladesh

❖ *November 30, 2002, Bangalore, India*

# सन् २००२ मा कन्सोर्टियमका मुख्य कार्यक्रमहरू

### पहिलो चरण : सहजकर्ता तालिम


कन्सोर्टियमका सदस्य संस्थाहरूले आफ्ना अथवा सहयोग गरिएका संस्थाहरूबाट व्यक्तिहरूलाई कन्सोर्टियममा केही समयका निम्ति नियुक्त गर्छन् । यस समयमा उनीहरू बालक्लब अभियानलाई योगदान पुऱ्याउन सक्ने क्षमताको विकास गर्ने प्रयास गर्छन् ।

यसै सिलसिलामा पहिलो चरणको सहजकर्ता/बालसहभागिता र सशक्तीकरणका सहजीकरण सीपसम्बन्धी तालिमहरू १३ देखि २० जनवरी २००२ मा सञ्चालन गरियो । उक्त तालिममा २३ जना सहभागी/बालसहजकर्ताहरूले तालिम प्राप्त गरे ।

### कन्सोर्टियम बालसल्लाहकार मञ्चका बैठकहरू

कन्सोर्टियमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन कार्यमा बालबालिकाहरूको सक्रिय सहभागिता र उनीहरूको विचारको कदर गर्न यस वर्ष बालसल्लाहकार मञ्चको गठन गरियो । बालबालिका चयनसम्बन्धी उक्त प्रक्रियामा बालबालिकाको मनोनयन गर्न पहिले सम्बन्धित संस्थाहरूलाई आग्रह गरियो । सदस्य छनौटका लागि कन्सोर्टियमको सञ्चालक समितिबाट एउटा छनौट समिति गठन गरियो । उक्त समितिले पूर्वाधारहरू तयार गरेर सोही अनुरूप १५ बालबालिका सहभागी भएको उक्त समूहको गठन गरियो ।

बालबालिकाको सुझाव अनुसार यस मञ्चको बैठक वर्षको २ पटक गर्ने निर्णय भयो । पहिलो बैठक मार्च ९ र १० र दोश्रो बैठक डिसेम्बर १५ र १६ मा सम्पन्न भयो ।



उक्त बैठकहरूमा बालबालिकाले कन्सोर्टियमको वार्षिक कार्ययोजनामा आफ्ना सुझावहरू पेश गरे, आफ्ना भूमिका र उत्तरदायित्वहरू तयार गरे । पहिलो र दोश्रो बैठकका बीचमा भएका समस्या र सिकाईहरूमा आधारित रहेर पहिलो बैठकमा तयार गरिएका भूमिका र उत्तरदायित्वहरूमा सदस्यहरूले व्यवहारिक किसिमले परिवर्तन गरेका थिए ।



### तेश्रो चरण सहजकर्ता तालिम

पहिलो चरणका तालिम प्राप्त सहभागीहरूको तेस्रो चरणको तालिम ६ देखि ११ जुलाईमा सम्पन्न भयो । उक्त तालिम पहिलो चरणका सिकाइहरूलाई कार्यान्वयन गर्दा आइपरेका चुनौतीहरू र थप आवश्यक विषयहरूमा केन्द्रित थियो ।

### सदस्य संस्थाहरूमा अनुगमन भ्रमण

यस वर्ष सदस्य संस्थाहरूमध्ये उप्का धरान, लुथरन वर्ल्ड फेडरेशन दमक, हेल्प नेपाल उर्लाबारी, बालबचाउ यु.के, दमक, युथ क्लब नारायणगढ, कन्सर्न नेपाल, काठमाडौं, लु: निभा, खोकना, र बालविकास केन्द्रका तालिम प्राप्त सहभागी बालसहजकर्ताहरूसँग भेटघाट गरियो । अनुगमन भ्रमणका निम्ति व्यवस्थापन, कार्यक्रम र बालबालिकाका लागि छुट्टाछुट्टै प्रश्नावली तयार गरिएको थियो । प्रत्यक्ष भेटघाट हुन नसकेका सदस्य संस्थाहरूलाई पनि सोही प्रश्नावली पठाइएको थियो । अनुगमन भ्रमण र प्राप्त प्रश्नावलीका जवाफहरूमा आधारित भएर तेस्रो चरणको तालिमको योजना तयार गरियो । उक्त भ्रमणका सिकाइहरू यस प्रकारका थिए–

- तालिम प्राप्त सहभागीहरूको संस्थामा विभिन्न भूमिका र उत्तरदायित्वहरू भएकाले तालिमका सिकाइहरू कार्यान्वयन गर्न समस्या भएको पाइयो ।

- सदस्य संस्थाहरूले कन्सोर्टियमका उद्देश्यहरू र आफु सदस्य भएपछिका भूमिकाहरू मनन नगरेको पाइयो ।
- हरेक संस्थाको आफ्नो छुट्टै आशा र आवश्यकताहरू छन् जो कन्सोर्टियमका उद्देश्य र तालिमका उद्देश्यहरूसँग मेल खाँदैनन् ।

आगामी दिनहरूमा कन्सोर्टियमको सदस्यता प्रदान गर्दा सञ्चालक समितिले उल्लिखित सिकाइहरूमा मनन गर्नुपर्ने देखियो ।

## आवेदक संस्थाहरूलाई सदस्यता


सन् २००२ मा ४ वटा नयाँ संस्थाहरूलाई कन्सोर्टियमको अवलोकनकर्ता सदस्यता प्रदान गरियो जसमा गाजा युवा क्लब/वाग्लुङ, एक्का/काठमाडौं, विड्स/ सुर्खेत, र पाटन, सिविआर थिए ।

यस वर्ष ७ वटा अवलोकनकर्ता सदस्यहरूको कन्सोर्टियमसँगको आबद्धता र समयावधिका आधारमा यस कन्सोर्टियमको सञ्चालक समितिको बैठकको निर्णय अनुसार पूर्ण सदस्यता प्रदान गरियो । यसरी पूर्ण सदस्यता प्राप्त गर्नेहरूमा बेस/कैलाली, भवानी एकीकृत विकास केन्द्र/ सिराहा, युथ क्लब नारायणगढ, एन.एन.एस डब्लु. ए./कञ्चनपुर, अफोर्ड-नेपाल/कपिलवस्तु, सिविस/ काठमाडौं, र जानकी महिला जागरण समाज/धनुषा रहेका छन् ।

हाल आएर कन्सोर्टियमका सदस्य संस्थाहरू ३२ वटा पुगेका छन् भने यी संस्थाहरूले आफैं सञ्चालन गरेका र सहयोगद्वारा सञ्चालित गरी करिब १८७१ बालक्लबमा लगभग ७० हजारभन्दा बढी बालबालिकाको संलग्नता रहेको पाइएको छ ।

## राष्ट्रिय कार्ययोजनाको तयारीका क्रममा बालबालिका तथा युवाहरूसँग परामर्शका निम्ति निर्देशिका तयारी कार्यशाला गोष्ठी

देशका पाँचै विकास क्षेत्रबाट २७ जना बालप्रतिनिधिहरूसँग अप्रिल १६ र १७ मा एउटा कार्यशाला गोष्ठी सञ्चालन गरियो । यसमा बालअधिकारका सरोकारवाला तथा बालबालिकाले सरकारद्वारा निर्माण भएको राष्ट्रिय योजनामा सहभागितासम्बन्धी आफ्ना विचारहरू व्यक्त गरे । त्यसका आधारमा एउटा निर्देशिका तयार गरियो । यस निर्देशिकाका मुख्य बुँदाहरू यसप्रकार रहेका थिए–



- नागरिक समाज र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैहसरकारी संस्थाहरूबाट बालबालिका र युवावर्गले आशा गरेका सहयोगहरू
- सरकारी निकायबाट बालबालिकाले राखेका परिवर्तन र आशाहरू
- राष्ट्रिय कार्ययोजनाको विकासमा बालसहभागितालाई सहजीकरण गर्न सरकारबाट आवश्यक पर्ने सहयोग
- बालबालिका र युवावर्गसँग सरकार काम गर्न इच्छुक नभएमा सम्भावित विकल्पहरू
- बालबालिका र युवावर्गको राष्ट्रिय कार्य योजना तयारी प्रक्रियामा संलग्नताको महत्व
- बालबालिका र युवावर्गलाई चाहिने सहयोगहरू
- सबै प्रकारका बालबालिकाको सहभागिता सुनिश्चित गर्ने तरिकाहरू
- सरकारी निकायको साझेदारीमा बालबालिकाले गरेका कार्यहरूको पुनरावलोकन
- राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन र अनुगमनमा बालबालिका र युवावर्गको संलग्नताको दीर्घकालीन प्रभाव

## अन्तर्राष्ट्रिय बालअधिकार दिवसको अवसरमा कार्यक्रम

हरेक वर्ष कन्सोर्टियमले अन्तर्राष्ट्रिय बालअधिकारको दिन केही दैनिक पत्रिकामा आह्वानहरू प्रकाशन गर्दै आइरहेको छ । सन् २००२ मा पनि गोरखापत्र र कान्तिपुर दैनिकमा व्यक्ति परिवार, समुदाय, स्कूल, संघसंस्थाहरू र सरकारी निकायलाई बालबालिकाको सर्वोत्तम हित र हरेक क्षेत्रमा उनीहरूको सहभागिताको लागि आह्वान गरियो । साथै कन्सोर्टियमको छोटो परिचय र सदस्य संस्थाहरूको

नाम प्रकाशित गरियो । यस प्रकाशनले देशव्यापीरूपमा बालसहभागिता र कन्सोर्टियमको प्रचार प्रसारमा टेवा पुऱ्याएको छ ।

### पहिलो चरण सहजीकरण तालिम

कन्सोर्टियम स्थापना कालदेखि चल्दै आइरहेका चरणबद्ध सहजीकरण तालिमको पहिलो चरणको तालिम २३ देखि ३० अक्टोबर, २००२ मा सञ्चालन गरियो । सो तालिममा सदस्य संस्थाहरूबाट २८ जना बालक्लब सहजकर्ताहरूको सहभागिता रहेको थियो । तालिमका उद्देश्यहरू र मुख्य सत्रहरू यथावतै रहेका थिए । यस तालिममा निम्न कुराहरू देखा परे–

- केही सदस्य संस्थाहरूले सहभागी छनौटका आधारहरू मनन नगरी लक्षित समूहका सहभागीहरू नपठाएको पाइयो ।
- बालक्लबका मुख्य चुनौतीहरूमा नेतृत्व हस्तान्तरण आयआर्जन र परिचालन, व्यवस्थापन, आर्थिक व्यवस्थापनको सुदृढीकरण, समान र प्रजातान्त्रिक रूपमा अवसरहरूको प्रयोग, सहजकर्ताका संस्थामा विविध भूमिका, पढाइमा अवरोध, सहजकर्ताहरूको विश्लेषणात्मक अभ्यास र अन्य सीपहरूबारे सम्बन्धित संस्थाहरूका सहभागीहरूको आशा ।

### अर्द्धवार्षिक प्रकाशन

सन् २००२ देखि कन्सोर्टियमले आफ्नो अर्द्धवार्षिक प्रकाशनको शुरूआत गऱ्यो । यो प्रकाशन विशेषाङ्कका रूपमा रहने र पहिलो अङ्क बालक्लब विशेषाङ्कका रूपमा रह्यो । सदस्य संस्थाहरूबाट २० वटा लेखहरू समावेश गरिए । बालक्लबबारे जान्न खोज्ने र गठन गर्न चाहने व्यक्ति तथा संस्थाहरूलाई यो प्रकाशन एक सन्दर्भ सामग्रीका रूपमा रहेको पृष्ठपोषण हामीलाई प्राप्त भएको छ । आगामी दिनहरूमा पनि उक्त प्रकाशन निर्दिष्ट मुद्दा र सवालहरूमा विशेषाङ्कका रूपमा यथावत रहने छ ।

### वेभसाइट

सूचना प्रविधिको गतिशील प्रवाहलाई हातेमालो गर्दै सञ्चारको विकासका क्रममा यस वर्ष कन्सोर्टियमले आफ्नो वेभसाइट **childclubsconsortium.org.np** पनि निर्माण गऱ्यो । उक्त वेभ साइटबाट सदस्यता फाराम प्राप्त गर्ने व्यवस्थाका साथै सदस्य संस्थाका वेभसाइटहरू हेर्न र जान सक्ने व्यवस्था गरिएको छ । साथै नेपालमा बालक्लबका प्रमुख कार्यक्रमहरू, भूमिका र चुनौतीहरू समावेश गरिएको छ ।

### सञ्चालक समितिको पुनर्गठन

डिसेम्बर महिनामा सञ्चालक समितिको पुनर्गठन गरियो । हाल समितिमा बाल बचाउ नर्बे, बालबचाउ यु.यस, उप्का नेपाल, प्लान नेपाल, सिविन, पछौटेपन उन्मूलन समाज, र कन्सर्न नेपालबाट प्रतिनिधिहरू रहनुभएको छ ।

### बालक्लबका बालबालिकाका लागि सहजीकरण तालिम

विगत दिनहरूमा वयस्क सहजकर्ताहरूलाई तालिम सञ्चालन गर्ने उद्देश्यलाई यथावतै राखेर बालसल्लाहकार मञ्चको सुझावलाई मध्येनजर गरी यस वर्षदेखि बालक्लबका बालबालिकाका निम्ति पनि सहजीकरण तालिम सञ्चालन गर्ने निर्णय गरियो । सोही निर्णय अनुरूप १७ देखि २० डिसेम्बरमा १५ जना बालक्लबका बालबालिकाका निम्ति तालिम सञ्चालन गरियो ।

*यस तालिमका सिकाइहरूमा–*

- अझ बढी सहभागिता सुनिश्चित गर्नुपर्ने, तालिम अवधि बढाउनुपर्ने, स्रोत व्यक्तिहरू दुई जनाभन्दा बढीको व्यवस्था र बृहत् समूहका बालबालिकाको प्रतिनिधित्व र अपाङ्गता र अपाङ्ग बालबालिकाको सहभागिताबारे छलफलको आवश्यकता महसुस गरियो ।

### निष्कर्ष

संस्थापक सदस्यहरूको परिदृष्टि, अथक प्रयास र प्रतिवद्धताका साथ स्थापित यस कन्सोर्टियमको सञ्जाल देशभरि नै महसूस गर्न थालिएका तथ्य सदस्यताका निम्ति सङ्कलित आवेदनहरूले स्पष्ट पार्दछन् । संस्थागत अनुभव आदानप्रदान, संस्थाका कर्मचारीको दक्षता तथा सीपको मितव्ययी तरिकाले हुने विकास, बालअधिकार सम्बन्धी सीपविकास तथा प्रशिक्षणसम्बन्धी दक्षता अभिबृद्धि गर्ने एक साझा मञ्च वा थलोका रूपमा कन्सोर्टियम स्थापित भइसकेको छ । कन्सोर्टियमको भविष्य सुनिश्चितताका लागि सबै सदस्य संस्थाहरूको उत्तिकै भूमिका रहन्छ र उक्त कुरालाई मनन गर्दै कार्यान्वयनमा मद्दत गरेमा आउँदा दिनहरूमा देशमा बालअधिकारका बारेमा व्यापक जनलहर नै ल्याउन तथा यसबारे वकालत गर्न यो साझा समूह सफल हुने छ । ❖

# प्रभावकारी अन्तरवार्ताको लागि ध्यान दिनुपर्ने केही कुराहरू

वर्षौंदेखि बालबालिका वयस्कहरूको दान र दयाका पात्र भएका छन् । तर विस्तारै यो प्रष्ट रूपमा आएको छ कि बालबालिकाले आफ्ना बालआवाज नकारेमा बालबालिकाकै निम्ति गरिने कार्य र परियोजनाहरू विफल हुनसक्छ र गरेका कार्यहरू बालबालिकाका हितविपरित पनि हुन सक्छन् ।

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिमा उल्लेख भएअनुसार बालबालिकासँग सम्बन्धित कुनै पनि निर्णयमा बालबालिकाका सहभागिताको अधिकार छ । यसले के कुरा पुष्टि गर्छ भने हर बालक वा बालिका आफ्नो जीवनबारेको विशेषज्ञ हो ।

बालबालिकाबारे कुनै पनि कार्य वा परियोजना शुरू गर्नु, लेख लेख्नु वा जानकारी लिनु पर्दा उनीहरूका कुरा सुन्नु जरूरी छ । केही आधारहरू मनमा राखेमा तपाइको सम्पर्क अझ आफ्नो र बालक दुवैका निम्ति लाभदायक हुन्छ ।

| के गर्ने | किन गर्ने |
|---|---|
| १. पर्याप्त समय राख्नुहोस् | हतारहतार गर्दा विश्वास जित्न सकिदैंन । तपाइले हरेक चोटि घडी हेर्दा बालकले असुक्षित महसुस गर्छ र कुरा गर्दैन । |
| २. खुल्ला दिमाग, साँचो र आदरपूर्ण व्यवहार हुनुपर्छ । कहिले पनि दया देखाउनु हुन्न तर नम्रतापूर्वक बोलेर आफूले खोजेको अयलअभचल चासो देखाउनुहोस् । | सडक बालबालिका फोहरी हुन्छन् र त्यस्ता "बालबालिकासँग केही कुराहरू गर्नु हुन्न" जस्ता prejudice अवधारणहरूले दूरी बढाउँछ । यसले उनीहरूलाई खल्लो लाग्छ र तपाईलाई चाहिएको जानकारी पनि प्राप्त हुँदैन । |
| ३. कुरा गर्नलाई स्वीकृति लिनुहोस् । | बालकलाई अस्वीकार गर्ने अधिकार छ । |
| ४. कुरा गर्न शान्त ठाउँ रोज्नुहोस्, जहाँ कुनै बाधा छैन र धेरै दर्शक हुँदैनन् र बालक/बालिकाले पनि सुरक्षित ठान्छन् । ठाउँ ठीक छ वा छैन, मन पऱ्यो वा परेन भनेर सोध्नुहोस् । एउटै तहमा बस्नुहोस् | धेरै दर्शक र बाधाहरू भएमा एकाग्रता र सुसम्बन्ध नष्ट हुन्छ । आफ्नो मालिक वा अभिभावक छेउमा भए बालक/बालिकाले साँचो कुरा नभन्न सक्छन् । बालबालिकाले आफूलाई मन पर्ने व्यक्तिलाई सुरक्षित राख्न/बचाउनका लागि कुराहरू लुकाउन सक्छन् । तपाई भुइमा बसेर बालकलाई कुर्सीमा राखे एउटा दुरी बन्छ जसले अन्तवार्तालाई प्रभाव पार्छ । |
| ५. बालकबालिकाले आफ्नो परिचय गोप्य राख्न चाहेमा वा तिनका कुराहरू अन्य विदेशमा मात्र छाप्ने वा प्रयोग गर्ने अनुरोध गरेमा उक्त कुराको सम्मान गर्नुपर्छ । | केही विशेष कारणले गर्दा यस्तो अनुरोध गर्न सक्छन् जस्तै यौनशोषणमा परेका बालबालिकाले अरू कसैलाई आफ्ना कुरा नभनेका हुन सक्छन् र केही असर पर्न सक्छ भन्ने डर हुन्छ । |
| ६. तपाईं के हो र यो अन्तवार्ता केका लागि प्रयोग गरिन्छ भन्ने राम्ररी बुझाउनुहोस् । बालक/बालिकाले उक्त कुरा बुझेको र अन्तवार्ताक दिन मन्जुर भएको एकीन गर्नुहोस् । | बालबालिकालाई कोसँग र किन कुराकानी गरिरहेका छौं भन्ने जानकारी पाउने अधिकार छ । |
| ७. नोट लिंदा टेपरेकर्डरको प्रयोग गर्नुहोस् र फोटो खिच्दा | बालबालिकालाई आफूले बोलेका कुराहरू र आफ्नो तस्वीर |

| | |
|---|---|
| स्वीकृति लिनुहोस् । | के गरिन्छ भन्ने जान्ने र अस्वीकार गर्न सक्ने अधिकार छ । |
| ८. तपाइले पूर्वतयारी गरेको प्रश्नावली प्रयोग गर्न सक्नुहुन्छ तर थप प्रश्न र मुद्दाहरूमा छलफल गर्न खुल्ला हुनुहोस् । अन्तवार्ता लिनु पहिले नै योजना बनाउनु राम्रो हुन्छ । उक्त विषयमा अनुसन्धान गर्नु जरूरी छ । केही प्रश्नहरू पहिले नोट गरे सम्झन सजिलो हुन्छ । | अनुभवहरूले देखाएअनुसार प्रश्नावलीका तोकिएका प्रश्नहरूभन्दा बालबालिकासँग सोझै सञ्चार गरे अझ राम्रो र विस्तृत जानकारी पाउन सकिन्छ । |
| ९. एकपटकमा केवल एउटा प्रश्न गर्नुहोस् । सजिलो प्रश्नहरूबाट शुरू गर्नुहोस् जस्तैः नाम, उमेर सम्वेदनशील प्रशहरू बीचतिर राख्नुहोस् जस्तै जोखिमपूर्ण काम, भत्किएका सपना र आकंक्षाहरू, शोषणका कुराहरू । उत्तर दिन नचाहेमा अन्य प्रश्नतिर जानुहोस । अन्य प्रश्न गर्दा केही रमाइलो कुराबाट गर्नुहोस् जस्तो उसलाई मन पर्ने कुरा, कुनै सुखद् घटना इत्यादि....। | अन्तवार्ताको शुरू र अन्तमा सरल प्रश्नहरू राखे बालबालिका सजिलोपनको अनुभव गर्छन् । जहिले पनि बालबालिकाले अस्वीकार गर्न सक्ने अधिकार छ । अर्न्तवार्ताको दौरानमा बालक उदास भए त्यसबारे कुरा गर्नुहोस् र समाधान खोज्ने प्रयास गर्नुहोस् । |
| १०. ध्यानपूर्वक सुन्नुहोस् र बीचमा रोक्ने वा गल्ती सच्याउने प्रयास नगर्नुहोस् । | बालकले नजानी अप्रत्यक्ष रूपमा धेरै कुराहरू भन्न सक्छ तर तपाइले ध्यानपूर्वक नसुनेमा व्यक्तिगत कुरा विस्तृत रूपमा नभन्न सक्छन् । |
| ११. बालबालिकाले "यो बुझ्न सक्दैनन्" वा "यो गर्न सक्दैनन्" भनेर कहिले नसोच्नुहोस् वा नभन्नुहोस् | यदि बालकले बुझेन भने वा तपाईले सही भाषा र शब्दहरूमा शायद बुझाउन सक्नुभएन, यो तपाइको समस्या हो । |
| १२. शारीरिक हाउ-भाउलाई विषेश रूपमा ध्यान दिनुहोस् । | यदि बालक कुनामा बसेमा, जोडसँग हात बाँधेमा, बिस्तारै तपाइदेखि पर सर्दै गएमा शायद तपाइको व्यवहारले बालकलाई अप्ठ्यारो महसूस भएको हुनसक्छ । गाह्रो प्रश्न सोधेमा पनि यस्तो हुनसक्छ । केहीबेर सरल कुराहरूबारे छलफल गर्ने प्रयास गर्नुहोस् । |
| १३. यदि तपाइको बालकसँग घनिष्ठता छैन भने छुंदा वा शारीरिक स्पर्शले उप्ठ्यारो महसूस गर्छ । यदि त्यो पारस्परिक विश्वासको कारण वा बालक अति दुःखी छ र आफैं हात समात्न वा अंकमाल गर्न अग्रसर भएमा मात्र आफूले त्यसो गर्नुहोस् । | औसत मानिसहरूले घनिष्ठता नभई शारिरीक स्पर्श गर्ने हुँदा बालबलिकाहरू अप्ठ्यारो महसूस गर्छन् । |
| १४. कहिले पनि सम्पर्क गरिरहने वा तस्वीर पठाउने जस्ता पूरा गर्न नसक्ने कुराको आस्वासन नदिनुहोस् । | बाचा पूरा नगर्दा मन दुख्छ र व्यक्ति अरूलाई विश्वास नगर्ने बन्न सक्छ । |
| १५. बालकलाई पनि उसका तर्फबाट प्रश्नहरू सोध्ने मौका दिनुहोस् । | तपाइबारे जान्न ऊ पनि उत्सुक छ कि ? |

*उल्लेखित लेख बंगलादेश श्रमअध्ययन संस्थाको बालश्रम परियोजनाकी सल्लाहकार लोट्टे लाडेगार्डको लेखमा आधारित छ । उहाँ बालबालिकासम्बन्धी एक दशकभन्दा बढी अनुसन्धानहरूमा संलग्न हुनुहुन्छ ।*

# एफोर्ड अवेरनेस एवार्ड-२००२

बालअधिकारमा योगदान गर्ने अमेरिकी नागरिक प्रो. डा. रोजर हर्टलाई बालबालिकाका क्षेत्रमा कार्यरत गैह्र-सरकारी संस्था विकासका लागि जनचेतना (एफोर्ड- नेपाल) कपिलवस्तुले बाल हकअधिकारका क्षेत्रमा योगदान गर्ने व्यक्तिलाई प्रदान गर्ने एफोर्ड अवेरनेस अवार्ड–२००२ प्रदान गरिएको छ ।

बाल हकअधिकारका क्षेत्रमा कार्यरत ब्यक्ति तथा संघ-संस्थाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले उक्त एवार्ड प्रदान गर्न थालिएको हो ।



*प्रो. डा. रोजर हर्ट*

सिटी युनिभर्सिटी अफ न्यूयोर्क अमेरिकाको पि.एच.डी कार्यक्रममा वातावरणीय मनोबिज्ञान तथा विकास मनोबिज्ञानका प्राध्यापक डा. हर्टले भौतिक वातावरणमा बालबालिकाको सम्बन्ध विषयमा लामो अनुसन्धान गर्नु भएको । त्यसैगरी डा.हर्टले सहभागिता मूलक प्रजातन्त्रको विकास तथा समाजमा सहभागी बन्न बालबालिकाको सामाजिकीकरण र बाअधिकार संरक्षणमा पनि लामो अनुसन्धान, अनुभव र योगदान गर्ने भएको छ ।


सन् २००२ देखि हरेक वर्ष बालअधिकार र कल्याणका क्षेत्रमा कार्यरत संघ सस्था र ब्यक्तिहरूलाई प्रदान गरिने उक्त अवार्ड प्राप्त गर्न प्रतिस्पर्धि रहेका पाँच स्वदेशी/विदेशी नागरिकमध्ये अमेरिकी नागरिक डा. रोजर हार्टको योगदानलाई उत्कृष्ट ठहऱ्याई सो अवार्ड प्रदान गरिएको कुरा अफोर्ड- नेपालका अध्यक्ष राम अचल यादवले बताउनुभयो ।


उक्त विश्व विद्यालयमा बालबालिका वातावरण अनुसन्धान समूहका सह-निर्देशकसमेत रहेका डा. हार्टले बालअधिकार, गरिबी, विकास र वातावरण-लगायतका विषयमा पनि विभिन्न पुस्तक लेख्नुभएको छ ।

अफोर्ड-नेपालद्वारा डा. हार्टलाई अवार्ड प्रदान गरिएको जानकारी दिएपछि उक्त अवार्ड खुशीसाथ स्वीकारेको बताउनुभयो । त्यसैगरी उहाँले विकास र परिवर्तनका लागि समर्पित जनता भएको देश नेपालबाट पुरस्कार पाउनु ठूलो सम्मान भएको महसूस गरी प्राप्त अवार्ड आफ्नो कार्यालयको उच्चस्थानमा राखेको बताउनुभयो । डा. हार्टले 'नेपालमा केही समयदेखि भइरहेको हिंसा र अशान्तिले समस्याग्रस्त बनेको अवस्थाप्रति सहानुभूति रहेको छ' भन्नु भयो ।

*चक्रबहादुर क्षेत्री, अफोर्ड कपिलवस्तुद्वारा प्रेषित*

# कन्सोर्टियमका गतिविधिहरू










# कन्सोर्टियमका गतिविधिहरू









# Prevalence of Disability in Nepal

**Magnitude of Disability**

| | |
|---|---|
| 1981 Sample survey | 3% |
| WHO | 7-10% |
| BPEP | 4 – 5% (In district Household survey) |
| Situation analysis 2001 | 1.63% |
| Severely disabled person male | 53.6% |
| female | 46.4% govt. (NPC – UNICEF) |

**Types of Impairment & Disability**

| | |
|---|---|
| Visual Impairment: | 5.6% |
| Hearing and speech: | 38.5% |
| Physical disability: | 34.3% |
| M.R. : | 5.9% |
| Mental Illness & Epilepsy: | 15.7% |

**Causes**

| | |
|---|---|
| Disease | 53.6% |
| By birth | 28.9% |
| Accident | 17.6% |

## " Effect on Lives of People with Disability"

**Right to survival**

- Only 15.3% had visited health facilities for their treatment
- Mortality rate is 4 times higher than general people
- Assistive devices g Only 39 person out of 1240 received some kinds of assistive devices

**Right to protection**

- Discrimination
- No participation in social gatherings – more than 80%
- 63.7% felt difficult in marriage

**Right to Development**

- Education: No education at all disabled 68.2% and 77.70% in female – 59.6% male
- Vocational skill training – 2.9% (Over the 14 year)
- Occupation: 77.8%were not working & Totally dependent on family

**Right to participation**

- Over 14 year of age: Only 0.44% had been member in the any organization

***Source :** A situation analysis of disability in Nepal 2001 HMG-NPC*

# कन्सोर्टियमका सदस्य संस्थाहरू

### संस्थापक सदस्यहरू

सिविन (नेपाल बालमजदूर सरोकार केन्द्र)
कन्सर्न नेपाल
हातेमालो संचार
समुदायमा आधारित पुनर्स्थापना संस्था विराटनगर
सेभ द चिल्ड्रेन, यु.के.
सेभ द चिल्ड्रेन, नर्वे
सेभ द चिल्ड्रेन, यु.एस.
बाल विकास समाज
उप्का नेपाल, धरान
सेफ, नेपालगञ्ज

### पूर्ण सदस्यहरू

प्लान इन्टरनेशनल नेपाल
लुथरन वर्ड फेडरेशन
स्टुडेन्ट पार्टनरशिप वर्ल्डवाईड
समुदायमा आधारित पुनर्स्थापना संस्था भक्तपुर
पछौटेपन उन्मुलन समाज, पाल्पा
होस्टे हैंसे बाल विकास केन्द्र, तनहुँ
महिला आपसी सहयोग केन्द्र, लम्जुङ्ग
समाज उत्थान सहयोग केन्द्र, पाल्पा
ईन्द्रेणी समाज केन्द्र, पाल्पा
ईलाका बाल विकास समाज ,उदयपुर
लु निभा, खोकना
बेस, कैलाली
भवानी एकिकृत विकास केन्द्र, सिराह
युथ क्लब, नारायणगढ
एन.एन.एस. डब्लु. ए, महेन्द्रनगर
अफोर्ड नेपाल, कपिलवस्तु
सिविस, काठमाण्डौं
जानकी महिला जागरण समाज, धनुषा

### अवलोकनकर्ता

गाजा युवा क्लब, वाग्लुङ्ग
एक्का, काठमाण्डौं
समुदायमा आधारित पुनर्स्थापना संस्था, पाटन
विड्स, सुर्खेत


### विस्तृत जानकारीका लागि सम्पर्क

नेपालका बालक्लबहरूसंग
कार्यरत संस्थाहरूको साभा समूह
(कन्सोर्टीयम)
पो.ब.न. ६८२, काठमाण्डौ
फोनः ०१-५४२२०४
ईमेलः consortium@mos.com..np